# पर्वत जिल्लाका गजलकारहरू र तिनका गजलकृतिहरूको अध्ययन

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र**
**सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको**
**स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको**
**प्रयोजनका लागि**
**प्रस्तुत**

**शोधपत्र**

**शोधार्थी**
**सुनिल के.सी.**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६८

# पर्वत जिल्लाका गजलकारहरू र तिनका गजलकृतिहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको

स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ

पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

सुनिल के.सी.

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०६८

# शोधनिर्देशकको सिफारिस

**पर्वत जिल्लाका गजलकारहरू र तिनका गजलकृतिहरूको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र सुनिल के.सी.ले मेरो निर्देशनमा तयार गर्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि., नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

....................................

सह-प्रा.डा.कृष्णहरि बराल

(**शोधनिर्देशक**)

नेपाली केन्द्रीय विभाग

मितिः २०६८/०२/२० त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय,**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र सुनिल के.सी.ले त्रि.वि., स्नातकोत्तर तहमा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **पर्वत जिल्लाका गजलकारहरू र तिनका गजलकृतिहरूको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख, प्रा.राजेन्द्र सुवेदी ..................................

२. शोधनिर्देशक, स-प्रा.डा. कृष्णहरि बराल .................................

३. बाह्य परीक्षक, ........................ .................................

मितिः २०६८/०२/२२

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु **सह-प्रा.डा. कृष्णहरि बराल** कुशल निर्देशनमा तयार पारेको हुँ । यसको तयारीको क्रममा प्राध्यापन तथा विविध व्यवहारिक कार्यको व्यस्तताबीच पनि मलाई आफ्नो अमूल्य समय दिई शोधकार्यमा अभिप्रेरित गर्नुका साथै सचेत र सजग गराउँदै निरन्तरता प्रदान गरी प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समुचित मार्ग निर्देशन गरिदिनु हुने शोधनिर्देशक श्रद्धेय गुरूप्रति सर्वप्रथम हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.राजेन्द्र सुवेदीप्रति म कृतज्ञ छु । त्यसैगरी शोधपत्रको तयारीका क्रममा सहयोग, सुझाव र प्रेरणा दिनुहुने नेपाली केन्द्रीय विभागका आदरणीय गुरुहरूप्रति आभार प्रकट गर्दछु । यसै क्रममा आफ्नो जीवनका विविध पक्षको जानकारी दिई सहयोग गर्नुहुने पर्वत जिल्लाका गजलकारहरूप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधकार्यका लागि आवश्यक पुस्तक तथा पत्रपत्रिका सरल र सहज रूपमा उपलब्ध गराई सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस शोधकार्यका लागि आवश्यक सर-सल्लाह र सुझाव दिनुहुने प्रा.केशव सुवेदी, नेत्र एटमका साथै मित्र जगतमणि सोतीप्रति धन्यवाद दिन चाहन्छु । त्यस्तै उच्च शिक्षा हासिल गर्न प्रेरित र सहयोगको वातावरण निर्माण गरिदिनुहुने आमा राजकुमारी के.सी.प्रति अभार प्रकट गर्दछु । त्यस्तै घरको विविध क्षेत्रबाट सहयोग गर्ने श्रीमती मना के.सी.लाई पनि धन्यवाद दिन चाहन्छु । साथै हिमाञ्चल उ.मा.वि. नाङ्गी-२ राम्चे, म्याग्दीका प्रचार्य रमन पुन.लगायत सम्पूर्ण सहकर्मी शिक्षक साथीहरुले आ-आफ्नो ठाउँबाट सहयोग गरिदिनु भएको मा धन्यवाद दिन चाहन्छु । यस शोधपत्रलाई छिटो छरितो र सजक रूपमा टङ्कन गर्ने क्रिएटिभ कम्प्युटर सेन्टर नयाँ बजार कीर्तिपुरकी दिव्या क्षेत्री 'पूर्णिमा'लाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेस गर्दछु ।

........................

(सुनिल के.सी.)<br>
नेपाली केन्द्रीय विभाग<br>
त्रि.वि., कीर्तिपुर

शैक्षिक सत्र : २०६२/०६३<br>
क्रमाङ्क : ७१<br>
मिति : २०६८/०२/

## विषयसूची

**पृष्ठ**

**शोधनिर्देशकको सिफारिस**

**स्वीकृति पत्र**

**कृतज्ञताज्ञापन पत्र**

**पहिलो परिच्छेद : शोधपरिचय**

१.१ शोधशीर्षक १
१.२ शोधकार्यको प्रयोजन १
१.३ शोधविषय १
१.४ समस्याकथन १
१.५ शोधकार्यको उद्देश्य १
१.६ पूर्वकार्यको समीक्षा २
१.७ शोधकार्यको औचित्य ३
१.८ शोधपत्रको सीमाङ्कन ३
१.९ सामग्री सङ्कलन विधि ३
१.१० सैद्धान्तिक ढाँचा र शोधविधि ४
१.११ शोधपत्रको रूपरेखा ४

**दोस्रो परिच्छेद : पर्वतको साहित्यिक पृष्ठभूमिमा गजल परम्परा**

२.१ नामकरण ५
२.२ भौगोलिक एवम् प्राकृतिक परिचय ५
२.३ नदीनाला ६
२.४ गुफा, मन्दिर, गुम्बा र ऐतिहासिक दरबार ६
२.५ ताल, तलाउ र छहरा ६
२.६ जलवायु ७
२.७ वन ७
२.८ माटो ७
२.९ ऐतिहासिक पृष्ठभूमि ७
२.१० सामाजिक-सांस्कृतिक परिचय ७
२.११ जनसङ्ख्या विवरण ८

२.१२ पर्वतेली साहित्यको सङ्क्षिप्त इतिहास ८
२.१३ पर्वत जिल्लामा गजल रचनाको पृष्ठभूमि र परम्परा १२
२.१४ पर्वत जिल्लामा गजलको विकासका निम्ति पत्रपत्रिका र साहित्यिक सङ्घ सङ्ख्याहरूको योगदान १३

**तेस्रो – परिच्छेद : पर्वतका गजलकाहरू र तिनको गजलकृतिको अध्ययन**

**३.१ गजलकार शान्तिनारायण श्रेष्ठ र उनका गजल सङ्ग्रहरूमा सङ्ग्रहित गजलहरूको अध्ययन १५**
३.१.१ शान्तिनारायण श्रेष्ठका अनुभूति गजल सङ्ग्रहको विश्लेषण १५
३.१.१.१ संरचना १५
३.१.१.२ विषयवस्तु १६
३.१.१.३ लय १७
३.१.१.४ बिम्ब प्रतीक तथा अलङ्कार १७
३.१.१.५ भाषाशैली १९
३.१.१.६ निष्कर्ष १९
**३.१.२ *अजम्मरी माया* मा सङ्ग्रहीत गजलहरूको अध्ययन २०**
३.१.२.१. संरचना २०
३.१.२.२ विषयवस्तु २०
३.१.२.३ लय २२
३.१.२..४ विम्ब, प्रतीक र अलङ्कार २३
३.१.२.५ भाषा २५
३.१.२.६ निष्कर्ष २५
**३.२ इन्द्रकुमार विकल्प र उनको लाली गुराँस फुल्ने मन गजलहरूको अध्ययन २६**
३.२.१ संरचना २६
३.२.२ विषयवस्तु २७
३.२.३ लय २८
३.२.४ विम्ब, प्रतीक तथा अलङ्कार २९
३.२.५ भाषाशैली ३१
३.२.६ निष्कर्ष ३१
**३.३ सरस्वती शर्मा 'जिज्ञासु' र हुस्सुभित्रको घाम गजल सङ्ग्रहको अध्ययन ३२**
३.३.१ संरचना ३२
३.३.२ विषयवस्तु ३३

| | |
|---|---|
| ३.३.३ लय | ३५ |
| ३.३.४ बिम्ब, प्रतीक र अलङ्कार | ३६ |
| ३.३.५ भाषाशैली | ३८ |
| ३.३.६ निष्कर्ष | ३८ |
| **३.४ विक्रम विवशको जेल जिन्दगीको अध्ययन** **३८** | |
| ३.४.१ संरचना | ३९ |
| ३.४.२ विषयवस्तु | ४० |
| ३.४.३ लय | ४१ |
| ३.४.४ विम्ब , प्रतीक र अलङ्कार | ४२ |
| ३.४.५ भाषा | ४५ |
| ३.४.६ निष्कर्ष | ४५ |
| **३.५ कृष्णादेवी शर्मा (श्रेष्ठ) र उनको निर्झरिणीमा सङ्ग्रहित गजलहरूको अध्ययन** | **४५** |
| ३.५.१ संरचना | ४६ |
| ३.५.२ विषयवस्तु | ४७ |
| ३.५.३ लय | ४८ |
| ३.५.४ बिम्ब, प्रतीक र अलङ्कार | ४९ |
| ३.५.५ भाषाशैली | ५१ |
| ३.५.६ निष्कर्ष | ५१ |
| **३.६ उषाका किरणमा सङ्ग्रहित उषा आचार्यका गजलहरूको अध्ययन** | **५१** |
| ३.६.१ संरचना | ५१ |
| ३.६.२ विषयवस्तु | ५२ |
| ३.६.३ लय | ५३ |
| ३.६.४ विम्ब र प्रतीक र अलङ्कार | ५४ |
| ३.६.५ भाषाशैली | ५६ |
| ३.६.६ शब्दप्रयोग | ५६ |
| **३.७ रेणुका जि.सी र उनको ज्वलनका अभिव्यक्तिहरू** | **५६** |
| ३.७.१ संरचना | ५७ |
| ३.७.२ विषयवस्तु | ५७ |
| ३.७.३ लय | ५८ |
| ३.७.४ विम्ब, प्रतीक तथा अलङ्कार | ५९ |
| ३.७.५ भाषाशैली | ६१ |
| ३.७.६ निष्कर्ष | ६१ |

**३.८ मिलन विछोड कार्कीको विछोडका चोटहरूमा सङ्ग्रहित गजलहरूको अध्ययन** **६१**
**३.८.१ गजलकार मिलन विछोड कार्कीको विछोडका चोटहरू अध्ययन** **६१**
३.८.१.१ संरचना ६१
३.८.१.२ विषयवस्तु ६२
३.८.१.३ लय ६३
३.८.१.४ विम्ब, प्रतीक र अलङ्कार ६४
३.८.१.५ भाषा ६५
३.८.१.६ निष्कर्ष ६६
**३.८.२ मिलन विछोड कार्की र प्रतीक्षित नयनहरू या सङग्रहीत गजलहरूको अध्ययन** **६६**
३.८.२ मिलन विछोड कार्कीको प्रतीक्षित नयनहरू अध्ययन ६६
३.८.२.१ संरचना ६७
३.८.२.२ विषयवस्तु ६८
३.८.२.३ लय ६८
३.८.२.४ विम्ब, प्रतीक र अलङ्कारको प्रयोग ६९
३.८.२.५ भाषा ७०
३.८.२.६ निष्कर्ष ७०
**३.९ इन्द्रमान खत्री र उनको मनको तृष्णामा सङग्रहीत गजलहरूको अध्ययन** **७१**
३.९.१ संरचना ७१
३.९.२ विषयवस्तु ७२
३.९.३ लय ७४
३.९.४ बिम्ब प्रतीक तथा अलङ्कार ७४
३.९.५ भाषा ७६
३.९.६ निष्कर्ष ७७
**३.१०. डिआर शर्मा र उनको *पहाडको झनना*मा सङ्ग्रहीत गजलहरूको अध्ययन** **७७**
३.१०.१. संरचना ७७
३.१०.२ विषयवस्तु ७८
३.१०.३ लय ७९
३.१०.४ बिम्ब, प्रतिक तथा अलङ्कार ७९
३.१०.५ भाषा ८१
३.१०.६ निष्कर्ष ८१
**चौथो परिच्छेद : उपसंहार** ८२
सन्दर्भसामग्री ८५
**परिशिष्ट**

# पहिलो परिच्छेद
# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **पर्वत जिल्लाका गजलकारहरू र तिनका गजलकृतिहरूको अध्ययन** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

### १.३ शोधविषय

नेपाली साहित्यको विकासमा अन्य जिल्लाहरूको जस्तै पर्वत जिल्लाले पनि योगदान दिँदै आइरहेको छ । अझ त्यस माथि हरेकलाई मोहित पार्न सक्ने लयात्मक झङ्कृति भएको साहित्यको आफैमा स्वतन्त्र र प्रभावकारी विधा गजलको विकासमा पर्वत जिल्लाले यथेष्ट भूमिका खेल्दै आइरहेको छ । गजल एक महत्त्वपूर्ण र विशिष्ट विधा भएकाले भावलाई समुचित र समानुपातिक वितरणमा बाँध्नु आवश्यक छ । पर्वत जिल्ला धेरै गजलकारहरूले गजलहरूका सिर्जना गरे तापनि ती गजल कृतिहरूलाई सिद्धान्तको कसीमा घोटेर मूल्याङ्कन गरिएको छैन । त्यसैले पर्वत जिल्लाबाट हाल सम्म करिब प्रकाशित एकदर्जन गजल कृतिहरूको अध्ययन तथा विश्लेषण गर्नु नै यस शोधकार्यको प्रमुख विषय रहेको छ ।

### १.४ समस्याकथन

पर्वत जिल्लाका साहित्यिक विधा र साहित्यकारहरूका जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमा शोधकार्य भए पनि यस जिल्लाका मात्र गजलकारहरू र गजल कृतिका बारेमा पूर्ण अध्ययन हुन सकेको थिएन । त्यसैले पर्वत जिल्लाका गजलकारहरू र तिनका प्रकाशित गजलकृतिहरूको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख समस्या रहेको छ । यस शोध कार्यका समस्यालाई बुँदामा निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

क) पर्वत जिल्लामा गजल विधाको लेखन परम्परा र पृष्ठभूमि कस्तो छ ?

ख) पर्वत जिल्लामा गजल विधाको विकासमा पर्वतमा रहेका साहित्यिक सङ्घसंस्था, पत्रपत्रिका र रेडियो एफ्.एम्. ले पुऱ्याएको योगदान कस्तो छ ?

ग) पर्वतमा जन्मेर गजल लेख्ने गजलकारहरू र तिनका गजल कृतिहरू के-कस्ता रहेका छन् ?

### १.५ शोधकार्यको उद्देश्य

पर्वत जिल्लाका गजलकारहरू र तिनका गजलकृतिहरू के कति प्रकाशित भएका छन् पहिचान गरी तिनीहरूको गजल सिद्धान्तका आधारमा अध्ययन विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ । यस शोधकार्यका उद्देश्यहरू यस्ता रहेका छन् :

क) पर्वत जिल्लामा गजल लेखनको परम्परा र पृष्ठभूमि केलाउनु

ख) पर्वत जिल्लामा गजल विधाको विकासमा साहित्यिक सङ्घसंस्था पत्रपत्रिका र रेडियो एफ्. एम्. को भूमिका स्पष्ट गर्नु ।

ग) पर्वत जिल्लाका गजलकारहरू र तिनका प्रकाशित गजलकृतिहरूको अध्ययन विश्लेषण गर्नु ।

**१.६ पूर्वकार्यको समीक्षा**

पर्वत जिल्लाको गजल विधामा कलम चलाउने स्रष्टाहरू र तिनका गजल कृतिहरूका गजल सिद्धान्तका आधाारमा पृथक रूपमा व्याख्या विश्लेषण विधिवत ढङ्गमा यस पूर्व हुन सकेको छैन र पनि विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा धौलागिरिका गजलकारहरू र गजलकृतिहरूको सामान्य चर्चा परिचर्चा भने अवश्य भएको छ, जसलाई पूर्वकार्य मान्न सकिन्छ । यहाँ तिनै पूर्वकार्यहरू देखाइएको छ ।

ठाकुर पराजुलीले **धौलागिरि सन्देश** (२०५२) मा प्रकाशित '**धौलागिरिका केही साहित्यिक डोब र सङ्केत** लेखमा धौलागिरिको साहित्यिक गतिविधिको चर्चा गरेका छन् ।

जीवलाल खरेलले स्नातक तह तेस्रो वर्षको पाँचौ पत्रको प्रयोजनका लागि प्रस्तुत **साहित्यकार शान्तिनारायण श्रेष्ठको व्यक्तित्व** नामक शोधपत्र (२०६०) मा शान्तिनारायण श्रेष्ठलाई गजलकार व्यक्तित्वका रूपमा पनि सामान्य चर्चा गरेका छन् । यसका अतिरिक्ति उनका दुईवटा गजल सङ्ग्रहहरुको विषयवस्तु, लय तथा बिम्ब, प्रतीकको बारेमा सामान्य चर्चा गरिएको छ ।

श्याम न्यौपानेले **अनुराग** द्रैमासिक (२०६१) मा प्रकाशित **धौलागिरि स्पन्दन** एक अध्ययन समालोचनामा धौलागिरिबाट प्रथम पटक प्रकाशित र इन्द्रकुमार विकल्पद्वारा सम्पादित धैलागिरिका गजलहरूका सँगालो 'धौलागिरि स्पन्दन'को समालोचना गरेका छन् । यसका अतिरिक्त त्यहाँ गजलहरूको सामान्य चर्चा पनि गरिएको छ ।

धौलागिरि एफ्.एम्. ले आफ्नो स्थापना वर्ष (२०६१) देखि नै गजलकुञ्ज कार्यक्रमको सञ्चालन गर्दै आएको छ ।

सूर्य के.सी.ले स्नातक तह तेस्रो वर्षको पाँचौ पत्रको प्रयोजनका लागि प्रस्तुत **साहित्यकार इन्द्रकुमार विकल्प व्यक्तित्व र कृतित्व** शोधपत्र (२०६१) मा इन्द्रकुमार विकल्पलाई गजलकार व्यक्तित्वका रूपमा र उनका गजलसङ्ग्रहमा प्रयोग भएका विषयवस्तु, लय, भाषाशैली विम्ब, प्रतीकको बारेमा सामान्य चर्चा गरेका छन् ।

प्रेमप्रसाद तिवारीले एम.ए. नेपाली दोस्रो वर्षको १० औ पत्रको प्रयोजनका लागि प्रस्तुत **पर्वतका प्रतिनिधि कवि र तिनका प्रमुख कविता कृति शोधपत्र** (२०६१) मा इन्द्रकुमार विकल्प र शान्तिनारायाण श्रेष्ठको पनि चर्चा गरेका छन् ।

ज्ञानुवाकर पौडेलले सरस्वती शर्मा 'जिज्ञासु'को गजल सङग्रह **हुस्सुभित्रको घाम** (२०६२) को भूमिका खण्डमा जागरुक र सुधारवादी गजलकार सरस्वती शर्मा 'जिज्ञासु' लेख लेखी गजल सङ्ग्रहको समालोचना गरेका छ ।

इन्द्रकुमार श्रेष्ठ **सरितले इन्द्रकुमार विकल्पको लालीगुराँस फूल्ने मन** (२०६२) गजलसङ्ग्रह) मा शिष्ट व्यक्तित्वको सुन्दर अभिव्यक्ति लालीगुँरास फूल्ने मन शीर्षकको लेख लेखी इन्द्रकुमार विकल्पलाई मायालु गजलकारका रूपमा चिनाएका छन् ।

कृष्ण पौडेल **धौलागिरि अञ्चलका प्रतिनिधि गजलकार र तिनका गजल कृतिको अध्ययन** (शोधपत्र २०६५)

माथि उल्लेखित कार्यहरू छिटफुटरुपमा गजलको विश्लेषण भए तापनि समग्र पर्वत जिल्लाका गजलकाहरू र तिनको गजलकृतिको विश्लेषण नभएको हुँदा तिनीहरूको गजलकृतिको विश्लेषण यहाँ गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

पर्वत जिल्लामा गजल विधामा कलम चलाउने गजलकारहरू र तिनका गजल कृतिहरूको व्यवस्थित रूपमा खोज अनुसन्धान तथा व्याख्या विश्लेषण नभएकाले पर्वत जिल्लाका गजलकारहरू र गजलकृतिहरूको अध्ययन सर्वेक्षण गरी तयार पारिने यो शोधपत्र औचित्यपूर्ण रहको छ ।

यस शोधपत्रबाट नेपाली साहित्यकै नवीनत्म र लोकप्रिय विधा गजलमा कलम चलाउने पर्वत जिल्लाका गजलकारहरू र तिनीहरूका गजलकृतिका विषयमा जान्न चाहने जिज्ञासु पाठकहरू तथा अन्य साहित्यिक अनुसन्धानकर्ताहरू लाभान्वित हुन सक्नेछन् । यस शोधपत्रले भविष्यमा शोध गर्न चाहने शोधार्थीहरूलाई त सहयोग पुऱ्याउँछ नै यसदेखि बाहेक क्षेत्रीय अध्ययन परम्पराको विकासमा सहयोग पुऱ्याउनका साथै नेपाली गजल विधाको इतिहासको खोज अनुसन्धानमा पर्याप्त सामग्रीहरू उपलब्ध गराउँछ । अत यस शोधपत्रको महत्त्व समयानुकूल नै रहेको छ ।

## १.८ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा पर्वत जिल्लाको सामान्य परिचय दिदै पर्वत जिल्लामा गजल विधाको विकासमा त्यहाँ रहेका साहित्यक पत्रपत्रिका सङ्संस्था र रेडियो एफ. एम. को योगदानलाई चर्चा गरिएको छ । यस जिल्लामा जन्म भई गजल सङ्गह प्रकाशन गर्न गजलकारहरूको मात्र अध्ययन गर्नु यस शोध पत्रको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा प्रश्नावली तयार पारी लिखित वा अन्तर्वार्ताका माध्यमबाट तथा सम्बन्धित व्यक्तिलाई भेटी पर्वत जिल्लाका गजलकारहरू र तिनका गजलकृतिहरूको विवरण स्वयम् आफै आवश्यक जानकारी लिइएको छ । आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विभिन्न विशेषज्ञ समालोचक र सङ्घ-संस्थाबाट पनि परामर्श लिइएको छ ।

त्यसै गरी सम्बन्धित विषयका बारेमा पत्रपत्रिकामा राखिएका टिप्पणी र समीक्षालाई सहायक सामग्रीहरूका रूपमा लिइएको छ ।

यसरी प्रस्तुत शोध तयार पार्दा मुख्य गरेर क्षेत्रीय अनुसन्धान पद्धति र पुस्तकालीय पद्धतिलाई अवलम्बन गरिएको हो भने सामग्री सङ्कलनका दुवै स्रोतहरू प्राथमिक र द्वितीयबाट सङ्कलन गरिको हो ।

**१.१० सैद्धान्तिक ढाँचा र शोधविधि**

प्रस्तुत शोधपत्रका लागि संरचना, विषयवस्तु, लय, विम्ब, प्रतीक तथा अलङ्कार र भाषाशैलीको आधारमा गरिएको छ । पर्वत जिल्लाका गजलकारहरूका प्रकाशित गजलकृतिहरूको अध्ययन सर्वेक्षण गर्नका लागि गजल सिद्धान्तलाई अगाडि राखी र ऐतिहासिक पद्धतिलाई पनि त्यतिकै आधार मानिएको छ ।

**१.११ शोधपत्रको रूपरेखा**

शोधपत्रलाई सुगठित र व्यवस्थित बनाउन विषयसूचीका अतिरिक्त चारवटा परिच्छेद विभाजन गरी आवश्यकता अनुसार शीर्षक र उपशीर्षकमा पनि विभाजन गरी अध्ययन गरिएको छ ।

| | |
|---|---|
| पहिलो परिच्छेद : | शोध परिचय |
| दोस्रो परिच्छेद : | पर्वत जिल्लाको सामान्य परिचय र पर्वत जिल्लाको गजल परम्परा तथा पर्वत का साहित्यक सङ्घ-संस्था र पत्रपत्रिकाको योगदान |
| तेस्रो परिच्छेद : | पर्वत जिल्लाका गजलकारको चिनारी र तिनका प्रकाशित गजलहरूको विश्लेषण |
| चौथो परिच्छेद : | उपसंहार |
| सन्दर्भ ग्रन्थसूची | |
| परिशिष्ट | |

# दोस्रो परिच्छेद
# पर्वतको साहित्यिक पृष्ठभूमिमा गजल परम्परा

कुनै पनि देशको साहित्यको विकास र उत्थानमा क्षेत्रीय स्तरमा रहेका साहित्यिकारहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नोपाली साहित्यको विकासमा पर्वत जिल्लाका साहित्यकारहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । यस सन्दर्भमा पर्वत जिल्लाको परिचय साहित्यिक इतिहासलाई सङ्क्षिप्त रूपमा चिनाउनु पनि उपयुक्त हुन्छ । अतः पर्वत जिल्लाको नामकरण, भौगोलिक प्राकृतिक परिचय, ऐतिहासिक परिचय, सामाजिक सांस्कृतिक परिचय, धार्मिकस्थल एवम् मठमन्दिरहरू जनसङ्ख्या लगायत पर्वतको कुनै साहित्यिक इतिहासलाई सङ्क्षिप्त रूपमा चिनाउने कार्य यस परिच्छेदमा गरिएको छ । त्यसपछि मात्र पर्वतको साहित्यिक रूपरेखा देखाई यसमा गजल परम्पराको सङ्क्षिप्त विश्लेषण गरिएको छ ।

## २.१ नामकरण

पर्वत जिल्लाको परिचय दिँदा यसको नामकरणको बारेमा चर्चा गर्नु प्रासङ्गिक हुन्छ । नेपालका कतिपय जिल्लाहरूको नाम प्रसिद्ध तीर्थस्थल, नदीनाला, पर्वतमाला, जातजाति र कुनै एउटै तथ्यलाई आधार मानेर गरिएको हुन्छ । अतः पर्वत जिल्लाको नामकरणको बारेमा प्रचलित भनाइहरूमात्र रहेका छन् । कुनै पुस्तकाकार कृतिले नामकरणका बारेमा भनेको भेटिएको छैन । वि.सं २०१८ साल पूर्व पश्चिम ४ नम्बर नुवाकोट अन्तर्गत चार हजार पर्वत भनेर स्याङ्जा पर्वत र बाग्लुङलाई सम्बोधन गरिन्थ्यो । चार हजार पर्वत अन्तर्गत स्याङ्जा, पर्वत, बागलुङ हालको पर्वत जिल्लाका गाउँ विकास समितिहरू पनि पर्दछन् । जस्तै हालको पर्वत जिल्लाको सदरमुकाम कुश्मा शिवालय गा.वि.स.लाई पश्चिम ४ नं नुवाकोट अन्तर्गत चारहजार पर्वत दुलुङ्ग मौजे कुश्मा बजार भनिन्थ्यो ( शान्ति नारायणसँगको कुराकानी) ।

यसरी चारहजार पर्वतमालाहरूको बीचमा पर्वत जिल्ला अवस्थित भएकाले यस जिल्लाको नामकरण पर्वत भनिएको हो भने परम्पररित किम्बदन्ती समाजमा प्रचलित रहेको छ (बुढापाका चर्तुखर्क सुवेदीसँगको कुराकानीबाट) यो बाहेक अन्य तथ्य नामकरणको सम्बन्धमा हाल सम्म प्राप्त भएको छैन ।

## २.२ भौगोलिक एवम् प्राकृतिक परिचय

पर्वत जिल्लाको पूर्वी भागमा, कास्की र स्याङ्जा, दक्षिणमा स्याङ्जा र गुल्मी , पश्चिममा गुल्मी, बागलुङ र म्याग्दी उत्तरमा म्याग्दी जिल्ला पर्दछन ।

पर्वत जिल्ला विश्वमानचित्रमा २८°००' १९' देखि २८°२३',४९ अक्षांस र ८३°३३' ४ देखि ८३°४९' ३०' देशान्तरमा रहेको छ । यस जिल्लाको कूल क्षेत्रफल ५३६८३ वर्ग किलोमिटर रहेको छ । उचाइका हिसाबले समुद्री सतहबाट ५२० मिटर उचाइमा होचो भाग सेतीबेणी देखि ३३,०९ मिटर उचाइमा अवस्थित पर्यटकीय दृष्टिले महत्त्वपूर्ण हम्पालको लेकसम्मको भू- भाग यस जिल्लामा पर्दछ (जि.वि.स. योजना, आ.व. २०६७/ ०६८) ।

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा रहेको धौलागिरि अञ्चलभित्रको चार जिल्लामध्ये एक हो । यस जिल्लाका रमणीय लेकाली चुचुराहरूमा पर्वत जिल्लाको उत्तरी भेगमा पर्ने हम्पाल, लोप्रेलेक (फलामे डाँडा) बीच भागमा पर्ने पञ्चासे, डहरे तथा दक्षिणी भागका चिसापानी र गोल्याङ्ग यस जिल्लाका अग्ला चुचुरा हुन् । यिनीहरू पर्यटकीय दृष्टिले अत्यन्त महत्त्वपूर्ण छन् ।

## २.३ नदीनाला

जलस्रोतको दृष्टिले हेर्दा पर्वतको पश्चिमी भागमा कालीलण्डकी नदी, मध्यभागमा मोदी भए तापनि यिनीहरूलाई सिंचाइको रुपमा उपयोग गर्न सकिएको छैन । हाल यी नदीहरू ढुङ्गा, गिटी, बालुवाका मुख्य स्रोत बनेका छन् । अन्य साना खोलाहरू लुँदी, लस्ती, पाती, रती, जहरे, मल्याङ्गी, चोर्दी लमाय, लुवा, वाच्छा, मर्दी, सिउदी सेती, लगायतका खोलारु सिँचाइका मुख्य स्रोत हुन् ।

## २.४ गुफा, मन्दिर, गुम्बा र ऐतिहासिक दरबार

### गुफा

गुफा कुश्माको गुप्तेश्वर, ज्ञादीको अलपेश्वर गुफा, पाङ्गको भुवनेश्वरी गुफा, बराचौरको सितलपाटी गुफा, लुंखुको चनौटे भिर मुनीको दाउदङ्गे गुफा, चुवाको लालेश्वर गुफा यस जिल्लाका प्रसिद्ध गुफा हुन् (जि.वि.स. योजना, आ.व. २०६७/०६८) ।

### मन्दिर

मोदीबेनीको नरसिंह मन्दिर सेतीबेणीको शालिग्राम शिला, धाइरिङको भुमे, कुर्घा, लुंखु, भोक्सीङ्ग र पाङ्राङ्गको शिरमा रहेको सिशादानीको कालिका देवी मन्दिर, रहेका छन् (जि.वि.स. योजना, आ.व. २०६७/०६८) ।

### गुम्बा

कुश्मा, आर्थर र भोर्लिकामा बौद्ध धर्मालमबीहरूका गुम्बा अवस्थित रहेका छन् ।

### ऐतिहासिक दरबार

ठूली पोखरीको बाटुलेचौर, होर्स्याङ्दीको पैंयुकोट र धुँवाकोटको ऐतिहासिक दरबार तथा माझफाँटको कर्णलको दरबार रहेका छन् (जि.वि.स. योजना, आ.व. २०६७/०६८) ।

## २.५ ताल, तलाउ र छहरा

यस जिल्लाको मुख्य आकर्षक ताल पञ्चासे लेकको (२१०० मिटर उचाइमा) रहेको छ । माझफाट गा.वि.स. वडा नं ९ मा तलाउ रहेको र उक्त तालको बीचमा मन्दिर रहेको । पाङको सहस्रधारामा छहरा पनि रहेको छ (पर्वत जिल्लाको सङ्क्षिप्त चिनारी, २०६७) ।

## २.६ जलवायु

पर्वत पहाडी भाग बढी भएको हुनाले यहाँको हावापानी शीतल रहेको छ । यहाँ समशीतोष्ण जलवायु पाइन्छ । यहाँ ग्रीष्ममा अधिकतम ३२.३० डिग्री सेल्सीयस र न्यूनतम

७.५० डिग्री सेल्सियसको तापमान भएको रेकर्ड पाइन्छ । औषत वर्षा २४०० मिलिमिटर दखि २६०० मिलिमिटिर हुन्छ (पर्वत जिल्लाको सङ्क्षिप्त चिनारी, २०६७) ।

## २.७ वन

यस जिल्लाको कुल वन क्षेत्र १९, ९९७ हेक्टर रहेको छ । समुदायलाई यहाँको वन क्षेत्र हस्तान्तरण गरिएको छ । सामुदायिक वन समूह ३४८ वटा रहेका छन् । सबैभन्दा ठूलो सामुदायिक वन ४०२.३७ हेक्टरमा रहेको पञ्चासे हो । गरिबको लागि कबुलियती वन २ वटा छन् भने निजी वन दर्ता भएको ११ वटा रहेका छन् । महत्वपूर्ण गैरकाण्ठ वन पैदावारहरूमा लोठसल्ला, चिराइतो, सत्तुवा , खोटो, धसिंरे, सेतो बिरुवा, अल्लो रहेका छन् भने वनपैदावार मध्ये अल्लोको कपडा सालिजा गा.वि.स. मा र धसिङ्गरेको तेल निकाल्ने उद्योग लेखफाँट गा.वि.स.मा सञ्चालन भइरहेका छन् (पर्वत जिल्लाको सङ्क्षिप्त चिनारी, २०६७) ।

## २.८ माटो

पर्वत जिल्लाको माटो खास गरेर मिश्रित प्रकारको रहेको छ । कालिगण्डकीको किनारतिर बलौटेमाटो, रातो माटो, कमेरेमाटो, कालोमाटो, पाँगो माटो र कतै ढुङ्गा ग्रेगर मिसिएको माटो रहेको पाइन्छ (पर्वत कृषिविकास कार्यालय) ।

## २.९ ऐतिहासिक पृष्ठभूमि

वंशावलीहरूको तुलनात्मक अध्ययन गर्दा आनम्मले पर्वतका केही विद्रोहीहरूको सहयोगले पर्वत राज्यको दक्षिण पश्चिममा पर्ने अर्नाकोट कब्जा गरी पर्वत राज्यको स्थापनामा जग हालेको देखिन्छ । यी विद्रोहहरू निसीभुजीका भुजेलहरू थिए । पुरानो पर्वत राज्य नेपाल अधिराज्यमा विलय भएको तीन वर्ष पछि अर्थात वि.सं १८४६ अश्विनको पत्रमा “. . .निसीभुजीलाई षतम गरी बाह्र हजार दंउ दुई हजार रूपैया फर्काएर चह्राइ पठाउला ” । “योगी, नरहरिनाथ इतिहास प्रकाशमा सन्धिपत्र भङ्ग भाग १, २०२२ पृ. ३२५-२९” भन्ने व्यहोराले यी भुजेलहरूले सरकार विरुद्ध कारवाही गरेको अर्थात कानुन विरुद्ध काम गरेको सङ्केत मिल्छ । यसबाट रुकुमका राजकुमार आनन्मले पर्वत प्रदेशमा सोभ्कै आक्रमण गरी राज्य स्थापना गरेको नभई पर्वतका केही जनताको सहयोगले यिनी स्वतन्त्र पर्वत राज्यको जग हाल्न समर्थ भएका थिए । भन्ने बुझिन्छ । यसरी आनम्मलाई पर्वत राज्यको संस्थापक तथा प्रथम राजा मान्न सकिन्छ ।

## २.१० सामाजिक-सांस्कृतिक परिचय

यस जिल्लामा ब्राह्मण, क्षेत्री, नेवार, ठकुरी, गुरुङ, मगर, थकाली, दमाई , कामी, सार्की आदि विभिन्न जातका मानिसहरू बसोवास गर्दछन् । राष्ट्रभाषा नेपाली भए तापनि नेवार, थकाली, गुरुङ् मगरहरूले आ- आफ्नो मातृभाषा पनि प्रयोग गर्दछन् । यहाँ मनाइने विशेष चाड पर्वहरूमा दसै, तिहार, माघेसङ्क्रान्ति , फागुपूर्णिमा , चैतेदसैं नागपञ्चमी, जनै पूर्णिमा र तीज मुख्य हुनुका साथै आ- आफ्नो प्राचीन रीतिस्थिति अनुसार समय समयमा विभिन्न चाड पर्व मनाउने र पूजाआजा गर्ने गर्दछन् । यी पर्वहरू मनाउँदा आ- आफ्नो गाउँ ठाउँ जाति र

रीतिरिस्थिति अनुसार नाच्ने गाउने चलन छ । यसको साथै वन जङ्गल मेलापात जाँदा र आफ्नो नातेदार अनि टाढाबाट आएका साथी सङ्गीको मनोरञ्जनका खातिर रोदी बसी गीत गाउने चलन पनि पर्याप्त मात्रामा छ (श्रेष्ठ शान्तिनारायण, वि.सं २०२३ माघ २० गते विहिबार गोरखापत्र) ।

**२.११ जनसङ्ख्या विवरण**

पर्वत जिल्लाको २०६७ को प्रक्षेपण जनसङ्ख्या निम्नानुसार रहेको छ

| क.सं | जनसङ्ख्या विवरण | रा.ज.ग. २०५८ | जि.वि.स. २०६० |
|---|---|---|---|
| १ | घरधुरी संख्या | ३२७२९ | ३०५३० |
| २ | जम्मा जनसंख्या | १५७७४३ | १८५४९८ |
| ३ | महिला | ८४६६८ | ९११३४ |
| ४ | पुरुष | ७२८७५ | ९४३६४ |
| ५ | जनघनत्व व.कि. मि. | २९४ | ३४५ |
| ६ | जनसंख्या वृद्धिदर | ०.९४ | २.१ |
| ७ | औसत परिवार | ४.८ | ६.१ |

२०६७ वैशाखसम्मको को प्रक्षेपण सङ्ख्या २१२६२८ (जि.वि.स. बुलेटिन, २०६०)

**२.१२ पर्वतेली साहित्यको सङ्क्षिप्त इतिहास**

नेपाली साहित्यको विशाल भण्डारमा पर्वत जिल्लाको साहित्यलाई सवावेश गर्दा जिल्लाका आदिवासी मानवसँगै लोकसाहित्यबाट शुरुवात भई आफ्ना मनका भावहरूलाई मौखिकरूपमा अभिव्यक्त गरेर एक पुस्तावाट अर्को पुस्तामा रूपान्तरित हुँदै आइरहेको पाइन्छ, युगौदेखि चल्दै आएका लोक गाथाहरू, कथा, कहानी गाउँखाने कथा, चुटकिला, उखानटुक्काहरू, लोकगीत, असारेगीत, दाई गीत, तीजका गीत, देउसी भैलो, गन्धर्व गीत, आदिवाट साहित्यलाई संरक्षण भएको पाइन्छ ।

'शारदा' साहित्यिक पत्रिका वि.स. १९९२ को प्रकाशन पछि गोमादेवी उपाध्यायले वि.स.१९९४ मा 'जलन' शीर्षकको कविता प्रकाशन गरेर साहित्यिक फाँटमा पर्वत जिल्लाको पहिलो साहित्यिक व्यक्ति भएको देखिन्छ । 'शारदा' पत्रिकामा वि.सं. १९९६ मा कृष्णवम मल्ल 'बच्ची' कथा लिएर देखा परे पुस्ताकाकारको रूपमा 'उजेली छाया ' उपन्यास 'पागल दुनिया' नाटक (२००८) लिएर मोहनबहादुर मल्लको उदय भएको देखिन्छ । वि.स.१९९४ मा नै 'जलन' कविता प्रकाशनगरी साहित्यमा पदार्पण गर्ने गोमादेवी उपाध्यायका पुस्तकाकारको रूपमा धेरै समयपछि 'ज्वलन' कविता सङग्रह (२०३६) प्रकाशनभयो । त्यसपछि ,साहित्यिक फूलवारि र फूलहरू (२०३७) बाँच्ने रहर (२०३९) मातृव्यथा (२)४१) चार नारी हस्ताक्षर समालोचना (२०४२) कार्यशील महिलाको भूमिका निवन्ध (२०४२) कवि म.वी.वी.शाहका काव्य प्रवृतिहरू समालोचना (२०४२) पौराणिक नारी परिचय (२०४८) मानव धर्म र आस्था भजन कविता

(२०५०) चाँदनी शाहाको काव्यसंसार (समीक्षा (२०५०) इन्द्र (२०४२) तिरस्कृत आत्मा (२०४३) अञ्जु (२०४६) आदि थुप्रै कविता, खव्डकाव्य कृतिहरू प्रकाशित भइसकेका छन् र उहाँलाई एक स्थापित साहित्यकारको रूपमा नेपाली साहित्यिक इतिहासले स्वीकारेको छ । शारदा पत्रिका मार्फत वि.सं. १९९६ मा 'बच्ची' कथा लिएर कृष्णबम मल्ल गुरुजीको मलामी (२००९) देवता (२०१८) श्री ५ रामशाहको न्याय (२०४१) कथा सङ्ग्रह प्रस्तुतगरी नेपाली साहित्यको कथा विधामा उत्कृष्टता हासिल गर्ने मल्लको योगदान ठूलो रहेको पाइन्छ ।

पुस्तकाकार रूपमा पहिलो पुस्तक प्रदान गरेर योगदान पुऱ्याउनुहुने मोहनबाहदुर मल्ल नेपाली साहित्यको उपन्यास विधाका सशक्त साहित्यिकहस्ताक्षर मानिनु हुन्छ । **पागल दुनिया** (२००८) नाटक, **माया रानी** (२००८), **उपन्यास, त्रिफला** (२००९) कथासङ्ग्रह **पञ्चायत** (२०१०), **समयको हुरी** (२०१६) **बहादुर नजर** (२०२६) उपन्यास, **वाइसे चौवीसे (इतिहास** (२०३२), **सिंजा इतिहासको गोरेटो** (२०३४) **उजेली छाँया** (२०३९), **रामछायाँ** (२०६२) उपन्यास, (मृत्युपछि) कथा सग्रहका साथै जस्ता थुप्रै ऐतिहासिक पुस्तक तथा लेखनरचनाहरू प्रदान गर्ने भई नेपाली साहित्यकै इतिहासमा अविस्मरणीय रहेका छन् ।

**किसान गीत** (२०११/०१२) लिएर कालीभक्त पन्तको उदय भए पश्चात **पश्चिम चारनं. को इतिहास** (२००९), **हाम्रो राष्ट्रिय कर्तव्य र दर्शन** (२०१७), **हाम्रो संस्कृति र इतिहास** (२०१८), **हाम्रा गीत, सुधारको बाटो** (२०३६), **छुतभेद र कर्तव्य** (२०३८), **शुम्भ वध** (२०५०) पुस्तकहरू प्रकाशन भएको देखिन्छ । उहाँहरूका लेख रचनाहरू इतिहास, लोक साहित्य र संस्कृतिको उत्थानमा समर्पित देखिन्छन् । नेपाली संस्कृतिप्रेमीहरू माभ्क उहाँको नाम उच्च रहेको छ ।

भवानीशंकर उपाध्यायले **अर्धसन्तमञ्जरी कवितावली** (२०१२) धर्म सम्बन्धी कविता सङ्ग्रह **श्रीशिव गीता** (२०१२), **नीतिज्ञान** (२०२६) पुस्तक प्रकाशित गरेर सन्तोष नै सुख र आनन्द हो हो भन्ने कुराको पुष्टि गरेका छन् ।

**गिरिवर धारण'** (२०२०) खण्डकाव्य **वामनावतारम संस्कृत** नाटक (२०२५), प्रकाशित गर्ने नारायणप्रसाद उपाध्याय एकै चोटी **त्रिजन्म** (२०५९) महाकाव्य र **अनमोल** (२०५९) कवितासङ्ग्रह  लिएर उपस्थित भएका छन् ।

**भूमिसुधारको सवाई** (२०२२) प्रकाशित गर्ने यज्ञप्रसाद सुवेदीका **कल्पना** सङ्ग्रह (प्रथम भाग) (२०२४) **कल्पना** सङ्ग्रह (दोश्रो भाग) (२०१७) र भानुभक्त लगायत **लोकजनमाला** (२०५६), **कृष्ण चरित्र** (२०५६), २०४६ को जनआन्दोलन र त्यसपछि **कल्पना** सङ्ग्रह तेश्रो भाग (२०५७) **उदाहरण माला** (२०५७), **ठूलीपोखरी चिनारी** (२०५७) आदि थुप्रै पुस्तकहरू प्रकाशनमा आएका छन् ।

त्यसैगरी टीकाराम उपाध्याय अर्यालको **राष्ट्रनायक श्री ५ महेन्द्रको वाराणसी विदाइको एक भलक यात्रा** (२०२२), **नेपालको इतिहासमा शाह वंशको देन इतिहास** (२०२३), **नेपालको मुलुकी प्रशासन र प्रशासनिक सुधारहरू राजनीति** (२०४०), **संयुक्त राष्ट्र संघीय शान्ति क्षेत्रमा**

**शाही नेपाली सेनाको सक्रिय योगदान** (२०४२), **भावनाको तरंग** कविता सङ्ग्रह (२०५९) प्रकाशित भएको पाइन्छ ।

**टुसा** (२०२३) कविता संग्रह लिएर दण्डपानी शर्मा देखा परेका छन् । **गुप्तेश्वर** (२०२७) खण्डकाव्य प्रकाशन गरेर साहित्यिक यात्रा थाल्नु हुने शान्तिनारायण श्रेष्ठका **झङ्कार** (२०५६), **स्पन्दन** (२०५६), **विसङ्गति** (२०५६),**वैंसका सुसेलीहरू** (२०५७), **बाडुल्की** (२०५७), **स्मृतीका लहरहरू** (शोककाव्य) (२०६३), **अनुभूति** (२०६०), **अजम्मरी माया** (२०६३) गलज सङ्ग्रह **अवतरण** हाइकू सङ्ग्रह (२०६१) **अनावरण** (ताङका सङ्ग्रह) २०६२) आदि सङ्ग्रह प्रकाशित भएका छन् ।

श्यामानन्द पौडेल **पर्वत लहरी** (२०२९) लिएर उदाए उनका अन्य कृतिहरूमा **शान्तिक्षेत्र नेपालको राष्ट्र मञ्जरी** (२०४१), **गीतालहरी** (२०४९), **करुणामयी नारी** (२०५६), रहेका छन् । २०३३ सालमा **उपर्युक्त कठिनाई** उपन्यास लिएर चन्द्रप्रकाश मल्ल देखा परेका छन् भने २०३७), सालमा **धौलागिरिको कोपिला** लिएर दयाराम रिजाल उदाएका छन् ।

**सम्वेदना औं सम्वेदना** (२०३८) कविता सङ्ग्रह प्रकाशन गरी नेपाली साहित्यमा परिष्कारवादी साहित्यको थालनी गर्ने साहित्यकार अविनाश श्रेष्ठका **परेवा सेताकाला** (२०४१), **अनुभूतियात्रामा** (२०४७), **अश्वस्थामा हतोहत** (२०५७), **तानिया इन्द्रकमल र अन्धकार** काठमाडौं हेर्नुहोस यस सहरलाई आदि थुप्रै कथा, कविता, गीत, नाटकहरू प्रकाशित र प्रदशित भइसकेका छन् भने उहाँ एक सफल फिल्मीकथा लेखक, पटक कथासंवाद लेखकको रूपमा नेपाली साहित्यको इतिहासमा स्थापित हुनु भएको छ ।

**समालोचनाको बाटोमा** (२०४१) समालोचनात्मक कृति लिएर उदानु भएका हिरामणी शर्मा पौड्यालले **बोटे भाषाको अध्ययन** (२०४२), **कुमाल भाषाको अध्ययन** (२०४३), **पर्वते भाषाको स्वरूप र संरचना** (२०४४), **परिक्रमा** (२०४४), **रचना विवेचना** (२०४६) आदि कृतिहरू लिएर समालोचनाको फाँटमा नेपाली साहित्यको ठूलो योगदान गर्नु भएको छ ।

**स्वयम् ज्योतिषी** (२०४१), (ज्योतिसशास्त्र) **सिद्धार्थ** - खण्डकाव्य (२०४३) नेपाली कविता **कुसुम-कविता** (२०४२), **किसान** (२०४१), **पूर्वीय र पाश्चात्य एकाङ्कीको विकास** (२०४२), **कविता कुञ्ज कविता** (२०४२), **मेरो जेल यात्रा जीवनी** (२०४२), **पर्दा भित्रको जिन्दगी नाटक** (२०४३), **ग्रहशान्ति क्यूँ शिक्षा** (२०४७) लिएर देखापरेका बलराम उपाध्याय रेग्मी साहित्यकार र ज्योतिषलाई समानुपातिक रूपमा अगाडि बढाइरहनु भएको छ ।

रत्नराज पाण्डेको **नेपालमा वैयक्तिक स्वतन्त्रता कानून** (२०४३) प्रकाशित भएको छ । त्यसैगरी प्रवासमा रहेर पनि ती खड्कराज गिरीको **रूपप्रतिरूप** (२०४३) कथा सङ्ग्रह **अभाव** कथा सङग्रह (२००२), **कथा देखि पर** कथा सङ्ग्रह (१९९८ इ.स.), लगाएत थुप्रै हिन्दी तथा नेपाली भ्रापाका पुस्तकहरू अनुवाद गरेको पाइन्छ । **सम्भ्रनाका डोवहरू** (२०४४) कविता सङ्ग्रह प्रकाशित गर्ने इन्द्रकुमार 'विकल्प' **का मनका खुसीहरू** कविता सङ्ग्रह (२०५२) **स्वर्गीय मोहन बहादुर मल्लको जीवनी** (२०५५), **दुईआत्माको मिलन उपन्यास** (२०५६) र **झुल्काहरू**

मुक्तक सङग्रह **सर्वदलीय घर लघु** (२०५८), कथा संग्रह **लाली गुराँस फुल्ने मन** (२०६२) गजल सङ्ग्रह प्रकाशित भएका छन् ।

युवायुवतीलाई लिएर हरिहर पोखेल र दीपक **प्रणय वियोग** (२०४५) खण्डकाव्य लिएर टीकाराम पौडेलको उपस्थिति भए । **युधिष्टिरको कुकर भाव संकेत १** (२०५१), **डाँफेका प्वाँखहरू** (२०५२) सृजना गर्ने साहित्यकार लक्ष्मीराज शर्मा पौडेलको थुप्रै रचनाहरू प्रत्रपत्रिकामा पढ्न पाइन्छ ।

टुकनाथ रेग्मीको **सृजनाका धुनहरू** ((२०४८) गीत कविता कथा सङ्ग्रह लिएर देखापरे भने **संघर्ष** उपन्यास लिएर कपिल मणी रेग्मी र **सङकीणता भक्तिकुञ्जन** धर्मशास्त्र लिएर घनश्याम उपाध्ययको पदार्पण भयो ।

कुशुमाकर न्यौपानेले **काश्की जिल्लामा प्रचलित वृक्ष वनस्पती र बन** लोकगीत खोजमुलक पुस्तक (२०४९) मा प्रकाशित गर्नुभयो । सालमा गोविन्द नेपालीको **सन्ध्या कुनै क्षण** (२०५०) उपन्यास र कविता सङ्ग्रह प्रकाशित भएका छन् । नारायण प्रसाद जोशीका **प्रजातान्त्रिक योद्धाको आत्मकथा** (२०५२), **तपोभूमि** (२०५४) तिखामुख जोशीको **वंशावली** (२०५२) आदि प्रकाशित भएको देखिन्छ ।

पं नारायणप्रसाद पौडेलको **श्राद्धाञ्जली** (२०५४) शोककाव्य , **सनातन धर्म परिचय** धर्म (२०५५), **सर्वफलप्रद सर्वोत्तम सरल धर्म** (२०६०) धर्मसम्बन्धी कृतिप्रकाशित भएको भेटिन्छ ।

**विश्व शान्तिको स्थापना** (२०५५) लिएर जीवन पौडेल र हरिकृष्ण आचार्यद्वारा **स्वार्थ एक मात्रात्मक अध्ययन** (२०५५) प्रकाशित भएका छन् । मुरलीधर शर्मा पौडेलको **श्रद्धाञ्जली** (२०५५) शोककाव्य **पौडेल कुल स्मृति** (२०५७) वंशावली **मातृ स्मृति** (शोककाव्य) प्रकाशित भएको पाइन्छ ।

पूर्णबहादुर कार्की प्रतीक्षाको **थोकाविरालाहरू** (२०५६) कथा सङ्ग्रह र **बालुवाको मुठी** (२०५७) कविता सङ्ग्रह, **देश सधै रुने छैन** (२०५९) कविता सङ्ग्रह लिएर भेषराज रिजाल उदाए ।

**पश्चातापको आँसु** (२०५८) कथासङ्ग्रह, **जीवनलीला** (२०५८) खण्डकाव्य, **कोपिला लघुकाव्य** (२०५९) **तीन युग एक कथा** (२०६०) महाकाव्य, **जीवनलीला** (२०५८) उपन्यास प्रकाशित गर्नु हुने सदानन्द अभागिका **आफ्नो व्यथा** र **बूढो जवानी** (२०५७) कविता सङ्ग्रह र थुप्रै कृषि सम्बन्धी पुस्तकहरू प्रकाशित भएका छन् ।

कृष्णदेवी शर्माको **सुनाखरी** र **लालीगुराँसको देश** (२०५८) कविता सङ्ग्रह **नारायणहिरी काण्ड** (२०५८) कविता सङ्ग्रह **अत्याचारी घर -गीत (२०५९)**, **घरबेटी भाउजू कथा** (२०५९), कथासङ्ग्रह **प्रजातन्त्रमा प्रश्नचिन्ह** (२०६०), गीत सङग्रह **स्मृतिको एक झिल्लको** (२०६२) खण्डकाव्य प्रकाशित भएको छ ।

भरत विवश पौडेलको **ओभ्रेलको सुवास** (२०५८) कविता सङ्ग्रह शंकर लामिछानेको **प्रेमकथा** (२०५८) लघु उपन्यास प्रकाशित भएको छ ।

**विदाई** (२०५९) नाटक लिएर उदाएका बाबुराम 'शील' को **गीत सङ्ग्रह** १ र **भाइटीका** उपन्यास (२०६२) प्रकाशित भएको छ ।

मञ्जु गुरुङ्गको **हृदयका अक्षरहरू** (२०५९) कविता सङ्ग्रह, विष्णु अदिप्तको **परी** बालकथा सङ्ग्रह, झलक गुरुङ शिरीषको **कुहिरो भित्र** (२०५९) लघुकथा सङ्ग्रह, थानेश्वर गौडेलको **गरीवको व्यथा** (२०५९) खण्डकाव्य, मदन सापकोटाको कविता सङ्ग्रह **घायल जिन्दगी** (२०५९) र छवी सुवेदीको **माटोको सन्देश** (२०५९) कविता सङ्ग्रह **माटोको मन** (२०६१) कविता सङ्ग्रह प्रकाशित भएको छ (विकल्प इन्द्रकुमार, कालीको सुसेली, २०५४) ।

केदारनाथ रेग्मीको **श्री सीताराम स्तुती** (२०६०) भजन र रामप्रसाद आचार्य पहाडीको **जञ्जीर** (२०६०) उपन्यास, विक्रम विवशको **पुष्पाञ्जली** (२०६०), श्री कृष्णघायलको **नवी नमूना** (२०६०) खण्डकाव्य **नमूना** (२०६०) उपन्यास र कृण्णप्रसाद पराजुलीको **शिशु** (२०६०) को कविता भाव काव्य **रातो आँसु** (२०६१), **शिशुका** कविता २०६२ प्रकाशित भएको पाइन्छ ।

अर्जुन उजाडका **खण्डकाव्य** (२०६१), षडानन्द पौडेलको लघुकथा सङ्ग्रह **परिवेश** र **बाउको बिहे** (२०६१), निबन्ध सङ्ग्रह **म ढुंगो कसरी बनुँ** (२०६१),सरस्वती शर्मा 'जिज्ञासु'को **नारीको आह्वान** (२०६१), गीति सङ्ग्रह **हुस्सु भित्रको घाम** (२०६२) गजल सङ्ग्रह र दयाराम पौडेलको खण्डकाव्य **अग्रधारा** (२०६२) प्रकाशित भएका छन् । यम ढुगाना केसीको **जीवनका लहरहरू** (२०६२) कथा सङ्ग्रह प्रकाशित भएको छ । गोपालप्रसाद भुषालको खण्डकाव्य **कुसुम,** (२०६२) सालमा बैकुण्ठ भुसालको **हिमचुलीको देश** (२०६२) कविता सङ्ग्रह **न हाँसेको धर्ती** कविता सङ्ग्रह (२०६२), **ठूलो भाले** (२०६३)एकाङ्की सङ्ग्रह प्रकाशित भएको छ ।

### २.१३ पर्वत जिल्लामा गजल रचनाको पृष्ठभूमि र परम्परा

अरबी भाषामा 'गजल' शब्दले स्त्रीलिङ्गी शब्द बुझाउँछ । यसको शाब्दिक अर्थ पनि प्रेमपूर्ण वार्तालाप भन्ने हुन्छ । अरबी भाषाबाट आएको मानिने गजल अरबी पछि फारसीमा आरम्भ भएको स्वीकारिन्छ । नेपाली भाषामा चाहिँ गजल फारसीबाट उर्दू र हिन्दी भाषा हुँदै नेपालीमा प्रवेश गरेको हो (बराल, २०६० ख: १६) ।

नेपालीमा गजल लेखनको प्रारम्भ कसबाट भयो भन्ने बारे सामान्य किसिमका शङ्का उपशङ्का तथा अनुमान पाइए पनि मोतीराम भट्ट नै यसको प्रारम्भ कर्ता हुन् भन्नेबारेमा भने सबैजसोको स्वीकृति छ (बराल, २०६४: २०५) । यसरी वि.सं. १९३८ मा मोतीराम भट्टले नेपाली साहित्यमा भित्र्याएको मानिने गजल पर्वत जिल्लामा कहिलेदेखि लेखिन थालियो भन्ने बारे यकिन मिति कहिँकतै उल्लेख भएको नपाइए पनि प्रस्तुत अध्ययन अनुसार पहिलो फुटकर रूपमा प्रथम प्रकाशित (हेर्नु परिशिष्ट १) इन्द्रकुमार विकल्प वि.सं २०५४ सालको **कालीको सुसेली** समसामयिक अङ्क १ मा प्रकाशित गजल रहेको छ भने सङ्ग्रहको रूपमा प्रथम प्रकाशित गजल शान्तिनारायण श्रेष्ठको **अनुभूति** (वि.सं २०६०) रहेको छ । यसरी पर्वतको प्रथम

गजलकारको रूपमा इन्द्र कुमार विकल्पलाई मान्न सकिन्छ । पर्वत जिल्लामा गजल प्रकाशनको यही पृष्ठभूमिमा शान्तिनारायण श्रेष्ठको **अनुभूति** (२०६०) सङ्ग्रह पछि इन्द्रकुमार विकल्पको **लाली गुराँस फुल्न मन** (२०६२) , सरस्वती शर्मा 'जिज्ञासु'को **हुस्सुभित्रको घाम** (२०६२ माघ), रेणुका जि.सीं को **ज्वलनका अभिव्यक्तिहरू** (२०६३), मिलन विछोड कार्कीको **विछोडका चोटहरू** (२०६३) कृष्णादेवी शर्माको **निर्झरिणी** (२०६३, विक्रम विवशको **जेल जिन्दगी** (२०६४), मिलन विछोड कार्कीको दोस्रो **प्रतीक्षित नयनहरू** (२०६४) शान्ति नारायणि श्रेष्ठको दोस्रो **अजम्मरी माया** (२०६३), उषा आचार्यको **उषाका किरण** (२०६४) डी. आर, शर्माको **पहाडको झरना** (२०६७) इन्द्रमान खत्रीको **मनको तृष्णा** (२०६७) गरी १२ वटा हालसम्म प्राप्त रहेका छन् ।

पर्वत जिल्लाका गजलकारहरुलाई गणतन्त्र आगमन पूर्व र आगमनपछिका आधारमा दुई चरणमा विभाजन गरिएको छ । जसअन्तर्गत गणतन्त्र आगमन पूर्व भन्नाले २०६३ जेठ १५ भन्दा उता र गजल प्रकाशित गर्ने गजलकारहरु रहेका छन् भने जठे १५ भन्दा यता २०६३ देखि यताका गजलकारहरुलाई गणतन्त्र आएपछिका गजलकार भनी निर्धारण गरिएको छ ।

गणतन्त्रपुर्वका गजलकारहरु र तिनका गजलसङ्ग्रहहरुमा शान्तिनारायण श्रेष्ठको अनुभूति (२०६०), इन्द्रकुमार विकल्पको **लाली गुराँस फुल्न मन** (२०६२), सरस्वती शर्मा 'जिज्ञासु'को **हुस्सुभित्रको घाम** (२०६२ माघ), रेणुका जि.सीं को **ज्वलनका अभिव्यक्तिहरू** (२०६२), मिलन विछोड कार्कीको **विछोडका चोटहरू** (२०६२) रहेका छन् । तत्कालीन समयका यी गजलकारहरुले माया प्रेम, गरिबी, मानवता, प्रकृतिचित्रण, जनयुद्ध आदि जस्ता प्रवृत्ति र विषयवस्तुमा आधारित रहेको देखिन्छ ।

गणतन्त्र आगमनपछिका गजलकारहरुमा शान्ति नारायणि श्रेष्ठको दोस्रो **अजम्मरी माया** (२०६३), उषा आचार्यको **उषाका किरण** (२०६४) विक्रम विवशको **जेल जिन्दगी** (२०६४), मिलन विछोड कार्कीको दोस्रो **प्रतीक्षित नयनहरू** (२०६४) इन्द्रमान खत्रीको **मनको तृष्णा** (२०६४) डी. आर, शर्माको **पहाडको झरना** (२०६७) रहेका छन् ।

यस दोस्रो चरणका गजलकारहरुले माया, प्रेम, मानवता, भ्रष्टाचार छुवाछुत, प्रकृति चित्रण गणतान्त्रिक आदि जस्ता प्रवृत्ति र विषयवस्तुमा आधारित रहेको पाइन्छ ।

यसै गरी पर्वतेली गजल परम्परालाई अघि बढाउने सिलसिलामा विभिन्न पत्रपत्रिका तथा रेडियो एफ.एम. हरूमा फुटकर रूपमा प्रकाशित र प्रसारित गर्ने अन्य स्रष्टाहरूमा साधना प्रतीक्षा, शङ्कर लामिछाने, मञ्जु गुरुङ बलराम उपाध्याय रेग्मी, कवि भाइ गोपाल, श्री कृष्ण घायल, छवि सुवेदी केदारनाथ दास रेग्मी, रामप्रसाद आचार्य, गोपाल भुषाल, मुरलीधर शर्मा, सुदिप क्षेत्री 'निर्दोष', षडानन्द पौडेल, आर. के. अदीप्त गिरी, सङ्गीत श्रोता, प्रकाश चञ्चल, किशोर सापकोटा, भरत विवश, गणेश जिसीं राजन लामिछाने, हेमा कार्की वैवभदीप श्रेष्ठ , राजु वि.क. मनोहर पौडेल, लीलानाथ असन्तोषी गोपालप्रसाद आचार्य, विनिशा क्षेत्री, अनुमौनता, प्रनिश गिरी, अन्जान बाबु, निर्मला रेग्मी लक्ष्मण शर्मा 'खडेरी', नवराज शर्मा 'आजाद', स्पन्दन रिमाल, कृष्णप्रसाद गाजल, सुमन ढकाल आगो रुद्र सापकोटा, रमेश तिवारी,

निरु के.सी.'अश्रु', सन्तोष वियोगी, सुजीना के.सीं, प्रवेश सुवेदी, सरस्वती भण्डारी विन्दु, पूर्णिमा के.सी., जयन्ती गौडेल, जगन्ननाथ पौडेल सागरबाबु सुत्रप्रसाद पौडेल, शङ्कर उद्वेग, उचित पन्त, मानदेव क्षी लक्ष्मी गौडेल, प्रदीप आँसु, राजैन्द्र पहाडी, गोविन्द पहाडी, रामचन्द्र रोदन, श्रीकृष्ण घायल, कृष्णप्रसाद पराजुली, शिशु, अर्जुन उजाड, नवराज रिदम, आदि पर्दछन् ।

यस प्रकार पर्वत जिल्लामा गजलको विकासका निम्न माथि उल्लेखित सम्पूर्ण सङ्ग्रह प्रकाशित गर्ने र नगर्ने देखि लिएर आलोचना समालोचना गर्ने सबै व्यक्ति स्रष्टाहरूको योगदान महत्वपूर्ण रहेको छ । पहिलो पटक फुटकर रूपमा तथा पहिलो पटक सङग्रहका रुपमा प्रकाशित गर्नु हुने स्रष्टा द्वय क्रमशः इन्द्रकुमार विकल्प र शान्तिनारायण श्रेष्ठले पर्वतेली प्रतिभालाई बाटो देखाउने साहित्यकारहरूको भूमिका महत्वपूर्ण रहेको छ ।

## २.१४ पर्वत जिल्लामा गजलको विकासका निम्ति पत्रपत्रिका र साहित्यिक सङ्घ सङ्ख्याहरूको योगदान

साहित्यको विकासका निम्ति पत्रपत्रिकाको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । रचनाको प्रसार, पठनशीलता र लेखनमा प्रेरणा पत्रपत्रिकाहरूले दिइरहेको हुन्छ । यसैक्रममा पर्वत जिल्लामा गजलविधाको विकासका निम्ति यहाँबाट प्रकाशित हुने दैनिक, साप्ताहिक तथा मासिक, द्वैमासिक आदि समाचारपत्र वा साहित्यिक पत्रिकाहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । पर्वतमा विभिन्न समाचार मूलक पत्रिकादेखि लिएर गजल प्रधान पत्रिकाको पनि प्रकाशन भएको छ । यी सबैले धेरै थोर रूपमा गजलको विकासमा योगदान पुऱ्याएका छन् । गजल विधाको विकासमा योगदान पुऱ्याएका छन् । गजल विधाको विकासमा योगदान पुऱ्याएका आजसम्म केही पत्रिकाहरूको नामावली यस प्रकार छ ।

**कालीको सुसेली** (२०५४) त्रैमासिक, **सगुन** (२०५४) त्रैमासिक, **निष्पक्ष अभिमत** (२०५८) साप्ताहिक, **धौलागिरि पोष्ट** (२०५६) साप्ताहिक, **कालाञ्जर** (२०६१), **पर्वत सन्देश** (२०५७), **ऋतुरङ्ग** समसामयिक, **दिव्यमुहार** (समसामयिक), **नवसौगात** (मासिक), **मोदीकाली** (२०५८) साप्ताहिक, **प्रेक्षासमाज** (२०६५) साप्ताहिक, **पर्वतदीप** (२०६७) साप्ताहिक, धवला (वार्षिक) **माधुरी** (वार्षिक) **धौलागिरि समर्पण, दिव्यमुहार** (२०६१), **सुनाखरी** (२०६०), **काँडाबीचको फूल** (२०५९), **पर्वत गुञ्जन** (२०५८), **मानषी** (२०६१), **समसामयिक**, **समर्पण** (२०६२) त्रैमासिक, **गण्डकीका छालहरू** (२०६०) **पर्वतमाला** (२०५६) स्मारिका, **नवरस** (२०६२), **गजलमञ्च** (द्विवादपत्र) लघु पत्रिकातर्फ **पहाडी गोरेटो,** साहित्य **क्षितिज नवरस, नवरश्मी, सूर्यादय, मोदीमैदान नवदीप नवदीपन, गुप्तेश्वर, भञ्ज्याङ, शान्ति सन्देश चौतारी, सितल चौतारी, नवसिर्जना,** आदि रहेका छन् (पर्वत साहित्य सङ्गम, २०५४) ।

पर्वत साहित्य सङ्गमले विविध खालका पुस्तकहरू प्रकाशन गर्दै आउने उद्देश्य अनुसार वि.सं २०५९ सालमा धौलागिरि स्पन्दन धौलागिरिको पहिलो गजल सङ्ग्रह प्रकाशित गरेको छ ।

पत्रपत्रिकाका अतिरिक्त पर्वतमा सञ्चालित विभिन्न एफ्.एम्. रेडियो स्टेशनहरूबाट प्रसारण हुने गजलसँग सम्बन्धित कार्यक्रमहरूले २०६० पछिको पर्वतेली गजल लेखन, वाचन र

समीक्षालाई विशेष ढङ्गले टेवा पुऱ्याइरहेका छन् । यस परिप्रेक्ष्यमा ती गजलकार्य क्षेत्रहरूका प्रस्तोताहरूको योगदान पनि उल्लेख्य रहेको छ । यस्ता एफ्.एम्. रेडियोहरूमा सामुदायिक रेडियो पर्वत एफ.एम, सयपत्री एफ्.एम्., धवलागिरि एफ.एम., म्याग्दी एफ्.एम्., म्याग्दी काली एफ.एम., र दिदी बहिनी एफ.एम. कुश्मा आदि रहेका छन् । यी एफ.एम. रेडियोहरूले गजलकार्यक्रम सञ्चालन गरिदिएर पर्वतका लुकेर रहेका गजलका स्रष्टाहरूको गजल प्रसारित गरिदिएर महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

पर्वत जिल्लाका साहित्यिक सङ्घ संस्था तथा प्रतिष्ठानहरूले फुटकर तथा कृतिगतरूपमा गजल प्रकाशन गरिरहेका छन् र पर्वतेली गजल लेखन गर्ने स्रष्टाहरूलाई हौस्याइदिएका छन् । त्यस्ता संघ-संस्था तथा प्रतिष्ठानहरू यस प्रकार रहेका छन् । समाज, साहित्य तथा संस्कृति विकासकेन्द्र (२०६०) मोहन बहादुर मल्ल साहित्य प्रतिष्ठान (२०६०) साहित्य सङ्गम (२०५४) पर्वत साहित्य सङ्गम, पर्वत साहित्य सदन, ऋतुरङ्ग साहित्य प्रतिष्ठान, एकता साहित्य समाज, जस्ता साहित्यिक संस्थाहरूले गजल लेखन, प्रकाशनको साथै अन्य साहित्यिक विधाको विकासमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

# तेस्रो – परिच्छेद

## पर्वत जिल्लाका गणतन्त्र आगमनपूर्व पहिलो चरणका गजलकारहरू र तिनको गजलकृतिको विश्लेषण

प्रस्तुत परिच्छेदमा पर्वत जिल्लाका गजलकृति प्रकाशित गर्ने गजलकार र तिनका गजल कृतिमा भएका गजलहरूको संरचना, लय, विषयवस्तु बिम्ब, प्रतीक, अलङ्कार र भाषाका आधारमा विश्लेषण गरिएको छ ।

पर्वत जिल्लाका गजलकारहरुलाई गणतन्त्र आगमन पूर्व र आगमनपछिका आधारमा दुई चरणमा विभाजन गरिएको छ । जसअन्तर्गत गणतन्त्र आगमन पूर्व भन्नाले २०६३ जेठ १५ भन्दा उता र गजल प्रकाशित गर्ने गजलकारहरु रहेका छन् भने जठे १५ भन्दा यता २०६३ देखि यताका गजलकारहरुलाई गणतन्त्र आएपछिका गजलकार भनी निर्धारण गरिएको छ ।

गणतन्त्रपुर्वका गजलकारहरु र तिनका गजलसङ्ग्रहहरुमा शान्तिनारायण श्रेष्ठको अनुभूति (२०६०), इन्द्रकुमार विकल्पको **लाली गुराँस फुल्न मन** (२०६२), सरस्वती शर्मा 'जिज्ञासु'को **हुस्सुभित्रको घाम** (२०६२ माघ), रेणुका जि.सीं को **ज्वलनका अभिव्यक्तिहरू** (२०६२), मिलन विछोड कार्कीको **विछोडका चोटहरू** (२०६२) रहेका छन् । तत्कालीन समयका यी गजलकारहरुले माया प्रेम, गरिबी, मानवता, प्रकृतिचित्रण, जनयुद्ध आदि जस्ता प्रवृत्ति र विषयवस्तुमा आधारित रहेको देखिन्छ ।

गणतन्त्र आगमनपछिका गजलकारहरुमा शान्ति नारायणि श्रेष्ठको दोस्रो **अजम्मरी माया** (२०६३), उषा आचार्यको **उषाका किरण** (२०६४) विक्रम विवशको **जेल जिन्दगी** (२०६४), मिलन विछोड कार्कीको दोस्रो **प्रतीक्षित नयनहरू** (२०६४) इन्द्रमान खत्रीको **मनको तृष्णा** (२०६४) डी. आर, शर्माको **पहाडको झरना** (२०६७) रहेका छन् ।

### ३.१ गजलकार शान्तिनारायण श्रेष्ठ र उनका गजल सङ्ग्रहरूमा सङग्रहित गजलहरूको अध्ययन

वि.स. १९९६ भाद्र १७ गते पर्वत जिल्लाको कुश्मा बजारमा जन्मिएका हुन् । हाल स्थायी रूपमा पर्वत जिल्लाको सदरमुकाम शिवालय गा.वि.स. ६ कुश्मामा बस्दै आएका छन् । साहित्यमा गीत, गजल, खण्डकाव्य, मुक्तक कविता लाई प्रमुख विधाको रूपमा अघि बढाएका श्रेष्ठको पहिलो प्रकाशित रचना 'शुभेच्छा' कविता आँकुरो हस्तलिखित साहित्यिक पत्रिका वर्ष १ अंक १ वि.स. २०१८ सालमा आफ्नै सम्पादनमा प्रकाशित भएको छ । उनको **अनुभूति** गजल सङ्ग्रह पर्वत जिल्लाकै पहिलो गजल सङग्रह हो, अनुभूतिलाई वि.स. २०६० सालमा गुप्तेश्वर बहुउद्देश्यी पुस्तकालय कुश्मा, पर्वतद्वारा प्रकाशित गरिएको हो । उनको क्षेत्रक गजलसङ्ग्रह चाहिँ अजम्बरी माया (२०६४) हो । तल यी दुवै सङ्ग्रहको छुट्टछुट्टै चर्चा गरिएको छ ।

### ३.१.१ शान्तिनारायण श्रेष्ठको *अनुभूति* गजल सङ्ग्रहको विश्लेषण

शान्तिनारायण श्रेष्ठको **अनुभुति** पहिलो गजल सङ्ग्रह हो । वि.स २०६० प्रथम प्रकाशन भएको यस पहिलो गजल सङ्ग्रह हो । वि.स २०६० प्रथम प्रकाशन भएको यस पहिलो गजल

सङ्ग्रह हो । वि.स २०६० प्रथम प्रकाशन भएको यस सङ्ग्रहभित्र ३८ वटा गजल सङ्ग्रहित छन् ।

### ३.१.१.१ संरचना

**अनुभूति**मा पाँच सेरका चारवटा र अरू बाँकी ३४ वटा ६ सेरमा गरी ३८ वटा गजल संरचित छन् । शान्तिनारायण श्रेष्ठले अनुभूतिमा सङ्ग्रहित आफ्ना गजलहरूमा पूर्ण तथा आंशिक दुवै अनुप्रासमा आधारित काफिया प्रयोग गरेका छन् । उनका गजलहरूमा उनको मेरो साक्षरत्कार ... (पृ.२३) भन्ने शीर्षकको एउटामात्र गजल आंशिक काफियामा रहेको छ । बाँकी ३७ वटा गजलमा पूर्ण काफियाको प्रयोग गरिएको छ ।

रदिफ प्रयोगका दृष्टिले शान्तिनारायण श्रेष्ठका गजलहरूलाई मुरद्धफ र गैरमूरद्दफ गरी दुई वर्गमा नै रहेका छन् । उनका गजलहरू, राख्न थाले ... (पृ.२) सकेसम्म भलो ... (पृ.६) अस्तिरात ... (पृ. ७) व्यथै भयो ... (पृ.८) कहिले बाँकी ... (पृ.९) आउँछउ ... (पृ. ११) मैली भने ... (पृ. १३ को दुई सेर मात्र) पैले पैले ... (पृ.१६) अझै कति ...(पृ.२०) निकुञ्जमा सऱ्यो ... (पृ.२९) हिमचुली ... (पृ.२४) विश्वास हो की ... (पृ. ३४) अझै चुप ..(पृ. ३५) प्राण बाजी ... (पृ. ३७) जस्ता स्रोह ओटा गजल रदिफ विहीन भएकाले गैरमुरद्दफ बर्गमा पर्दछन भने बाँकी सबै गजलहरू मुरद्धफ वर्गमा पर्दछन् । गजलकार शान्तिनारायण श्रेष्ठले आफ्ना गजलहरूमा तखल्लुषको प्रयोग कतै पनि गरेका छैनन् ।

### ३.१.१.२ विषयवस्तु

शान्तिनारायण श्रेष्ठले **अनुभूती** गजलसङ्ग्रहमा समाजमा हुने विसङ्गति र विकृतिहरूलाई मुख्य विषय बनाएका छन अनि यस्ता विकृति विसङ्गतिलाईं व्यङ्ग्य प्रहार गरेका छन् । यसैक्रममा राजनीतिमा देखिने विकृति अनि नेताहरूमा देखिने भ्रष्ट आचारणप्रति गजलकार चिन्तित देखिन्छन् । नेताहरूद्वारा नै देशको अस्मिता लुटिन पुगेको कुरालाई गजलकार यहाँ व्यङ्ग्य गर्छन् ।

*लुकेका र सुतेका ती जब यहाँ उठ्न थाले*
*पालै पालो गरी देशको अस्मिता लुट्न थाले ।*

*(पृ. ४)*

*ढुकुटी नै रित्याएर अपच हुन्जेल खाएपछि*
*जुन थालमा खाना खाए त्यही थालमा चुठ्न थाले ।*

(पृ.५)

गजल विधाले माया प्रीति र व्यङ्ग्य विद्रोही केही भावलाई पछ्याउने गर्दछ तर यस गजल भित्र जम्मा १३ ओटा गजलमा माया प्रीतिका कुरा छन् भने बाँकी सबै गजलमा नेताको चरित्र, समाज, गरिबी मानवता आदिसँग सम्बन्धित रहेका छन् । हाम्रो राष्ट्रिय राजनीतिमा प्रजातन्त्रको पुर्नस्थापन पछि देखापरेको आरोह अवरोहले सत्तास्वार्थ र स्वअभिव्यक्ति प्रदर्शन गर्ने प्रवृति विकास हुँदै जाँदा नेपालको कला संस्कृति विस्तारै विदेशी महलमा शोभायमान बन्न

गएका छन् । नदी नालालाई आफ्नै बञ्जर भूमिमा सिंचित गर्नुपर्ने समयमा, अरूलाई उपहार स्वरूप प्रदान गर्ने लागि रहेकोमा गजलकारले यसरी भनेका छन् ।

*हाम्रो कला संस्कृति र गौरवशाली वस्तुहरू*
*हाम्रै अर्कमयताले नदीनाला तरिसके।*

(पृ.३६)

आज भोको पेट दुई खुट्टामाथि उभ्याएर दुई छाक टार्नका लागि विदेशी सँग हात पसारि रहेको अवस्थामा हाम्रा नेताहरू जनतालाई आश्वासन मात्र बाँडिरहेका छन् अब आश्वासन खाँदा खाँदा जनतालाई अपच भएको छ । कतिको ज्यान आश्वासनले लिइ सक्यो भन्ने व्यङ्ग्यात्मक अभिव्यक्ति गजलकारले यसरी भनेका छन् (पौड्याल : २०६० भूमिका)

*मन्त्रीजीको आश्वासन कति खानु ? अझै पनि*
*खाँदा खाँदा अपच भै कति जना त मरिसके।*

(पृ. २६)

देशमा बढ्दै गइरहेको राजनैतिक अर्कमण्यता तथा समस्यालाई बसेर छलफल गरी समाधान निकाल्न छोडेर जनता वाक्क भएका विषयलाई गजलकार यसरी व्यक्त गर्दछन् ।

*लेकमा हुँदा जाडो थियो बेसी झर्दा घाम भयो*
*शहर जान खोज्दाखेरी फेरि चक्का जाम भयो ।*

(पृ.३१)

यसरी गजलकार शान्तिनारायण श्रेष्ठले समाजमा देखिने सामाजिक, राजनीतिक, सास्कृतिक आदि विभिन्न खाले विकृति र विसङ्गतिप्रति व्यङग्य प्रस्तुत गर्दै तिनका विरुद्ध एकजुट हुनुपर्ने विचारलाई आफ्ना गजलहरूका मुख्य विषयवस्तु बनाएका छन् ।

**३.१.१.३ लय**

लय प्रयोगका दृष्टिले गजलकार शान्तिनारायण श्रेष्ठ पूर्ण सचेत देखिदैनन् । अनुभूति भित्र समावेश उनका ३८ ओटा गजलहरूमध्ये अधिकांश गजलभरी पूर्णरूपमा एउटै निश्चित लय प्रयोग गरिएको छैन । उनका गजलमा लयप्रयोगको उदाहरण तल प्रस्तुत गरिएको छ ।

*अरुलाई जस्तै मलाई पनि आकर्षणले गुलावको*
*फुल टिप्न खोज्दाखेरी हातभरि काँडा भयो।*

(पृ.१)

*अस्तिसम्म सानै देख्थे आजै ठूलो भएछौं*
*पोष्टरको न्याय जोख्ने तुलो भएछौं।*

(पृ२९)

माथिका उदाहरणहरूमा पहिलो सेरको मिसरा एउला १८ अक्षरमा आधारित छ भने सोही सेरको मिसरा ए-सानीमा १६ अक्षरको अर्को लय व्यवस्था रहेको छ । यसरी एउटै सेरमा

समेत लय भङ्गको अवस्था रहेको छ । यस्ता कमजोरी उनका अन्य कतिपय गजलहरूमा पनि पाइन्छ ।

### ३.१.१.४ बिम्ब प्रतीक तथा अलङ्कार

बिम्ब प्रयोग शान्तिनारायण श्रेष्ठको **अनुभूति** गजल सङ्ग्रहमा दृश्य, श्रव्य, गति र तापसम्बन्धी बिम्बहरूको प्रयोग गरिएको छ । तिनको केही उदाहरण्हरू तल प्रस्तुत गरिएको छ ।

**दृश्यसम्बन्धी बिम्ब**

*अस्तिसम्म सानै देख्थे आजै ठूलो भएछौं*
*पोष्टरको न्याय जोख्ने तुलो भएछौं ।*

(पृ.२९)

**श्रव्यसम्बन्धी बिम्ब**

*सुन्नलाई त भाषणमा राम्रै कुरा सुनियो*
*कैले राम्रो थाल्यो र ? अब राम्रो हो ।*

(पृ.३२)

**स्वादसम्बन्धी बिम्ब**

*दुःखम सुखम आँटोपीठो साँझविहान खाएको छु*
*कर्मै रुखो रैछ मेरो भनी गीत गाएको छु ।*

(पृ.१४)

**गतिसम्बन्धी बिम्ब**

*निकुन्जमा सऱ्यो भन्छन बगैचाको माली*
*गाउँ घर सुनसान भयो यसपाली ।*

(पृ.२१)

**तापसम्बन्धी बिम्ब**

*कहिले काँही पोले पनि मन पर्ने घामै*
*अरुको त लोकाचार मायाँ गर्ने आमै ।*

(पृ. ९)

**प्रतीक प्रयोग**

शान्तिनारायण श्रेष्ठले **अनुभूती**मा सङग्रहीत आफ्ना केही गजलहरूमा मात्र प्रतीकको प्रयोग गरेका छन् । यस सङ्ग्रहमा प्रयोग भएका केही सेरहरूको उदाहरण यस प्रकार छ ।

*अरुलाई जस्तै मलाई पनि आकर्षणले गुलावको*
*फूल टिप्न खोज्दादखेरी हात भरि काँडा भयो ।*

(पृ.१)

*गुणग्राही नबनेका बैगुनी ती साँडेहरू*
*धनकै लागि देह व्यापार गर्ने उही सानी जस्तै*

(पृ.३)

यहाँ प्रयोग भएका प्रतीकहरूले काँडाले शुत्रलाई र साँडेहरूले नेताहरूलाई बुझाएको छ ।

**अलङ्कार प्रयोग**

**अनुभुती** मा सङग्रहीत शब्दालङ्कार तथा अर्थालङ्कारहरूको केही उदाहरूण तल प्रस्तुत गरिएको छ ।

**अनुप्रास अलङ्कार**

**अनुभुती** भित्र सङग्रहित गजलहरूमा अनुप्रास अलङ्कार अन्तर्गतका आधनुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको प्रंयोग गरिएको छ ।

**शब्दालङ्कार**

**आद्यनुप्रास** : *पैले पैले मलाई देख्दा हाँस्थ्यौ तिमी मस्केर*
*मैले पनि तिमीलाई दिन्थे मायाँ पस्केर ।*

(पृ.१६)

**मध्यानुप्रास** : *तिम्रो नयन बाँण लागि घायल भएको छु*
*झनै भोक निन्द्रा भागी कायल भएको छु।*

(पृ.१८)

**अन्त्यानुप्रास** : *संयोग र वियोगको जिन्दगीको मेला*
*भर्दा भर्दै म त परे बैगुनीको फेला।*

(पृ.२०)

**अर्थालाङकार**

**उपमा अलङ्कार :** *कर्कलाको पातमाथि टल्किएको पानी जस्तै*
*जिन्दगी यो अनायासै फुक्लि जाने मानी जस्तै ।*

(पृ.३३)

**प्रश्नालङ्कार** : *कहाँ पुगि टुङ्गिने हो ? हामी हिड्ने बाटाहरू*
*कैले पूर्ति हुने होला ? हामीले भोग्ने घाटाहरू।*

(पृ.३६)

**लोकोउक्ति अलङ्कार** : *मेरो पासमा द्रव्य हुँदा सम्म उसले प्रेम गऱ्यो*
*चाहिदाको भाँडो आज नचाहिदाको ठाँडो भयो।*

(पृ.१५)

### ३.१.१.५ भाषाशैली

यस सङग्रहमा सहज, सरल र भाव सम्प्रेष्य भाषा शैलीको प्रयोग छ । गजल गेयात्मकतामा आधारित विधा भएकाले गति यतिको समुचित व्यवस्थापनका लागि भाषागत तोडमोड स्थिति पनि देखिएको छ । भाषागत विचलन पनि केही गजलहरूमा रहेको छ । यस

सङ्ग्रहमा आकाश, हृदय, षडयन्त्र, घर्ती, नेता, पुष्प आदि तत्सम शब्दको प्रयोग गरिएको छ भने आँसु, मीठो, तितो आदि तद्भव तथा खुसी, भाषण जस्ता आगन्तुक शब्द प्रयोगले भावपरिपूर्णता सृजना हुन पुगेको छ । यसरी समग्रमा भाषा प्रयोग सरल छ ।

#### ३.१.१.६ निष्कर्ष

शान्तिनारायण श्रेष्ठको **अनुभुती** (२०६०) गजल सङग्रहमा ३८ ओटा गजल सङग्रहीत रहेका छन् । यसमा पूर्ण तथा आंशिक काफियाको प्रयोग पाइन्छ । यस सङग्रका चार ओटा गजल ५ सेरका र अरू ३४ ओटा गजल ६ सेरमा संरचित छन् । यस सङग्रहमा कतै पनि तखल्लुसको प्रयोग भेटिदैन । नेताहरूले देशको अस्तित्व लुटेको, मन्त्रीजीको आश्वासनमात्र खानु परेको जस्ता सामाजिक राजनितिक विषयवस्तु अधिकाश गजलमा रहेको छ भने तेह्र ओटा गजलमा मात्र मायप्रेमको विषय समावेश गरिएको छ । लयप्रयोगमा सचेतता देखिदैन । श्रव्य दृश्य गति र ताप सम्बनधी बिम्ब प्रयोग गरिएको छ । केही गजलहरूमा प्रतीक प्रयोग गरिएको छ । शब्दालङ्कार र अर्थालाङ्कारको प्रयोगले गजल कलात्मक बनेको छ ।

## ३.२ इन्द्रकुमार विकल्प र उनको *लाली गुराँस फुल्ने मन* गजलहरूको अध्ययन

पिता गोपीमान जोशी र माता नन्दकुमारी जोशीको कोखबाट वि.सं २०१८ कार्तिक २ गते पर्वत जिल्लाको माझफाँट-३ मा जन्मिएका इन्द्रकुमार विकल्पको हालको बसोवास पर्वत जिल्ला शिवालय गा.वि.स. ५ कुश्मामा रहेको छ । व्यापार तथा शिक्षण पेसामा आबद्ध रहेका छन् । उनको लाली गुराँसफुल्ने मन वि.सं २०६२ सालमा हाम्रो मझेरी साहित्य प्रतिष्ठान भरतपुरले प्रकाशित गरेको हो । जसको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

### ३.२.१ संरचना

**लाली गुराँस फुल्ने मन** गजल सङ्ग्रहमा जम्मा ६८ वटा गजलहरू सङ्ग्रहित छन् भने ७१ पृष्ठ संख्या कायम गरिएको छ । गजलका सबै गजल ५ सेरमा संरचित रहेका छन् । यस सङ्ग्रहमा ६ वटा गजलमा मतलालाई मकताका रूपमा पुनरावृत्ति गरिएको छ । काफिया प्रयोगका दृष्टिले यस सङ्ग्रहका गजलहरू हेर्दा पूर्ण तथा आंशिक गरी दुवै अनुप्रासयुक्त काफियाको प्रयोग भएको छ , पूर्ण आंशिक अनुप्रासयुक्त काफिया प्रयोग भएका उदाहरणहरू यस प्रकार छन् ।

**पूर्णकाफिया** : *तिम्रो माया आज अन्तै सरे जस्तो लाग्छ*
*उजाड लाग्ने मरुभूमि चरे जस्तो लाग्छ*

यस सङ्ग्रहका गजलमा सरे-चरे, गरे-परे, झरे-मरे (पृ.१), फुलाउनु- चलाउनु, भुलाउनु- खुलाउनु, डुलाउनु- धुलाउनु (पृ.२१) आदि पूर्ण काफिया तथा गीत- प्रीत (पृ.३५) असुल्न- हुल्न, सानो- अचानो (पृ.८) आस-मधुमास (पृ.४) आदि जस्ता आंशिक काफियाको प्रयोग भएको छ ।

यस सङ्ग्रहका पृ. ३८, ३९, ४२ , ४५ र ५६ मा मात्र गैरमुरद्दफ वर्गकागजलहरू रहेका छन् भने अन्य सबै गजलहरूमा रदिफको प्रयोग भएको छ । प्रस्तुत सङ्ग्रहमा प्रयुक्त गैरमुरद्दफ तथा मुरद्धफ गजलका एक एक सेर यस प्रकार छन् ।

**गैरमुरद्धफ** : *सधैं सधैं हेर्ने नजर आज किन अन्तै मोड्यौ*
*अजम्बरी माया दिने कसम किन चाँडै तोड्यौ ।*

(पृ. ५६)

**मुरद्धफ** : *आँखा तर्नेलाई छोडी बस्ती सर्न पाए हुन्थ्यो*
*हाँसी हाँसी जिन्दगीको सिन्धु तर्न पाए हुन्थ्यो ।*

(पृ.६६)

यस सङ्ग्रहको पहिलो गजल बाहेक अन्य कुनैमा पनि तखल्लुसको प्रयोग गरिएको छैन । यसभित्रको तखल्लुस प्रयोग भएको गजलको एउटा सेर यस प्रकार छन ।

*माग्दै हिँड्छौ कति नि घात गरी गरी*
*हजुर भन्न विकल्प लाई मरे जस्तो लाछ ।*

(पृ.१)

### ३.२.२ विषयवस्तु

प्रस्तुत गजलसङ्ग्रहका ६८ वटै गजलहरू शृङ्गारिक भावधारामा रचिएका छन् गजलकारले आफ्ना मनका हर्षभावलाई मायालुसँगै आत्मिक प्रेममा कतै संयोग शृङ्गारिक रसको अभिव्यक्ति दिएका छन् जसको उदाहरण यस प्रकार छ ।

**संयोग शृङ्गार** :*धेरै दिनमा भेट भयो तिम्रो मेरो बात लम्बियो*
*आँखाहरू एक भए ओठसँग मात लम्बियो ।*

(पृ.६)

गजलकारले प्रेमिकाको छलकपटपूर्ण व्यवहारप्रति आक्रोश र घृणा व्यक्त गर्दै वियोग शृङ्गारिक भाव यसरी व्यक्त गरेका छन् -

**वियोग शृङ्गार** : *तर्की तर्की हिड्छु भन्थे तिमी आउने बाटो पऱ्यो ।*
*माया गर्छु भनी हिड्दा बीचमा नै फाटो पऱ्यो।*

(पृ.५)

यस सङ्ग्रहभित्रका गजलमा कतै रूपको घमण्डमा बहकिएर हिड्ने सतही प्रेमीप्रति आक्रोश व्यक्त भएको छ भने कतै मायामा आजीवन समर्पित भइदिने निश्छल , निष्कपट भावना पनि व्यक्त भएका छन् । त्यसैगरी जीवन भोगाइका क्रममा आउने विभिन्न सङ्घर्षपूर्ण क्षणहरूको चित्रणपनि यस भित्रका गजलमा भएको छ ।

**जीवनसङ्घर्ष** : *स्वीकार या फालिदेऊ प्रेमको यो पानो हजुर*
*जीवन त सङ्घर्ष हो मन नहोस् सानो हजुर ।*

(पृ.८)

यस सङ्ग्रहका गजलमा धनी गरिबका बीचको असमानताको खाडल र मर्दा लाने केही पनि होइन र बाचुन्जेल खाने पनि आखिर एक पेट त होनि भन्ने जीवनदर्शनका कुरालाई प्रेम प्रसङ्गसँग जोडेर प्रस्तुत गरिएको छ ।

**असमानताको चित्रण** : *खाऔं कसम दुवै मिली सँगै मर्ने सँगै बाँच्ने*
*धनी गरिबले खाने उही एक मानो हजुर ।*

(पृ.८)

आफ्नो जवानी र रूपले मात्तिएर आफूले पहिले गरेका वाचा कसम प्रति आँखा चिम्लने धोकेवाज, निष्ठुरी अनि क्षणिक मोजमस्तीमा रम्ने झूठो प्रेमप्रति पनि यस सङ्ग्रहका केही गजलमा आक्रोश व्यक्त गरिएको छ ।

**झूठोप्रेमको चित्रण** : *धेरे धेरै प्रेमीलाई धेरैपल्ट ढाट्यौ तिमीले*
*झूठो प्रेम देखाएर कच्ची डोरी बाट्यौ तिमीले ।*

(पृ.३४)

यसका साथै इन्द्रकुमार विकल्पले यौवन भन्ने कुरा एकपटक आउने कुरा हो । त्यस्तो अवस्थामा मात्तिएर नहिँड्ने उपदेश एक नवयौवनालाई **फूल जस्तो यौवन यो** (पृ.२९) बोलको गजलमा समेटेका छन् ।

### ३.२.३ लय

लय प्रयोगका दृष्टिले इन्द्रकुमार विकल्पले आफ्ना गजलमा कतै पनि शास्त्रीय लयको प्रयोग भएको छैन । उनका अत्यधिक गजलहरू १६ अक्षरको लय पाइन्छ (पृ.१) । तिम्रो माया आज, फूल भनी टिप्न खोजे, (पृ.११) गाउँभरि तिम्रै मात्र (पृ.१५) तिम्रो सामु (पृ.१९) डाँडाले पो रोक्नुपर्ने (पृ.२३) प्रेमीहरूको भीडमा (पृ.२५) पागल भनी नसम्झनु , (पृ. २८) टाढैबाट मखख परी, गरी आठवटा गजल १६ अक्षरमा संरचित छन् । उनका (पृ. २०) को रैछ माया उधारो गजल १३ अक्षरमा, (पृ. १४) को गजल खाली तिम्रो सिउँदो १४ अक्षरमा संरचित छन् भने अन्य गजलहरूमा पूर्णरूपमा एउटै निश्चित लय प्रयोग गरिएको छैन । तसर्थ उनका सबै गजलहरूका विभन्नि सेरमा लयभङ्गको स्थिति देखापरेको छ । कतिपय गजलका मतला भागमा आक्षारिक लयको प्रयोग देखिए पनि बाँकी अन्य सेरमा लयको निरन्तरता पाइदैन । उनका गजलमा प्रयुक्त लय प्रयोगको अवस्था निम्न प्रकार रहेको छ:

*लाली गुराँस फूल्ने मन आज किन थरथरायो*
*बायाँ आँखा अशुभको आज किन फरफरायो ।*

*सधैँ आउँथ्यो सधै जान्थ्यो हामी दुईको प्रेमपत्र*
*उनको पत्र पढ्दा ओठ आज किन बरबरायो ॥*

(पृ.३)

उल्लिखित उदाहरणको मतला ४+४+४+४=१६ अक्षरको लय छ भने दोस्रो सेरको मिसरा एउलामा ५+४+५+४=१८ र मिसरा ए सानीमा ५+४४+४= १७ अक्षर रहेकाले लय भङ्गको स्थिति देखिन्छ । अत इन्द्रकुमार विकल्पका अधिकांश गजलहरूमा लय प्रयोगको राम्रो भए पनि केही गजलहरूमा लय व्यवस्था कमजोर रहेको छ ।

### ३.२.४ विम्ब, प्रतीक तथा अलङ्कार

इन्द्रकुमार विकल्पको **लालीगुराँस फुल्ने मन**मा सङ्ग्रहीत गजलहरूमा केही आयोजित तथा स्वनिर्मित रूपमा विभिन्न विम्ब, प्रतीक तथा अलङ्कार प्रयोग गरिएका छन् । तिनको चर्चा तल प्रस्तुत गरिएको -

**बिम्बप्रयोग**

इन्द्रकुमार विकल्पले लालीगुराँस फुल्ने मनमा सङ्ग्रहित आफ्ना गजलहरूमा विभिन्न विम्बको प्रयोग गरी भावपक्षलाई सबल तुल्याएका छन् । यस सङ्ग्रहको अध्ययन गर्दा दृश्य सम्बन्धी विम्ब, श्रव्यसमबन्धी विम्ब, तापसम्बन्धी विम्ब, गतिसम्बन्धी विम्ब, स्वादसम्बन्धी विम्ब, स्पर्शसम्बन्धी विम्बहरूको प्रयोग गरिएको पाइन्छ । तिनका केही उदाहरण तल प्रस्तुत गरिएको छ :

**दृश्यसम्बन्धी विम्ब** : *तिम्रो सुन्दर तन हेरी लोभी आँखा झुल्दै थिए*
*मलाई ने चाहेर मेरो नजिक आएक छौ ।*
(पृ. २८)

**श्रव्यसम्बन्धी विम्ब** : *टाढैबाट मख्ख परी मेरै गीत गाएकी छ्यौ*
*मेरै सामु धर्म भाकी कसम पनि खाएकी छ्यौ ।*
(पृ.२८)

**तापसम्बन्धी विम्ब** : *घामले पोल्छ थाहा थियो पोल्न थाल्यो जूनले पनि*
*स्मृतिमा नै घरि घरि मुटु मेरो घोच्न थाल्यो ।*
(पृ.१९)

**गतिसम्बन्धी विम्ब** : *सबैलाई तल्याएर भमरा भै आएको छु*
*तिरस्कार पन्छाएर अँगालेमा झूल्न देऊ ।*
(पृ.१५)

**स्वादसम्बन्धी विम्बः** *देखावटी माया तिम्रो बुझेर मैले सकिन*
*फूलसरी चुसीचुसी काँडामा जाक्यौ तिमीले ।*
(पृ.२३)

**स्पर्शसम्बन्धी विम्ब** : *आफ्नो लागि तिमी छैनौ भयौ अर्केलाई*
*पराइलाई छातीभित्र टाँसु कसरी ।*
(पृ.१०)

**प्रतीक प्रयोग**

इन्द्रकुमार विकल्पले **लालीगुराँस फुल्ने मनमा** सङ्ग्रहित आफ्ना केही गजलहरूमा अर्थको विशिष्टीकरणका लागि विभिन्न प्रतीकहरूको प्रयोग गरेका छन् । जसलाई उदाहरणका रूपमा यसरी प्रस्तुत गरिएको छ ।

*फूल भनी टिप्न खोजे काँडासँग ठेस लाग्यो*
*त्यही काँडा चुम्न खोज्दा पनि मलाई केस लाग्यो ।*

(पृ.७)

*कैले काहीँ भेट हुने तल बेंसी झरेपछि*
*आशा गरी बस्नु पर्ने प्रेम बीउ छरेपछि ।*

(पृ.४६)

*कतिबेला कतिबेला जूनले पनि पोल्छ मेरो मन*
*आरिसेको बर्मा घुम्दा दुख्नेगरी खोल्छ मेरो मन ।*

(पृ.९)

यहाँ प्रयोग भएका प्रतीकहरू फूलले प्रेमीका, बीउले सन्तानलाई बुझाएका छन् ।

**अलङ्कार प्रयोग**

**लालीगराँस फुल्ने मनभित्र** सङ्ग्रहित गजलहरूमा प्रयुक्त पूर्व उल्लिखित विम्ब तथा प्रतीकहरूको प्रयोगले विभिन्न अलङ्कार सिर्जना गरेका छन् । यहाँ यस सङ्ग्रहमा सङ्ग्रहित गजलहरूमा आयोजित तथा स्वतनिर्मित रूपमा पाइने अलङ्कालहरू मध्ये केहीलाई तलका बुँदामा प्रस्तुत गरिएको छ :

**शब्दालङ्कार**

**अनुप्रास अलङ्कार**

यस सङ्ग्रहमा सङ्ग्रहित गजलहरूमा अनुप्रास अलङ्कार अन्तर्गतका अन्त्यानुप्रास आद्यानुप्रास, आवृत्ति अनुप्रास, आन्तरिक अनुप्रास वृत्यानुप्रास आदिको प्रयोग पाइन्छ ।

**अन्त्यानुप्रास** : *फूल जस्तो यौवन यो आउँदैन फर्किएर*
*मात्तिएर नहिँड्नु है जाला त्यसै घर्किएर ।*

(पृ.२९)

**आद्यानुप्रास** : *तिम्रो हाँसो अचेल मलाई मुटुभित्र कोप्न थाल्यो*
*तिम्रो बोली अचेल मलाई बाणसरी रोपन थाल्यो ।*

(पृ.४३)

**आवृत्ति अनुप्रास**: *भौतारिएर पीडा बोकी त्यस्तो कुनै साथ पाइन*
*चोटलाई बिर्साउने त्यस्तो कुनै हात पाइन ।*

(पृ. ६१)

**आन्तरिक अनुप्रासः** *रुँदारुँदा आँसु सकियो हाँसु कसरी*
*पीर व्यथा मनमा राखी नाचु कसरी ।*

(पृ.१०)

**वृत्यानुप्रास** : *आफू को हुँ आफैलाई कता कता भ्रम लाग्यो*
*आफ्नो छाया आफैलाई अघि पछि छल्न थाल्यो ।*

(पृ.४८)

**अर्थालङ्कार**

**उपमा अलङ्कार** : *तिम्रो माया साँची राख्छु अजम्बरी फूलसरी*
*जूनीभरि, पुग्ने गरी पिरतीको रास देऊ ।*

(पृ.४)

**लोकोक्ति अलङ्कार** : *बर्मा गए कर्मसँगै भन्थे बूढा पाकाहरू*
*कर्म सँगै आफ्नै चरनमा चर्न पाए हुन्थ्यो ।*

(पृ.६६)

यसरी इन्द्रकुमार विकल्पको **लालीगुराँस फुल्ने मनभित्र** सङ्ग्रहित गजलहरूको अध्ययन गर्दा विम्ब, प्रतीक तथा अलङ्कारको प्रयोगमा सचेत रहेका पाइन्छन् ।

### ३.२.५ भाषाशैली

यस सङ्ग्रहमा बोधगम्य, सरल र सहज भाषाशैलीको प्रयोग भएको छ । अत्यन्त कोमल शब्द तथा पदावलीको माध्यमबाट अनुभूतिलाई अभिव्यक्ति गरिएकोले यस सङ्ग्रहका गजलहरू, मार्मिक र हृदयस्पर्शी बन्न पुगेका छन् । यस सङ्ग्रहका गजलहरूमा थरथरायो, बरबरायो, चरचरायो (पृ.३) जस्ता अनुकरणात्मक शब्दको समेत प्रयोग गरिएको छ । गजल विधामा प्रायः भाषिक विचलनको स्थिति बढी नै मात्रामा देखिने भए पनि यस सङ्ग्रहका गजलमा त्यस्तो देखिँदैन यस सङ्ग्रह भित्रका गजलमा कतै कतै त, वर्णको प्रतिस्थापन (पृ.६१) वर्णले जबरजस्ती गर्न खोजिएको छ । यसो गरिए पनि गजलको मर्म र लयमा भने कुनै असर परेको देखिदैन हलन्तको प्रयोग न्यून गरेर पनि आक्षरिक लयको आंशिक रूपमा भए पनि कुशल संयोजन गर्न सक्नु गजलकारको वैशिष्ट्य हो ।

यस सङ्ग्रहमा प्रयोग भएका मरुभूमि (पृ.१) गीत, धीत (पृ.३) , मधुमाम (पृ.४) घात (पृ.६) देवता .पृ.१३) सुखद (पृ.१७) जपी (पृ.३५) आदि तत्सम बात .पृ.६) लाज (पृ.३३) आदि तद्भव तथा खुसी, जहा, (पृ.१९) हाइहाई जञ्जिर (पृ.४५) कसुर, सहर (पृ. २९) आदि विभन्नि स्रोतका आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । समग्रमा यस सङ्ग्रहभित्रका गजलमा सरल, सहज, सम्प्रेषणीय र परिष्कृत रहेका छन् ।

### ३.२.६ निष्कर्ष

इन्द्रकुमार विकल्पको **लालीगुराँस फुल्ने मनमा** उनका ६८ वटा गजलहरू सङ्ग्रहित छन् । संरचनाका तहमा सेर, रदिफ आदिको प्रयोगमा सचेत देखिए पनि कतिपय गजलमा काफियाको रूपमा एउटै शब्द पटक पटक दोहोऱ्याइएको पाइनुले केही कमजोरी पनि देखिन्छ । विषयवस्तुको प्रयोगमा सम्पूर्ण गजलहरू शृङ्गारिक भावधारामा रचिएका छन् । संयोग शृङ्गार र वियोग शृङ्गार बढी रहेको पाइन्छ । लय प्रयोगमा आंशिक रूपमा भए पनि सफल रहेका छन् । विम्ब, प्रतीक तथा अलङ्कारको प्रयोगमा केही हदसम्म भए पनि सचेत देखिन्छन् । उनका गजलमा भाषा सजिलै बुझ्न सक्ने खालको रहेको पाइन्छ ।

### ३.३ सरस्वती शर्मा 'जिज्ञासु' र *हुस्सुभित्रको घाम* गजल सङ्ग्रहको अध्ययन

पिता स्व. प्रजापति अधिकारी र माता श्रीमती गौरीदेवी अधिकारीको कोखबाट २०२५ श्रावण १३ मा पर्वत जिल्लामा जन्मिएकी हुन् । पर्वते गजलकारहरू मध्ये एक हुन विभिन्न साहित्यिक सङ्घसंस्था तथा गैरसाहित्यिक सङ्घसंस्था र पत्रपत्रिकासँग संलग्न रहेकी शर्माले पेसा समाजसेवा र औषधि विक्रेताको रूपमा अपनाएकी छिन् । विभिन्न पत्रपत्रिकामा फुटकर रचनाहरू प्रकाशित गराएकी सरस्वती शर्मा 'जिज्ञासु'को **हुस्सुभित्रको घाम** नामक गजलसङ्ग्रह वि.सं २०६२ मा प्रकाशित भएको हो । यहाँ यही गजलसङ्ग्रहको विश्लेषण प्रस्तुत गरिएको छ ।

**हुस्सुभित्रको घाम** (वि.सं २०६२) गजलकार सरस्वती शर्माका विभिन्न पत्रपत्रिकामा प्रकाशित थप नयाँ गजलहरूको सङ्कलन हो । यस गजलसङ्ग्रहमा शर्माका ७२ वटा गजलहरू सङ्कलित छन् । गणेशकुमार जि.सी.ले आवरण निर्माण गरेको यस सङ्ग्रहको प्रकाशन माधुरी साहित्यप्रतिष्ठान कुस्मा पर्वतमार्फत भएको हो । घनश्याम न्यौपाने 'परिश्रमी', ज्ञानुवाकर पौडेल, बुँदा राना, लक्ष्मणप्रसाद गौतम र खगेन्द्र गिरी 'कोपीलाले भूमिका तथा शुभकामना लेख लेखेको यस सङ्ग्रहलाई यहाँ गजल सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

### ३.३.१ संरचना

यस सङ्ग्रहमा समसामयिक खण्ड, प्रणय खण्ड र विविध खण्डमा गरी जम्मा ७२ वटा गजलहरू सङ्ग्रहीत छन् । तीन खण्डहरूमध्ये पहिलोमा ३१, दोस्रोमा २२ र तेस्रोमा १९ गजल रहेकोमा ती सम्पूर्ण गजलहरू ५ सेरमा संरचित छन् ।

यस सङ्ग्रहमा पूर्ण तथा आंशिक काफियाको प्रयोग गरिएको छ । उनका गजलहरूमध्ये यही राष्ट्रको भलो (पृ.२६) मुखलेमात्र किन ठक्क (पृ.२७) शान्ति फलने मेरा देशमा (पृ.३१) सगरमाथा चुम्ने गरी (पृ.३५) एकताकै वयान राम्रो (पृ.३९) रातो कालो भए पनि (पृ.४५) अचेल शब्द किन (पृ.७१) माया प्रीति गास्ने (पृ.७५) तिम्रो साथले (पृ.७७) देश विकासमा अघि बढौँ (पृ.८३) नसहनु अत्याचार (पृ.८७) आशीर्वाद मागेकी छु . . .(पृ.८८) आदि पूर्ण काफियाको तथा अझै शान्ति देशको (पृ.३७) तिम्रो साथले (पृ.७७) लेखनीले मन छुने (पृ.९९) केही चिजको पनि (पृ.९८) दिनसम्म चोट दियौ (पृ.९४) सङ्घर्षशील नारी लागौ (पृ.८१) आदि आंशिक अनुप्रासयुक्त काफियाको प्रयोग गरेको पाइन्छ ।

यस सङ्ग्रहको तिम्रो विजयको निम्ति (पृ.७८) बनाऊँ हामीले विचार (पृ.४४) राम्रो वृक्ष उच्च (पृ.३६) जस्ता गजलहरूमा रदिफहरूको प्रयोग पाइँदैन भन्ने अन्य बाँकी सम्पूर्ण गजलमा रदिफको प्रयोग गरिएको छ ।

यस सङ्ग्रहका अधिकांश गजलहरूमा तखल्लुसको प्रयोग गरिएको छ । यसमा ७२ वटा गजलहरूमध्ये ४३ वटा गजलहरूमा जिज्ञासुलाई तखल्लुसको रुपमा प्रयोग गरिएको छ ।

**३.३.२ विषयवस्तु**

प्रस्तुत गजलसङ्ग्रहमा गजलकार सरस्वती शर्मा 'जिज्ञासु' ले समसामयिक, प्रणयमूलक तथा विविध गरी तीन प्रकारका मूल विषयवस्तुलाई प्रस्तुत गरेकी छन् । समसामयिक खण्डका गजलमा कतै राष्ट्रभक्तिपूर्ण भावहरू प्रकट भएका छन् त कतै भाइभाइबीचको लडाइले शान्तिको देश नेपाल रणभूमिमा परिणत भइरहेको यथार्थता प्रस्तुत भएको । मूल रूपमा यस खण्डका गजलमा वि.सं २०५० को दशकदेखि वि.स. २०६२ सम्मको वस्तुस्थितिलाई उजागर गरिएको छ । यी गजलमा राष्ट्रमा रगतको होली खेल्न नहुने, दुःख गर्नेलाई सम्मान गर्नु पर्ने काम छोडेर गीत गाउन नहुने तथा भ्रष्टाचार गर्न नहुने तथा भ्रष्टाचार गर्न नहुने बताइएको छ । यस सङ्ग्रहमा सङ्ग्रहीत राष्ट्रभक्तिपूर्ण भाव व्यक्त भएको जगलको एक सेर यस प्रकार छ-

*यै राष्ट्रको भलो हुने सधैँ गीत गाउँछु म त*
*यै राष्ट्रको माटोसँग माया प्रीत लाउँछु म त ।*

(पृ.२६)

देशमा गृहयुद्ध चलाएर आफ्नै भाइभाइबीच रगतको होली खेल्नेसँग दुःख गरेर खानेलाई बाँच्न देउ भन्ने आग्रहसमेत गरिएको छ :

*जागरण डाक्ने भाले बास्न देउ अब*
*दुःख गरी खानेलाई बाच्न देऊ अब ।*

(पृ.३२)

झूठा आश्वासन बाँडेर चुनाव जित्ने अनि गाउँ घर बिर्सेर भ्रष्टाचार गरी महलमा बस्ने र पजेरो चढ्ने नेपाली नेताहरूको प्रवृत्ति यी गजलमा यथार्थ रूपमा प्रकट भएको छ। नेताहरूकै कारण देशमा अशान्त र अस्थीर बनेको, नेपाली जनता सधै अहाभाव र पीडामा बाच्नु परेको कुरा यहाँ सबल रूपमा व्यक्त भएका छन् । युद्धले क्षत-विक्षत तत्कालीन परिवेशको चित्रण गर्दै जनतालाई घात गर्ने माथि लात हान्न तथा लोकतन्त्र प्राप्तिका लागि सबैलाई एकजुट भएर उठ्नसमेत यस खण्डका गजलले आग्रह गरेका छन् । देशको खति हुनबाट जोगाउन सबै जतालाई एक हुन गरिएको आग्रह यहाँ यसरी व्यक्त भएको छ ।

*देशबासी मिलौ अब खति धेरै भयो*
*एक ढिक्का भयौ भने ज्ञानको दीप बल्छ ।*(पृ.३६)

सरस्वती शर्मा 'जिज्ञासु'ले यस सङ्ग्रहको प्रणय खण्डका गजलमा मायाप्रेममा उत्पन्न हुने मिलन, विछोड पीडा, घात-प्रतिघात जस्ता विभिन्न अवस्थालाई आफ्नै अनुभूतिमा गालेर

प्रस्तुत गरेकी छन् । यहाँ कसैसँग सँगै बाच्ने सँगै मर्ने कसम सहित संयोग शृङ्गारिक भावयुक्त मीठा अनुभूतिहरूलाई प्रस्तुत गरी छन भने कतै उक्त प्रेमले मन मुटु नै छियाछिया बनाएका वियोग शृङ्गारिक भाव पनि अभिव्यक्त भएका छन् । संयोग शृङ्गारिक तथा वियोग शृङ्गारिक भावयुक्त गजलहरू एक एक सेर उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ :

**संयोग शृङ्गार** : *परेवारको जोडी जसतो नमुना यो सहयात्रा*
*तिम्रो हर गन्तव्यमा साथ मैल दिएकी छु ।*
(पृ.६८)

**वियोग शृङ्गारः** *वेदनाको राँको बाली बाच्ने गरेकी छु*
*पीडाहरू लुकाएर हाँस्ने गरेकी छु ।*
(पृ.७९)

यस सङ्ग्रहको विविध खण्डमा सृष्टिकी जननी नारीलाई आफ्नो हक अधिकार प्राप्तिका लागि सङ्घर्षशील बन्न आह्वान गरिएका गजलहरू प्रस्तुत गरिएका छन् । यहाँ नारीका छोरी, प्रेमिका, बुहारी, आमा जस्ता विविध रूपको पनि चर्चा गरिएको छ । वर्तमानमा मौलाएको सामाजिक विभेदलाई अन्त्य गनुपर्ने तथा राष्ट्रमा आइपरेका कठिनाइहरू हटाएर राष्ट्रलाई जोगाउनु पर्ने नेपालीको कर्तव्य हो । त्यसको लागि हामी वीर र साहसी भएर उठ्नुपर्छ भन्ने भावहरू पनि यस खण्डका गजलले समेटेका छन् । त्यसैगरी यस खण्डका गजलमा विश्वशान्तिको कामना सहित आध्यात्मिक भाव तथा साहित्यको महिमालाई पनि आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ । त्यस्ता गजलका केही नमुना यस प्रकार छन् :

**नारी मुक्ति** : *सङ्घर्षशील नारी लागौं मुक्तिको खोजीमा*
*एक समान व्यवहार हुने युक्तिको खोजीमा ।*
(पृ.८१)

**आध्यात्मिक भाव** : *आत्माको ज्योति ईश्वरको भक्ति सबैले गरुन्*
*अरुको आत्मा नमार्ने गरौ सुध्रिन्छ जीवन ।*
(पृ. ९८)

**साहित्यको महिमा** :*लेखनीले मन छुने गहन हो साहित्य*
*इतिहासमा उभ्याउने महान हो साहित्य ।*
(पृ.९९)

यसरी यस सङ्ग्रहको समसामयिक खण्डका गजलमा देशमा विद्यमान विभिन्न विकृति, विसङ्गति राजनैतिक अस्थिर, भ्रष्टाचार, नेताहरूको विलासी प्रवृत्ति, हत्याहिंसा, अराजकताको यथार्थ चित्रण गर्दै शान्ति र लोकतन्त्रका लागि सबैलाई सचेत रहन आह्वान गरिएका गजल सङ्ग्रहीत छन् । त्यसै गरी प्रणय खण्डका गजलमा मायाप्रेममा, मिलन विछोड, पीडा व्यथा तथा घात प्रतिघातजस्ता भावहरू समेटिएका छन् भने विविध खण्डमा नारीमुक्तिका आवाज

उठाउँदै नारीका बहुरूपका बारेमा पनि चर्चा गरिएको छ, साथै यसै खण्डका गजलमा वर्तमानका मानवमा विकास हुँदै गएको दानवीय प्रवृत्तिको समेत उल्लेख भएको छ । मान्छेको अशान्तमनलाई शान्त पार्न र एक आपसमा मानवीय भावनाको विकास गर्ने आध्यात्मिक मार्गतर्फ लाग्न पनि यी गजलले निर्देश गरेका छन् । यस सङ्ग्रहको प्रतीकात्मक रहेको शीर्षकमा प्रयुक्त घाम शब्दले सधैँ अर्काको मात्र सेवा गर्ने सोझा सिधा नेपाली जनतालाई बुझाएको छ भने हुस्सुले बाधा सिर्जना गर्ने नेताहरूलाई सङ्केत गरेको छ । समग्रमा यस शीर्षकले नेपाली जनता घामका प्रतीक हुन् तर सधैं हुस्सुले बाधा पुऱ्याइरहेको प्रतीकात्मक अर्थ बोध गराइएको छ । रस उत्पत्तिका हिसाबले हेर्दा यहाँ शृङ्गार, वीर, हास्य, करुण, विभत्स आदि रसभाव सिर्जना भएको पाइन्छ ।

**३.३.३ लय**

सरस्वती शर्मा 'जिज्ञासु'ले यस सङ्ग्रहका गजलमा नेपाली लोकलयलाई जोड दिएकी छन् । उनले कतिपय गजलमा नेपाली लोकलयलाई जोड दिएकी छन् । अधिकांश गजलहरूमा अक्षर संरचना मिलेको छ भने केहीमा आक्षरिक संरचनामा वेवास्ता गरेको भेटिन्छ । यस सङ्ग्रहमा लोकलय अन्तर्गत सवाई झ्याउरे लयको प्रयोग गरिएको छ। ४+४+४+२ को सूत्रमा आधारित १४ अक्षरे सवाई लोक छन्द प्रयोग भएको एक सेर यस प्रकार छ -

*अति भयो बहादुरी नदेखाऊ साथी*
*आफ्नै भाइ मारी खुसी नमनाऊ साथी ।*

(पृ.३०)

३+३+३+ को सूत्रमा आधारित १२ अक्षरे लय प्रयोग भएको गजलको एक सेर :

*भावना लगाऊ अमृत बाऊ*
*जौ तिलै चढाऊ भो रोट नपार ।*

(पृ.५१)

४+४+२+३ को सुत्रमा आधारित १३ अक्षर लय प्रयोग भएको गजलको एक सेर :

*माया प्रीति गाँस्ने छोड्न जन हैन म*
*साथी बनी लिने छोड्ने जन हैन म ।*

(पृ.७५)

५+४+४+३ = १६ को आक्षरिक संरचना आधारित गजल

*आकाशजस्तो फराकिलो सोच हुन्छ राष्ट्रको*
*ताली गाली दुवै पाउने डहन हो साहित्य ।*

(पृ.९९)

३+४+४+३+३ को अक्षर संरचनामा आधारित १७ अक्षर झ्याउरे लयको प्रयोग भएको सेर :

*सम्पूर्ण आत्मा उही परमत्मा एक भई लागौं न*
*अरुलाई टुक्रा बनाउँदा आफ्नै टुक्रिन्छ जीवन ।*

(पृ.९८)

आक्षेरिक लय नमिलेको एक सेरको उदाहरण यस प्रकार छ :

*प्राकृतिक शोभा यो धौलागिरि मस्किन्छन् जता*
*उज्वल दियो निभ्छ कि भनी भस्किछन् जनता ।*

(पृ.९२)

पृष्ठ ९२ को यो गजलमा मिसरा ए सानीमा १७ अक्षर र मिसरा एउलामा १६ अक्षर रहेकोले लयभङ्गको अवस्था रहेको छ ।

### ३.३.४ बिम्ब, प्रतीक र अलङ्कार

प्रस्तुत सङ्ग्रहमा दृश्यसम्बन्धी, श्रव्यसम्बन्धी, स्वादसम्बन्धी र तापसम्बन्धी विम्बहरूको प्रयोग गरिएको छ । त्यसैगरी यस सङ्ग्रहमा प्रयोग भएका अनुप्रास, उपमा, लोकोक्ति रूपक, र अतिसयोक्ति अलङ्कारको प्रयोग गरिएको छ ।

**विम्ब प्रयोग**

यस सङ्ग्रहमा विभिन्न विम्बहरूको प्रयोग भएका गजलका केही सेरहरू उदाहरणका रूपमा यस प्रकार प्रस्तुत गरिएको छ -

**दृश्यसम्बन्धी विम्ब** *:बस्ती शून्य-शून्य भए खाली भयो गाउँ सहर*
*आँखाबाट आँसु आयो गाउको बेताल देख्दा*

(पृ.२८)

**श्रव्यसम्बन्धी विम्ब** : *जीवनका कथा व्यथा सुनाइसके तिमीलाई*
*प्रतिपक्ष विपक्षका कुरामात्र सुन्छौ किन ?* (पृ. ५८)

**स्वादसम्बन्धी विम्ब** : *राम्रो वृक्ष उच्च हुन्छ, मीठो फल फल्छ*
*बढी हल्की माथि पुगे फेदैबाट ढल्छ ।* (पृ.३६)

**तापसम्बन्धी बिम्ब** : *रक्तरञ्जित बान थाले नदीनालाहरू*
*युद्धपिपासुको म जलाउँछ उसले ।*(पृ.३३)

**प्रतीक प्रयोग**

सरस्वती शर्मा 'जिज्ञासु'ले हुस्सुभित्रका घाममा सङ्ग्रहित आफ्ना केही गजलहरूमा अर्थको विशिष्टिकरणका लागि विभिन्न प्रतीकहरूको प्रयोग गरेकी छन् । उनका गजलहरूमा तखल्लुसका रूपमा प्रयुक्त 'जिज्ञासु' शब्दले समेत प्रतीकात्मक अर्थ प्रस्तुत गरेका छन् । याँ प्रयोग भएका प्रतीकको केही उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

*प्रेरणाको स्रोत बनी 'जिज्ञासु'को जीवनमा*
*अन्त कतै नजर लाउन भुलिदेउन तिमी ।*

(पृ.६६)

*'जिज्ञासु' लाई दुःख दिने बेइमानी जमानाले*
*समयको चापसँगै प्रभावत पनि घात भए छ ।*

(पृ.६७)

*काँडामाथि हिँडेकी छु, देशको खुसी हेर्न भनी*
*मुस्कान छरि आफै खुशी बाड्छु मुटु जले अझै ।*

(८३)

*जीवनसँग अनाहकमा खेलवाड गरी*
*विषालु साँप बनी डस्न हुन्न मानव।*

(पृ.८४)

*हुस्सुभित्रको घाम बनी आएकी छु सानु*
*राष्ट्रप्रेम झल्काएर गाएकी छु सानु ।*

(पृ.३८)

यहाँ प्रयोग भएका प्रतीकहरू जिज्ञासुले गजलकारलाई विषालु साँपले दुश्मनलाई घामले सभ्यतालाई बुझाएका छन् ।

**अलङ्कार प्रयोग**

**हुस्सुभित्रको घाम** सङ्ग्रहमा अनुप्रास शब्दालङ्कार तथा उपमा, लोकोक्ति, अतिशयोक्ति आदि अर्थालङ्कारहरूको यथोचित प्रयोग भएको छ । आयोजित नभई स्वनिर्मित अलङ्कारको संयोजनले यस सङ्ग्रहमा अलङ्कारको प्रयोग भएका केही सेरहरू उदाहरणका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ-

**शब्दालङ्कार**

**अनुप्रास अलङ्कार**

**पदको आवृत्ति** : *निरास र उदास बस्न हुन्न मानव*
*नीच सोच राखेर खस्नु हुन्न मानव ।*

(पृ. ८४)

**अत्यानुप्रास** : *मुखले मात्र किन ठीक्क बोल्छौ शान्ति बोली मात्र*
*सारा नेपाल अस्त व्यस्त पट्किँदैछ गोली मात्र ।*

(पृ.२७)

**छेकानुप्रास** : *बेरोजगारी समस्याले बेहाल यी युवा पिढी*
*कागज गर्न छोडी र्‍याप गीत गाए किन ।*

(पृ. ५६)

**अर्थालङ्कार**

**उपमा अलङ्कार :** *हाम्रो जीवन पानीको फोका जस्तै छ*
*विलिन हुने हावाको झोका जस्तै छ ।*

(पृ.५२)

**लोकोक्ति अलङ्कार** : *मौलाउने विरुवाको , पातै चिल्लो हुन्छ*
*फुस्रो पात भयो भने भूइँतिर ढल्छ ।*
(पृ.३६)

**अतिशयोक्ति अलङ्कार** : *रगतको खोला बग्यो रोदनले छायो*
*फेरि रगत बगाउन नखटाऊ साथी ।*
(पृ.३०)

### ३.३.५ भाषाशैली

यस सङ्ग्रहमा सरल सहज र सम्प्रेषणीय भाषाशैलीको प्रयोग भएको छ। यस सङ्ग्रहमा भाषिक विचलनलाई नियाल्दा विभक्ति विचलन, वचनमा विचलन, काफिया प्रयोगमा विचलन आदि रहेका छन् । यस सङ्ग्रहका गजलहरूमा विषयवस्तुको अनुकूल तत्सम तद्भव र आगुन्तक शब्दहरूको प्रयोग भएका छन् ।

तत्सम शब्द प्रयोग गर्ने क्रममा गजलकारले आफ्ना गजलहरूमा नेपाली जनजिब्रोले प्रयोग गर्ने क्रममा पचाइसकेका संस्कृत शब्दको चयन गरेका छन् । उदाहरणका आगि गीत, शुभ आत्म (वृ.१) षडयन्त्र, भ्रष्टाचार (पृ.३५) ईश्वर, ध्यान, भक्तिभाव (पृ.५१) माया मोह सङ्गत संस्कार (पृ.४३) अग्नि (पृ.३५) रगत (पृ.३०) आँसु (पृ.३४) विरुवा (पृ.१७) मीठो , कालो (पृ.५६) आदि तद्भव शब्द तथा बन्दुक खुशी (पृ.१९) चाप्लुसी दिल (पृ.४५) क्यान्सर र रोवट (पृ.३७) आदि आगन्तुक शब्दको प्रयोग गरिएको छ। तत्सम शब्दको प्रयोग अधिक भए पनि गजल क्लिष्ट र दुरुह नबनी सहज, सम्बेद्य बनेका छन् ।

### ३.३.६ निष्कर्ष

सरस्वती शर्मा 'जिज्ञासु' को हुस्सुभित्रको घाम सङ्ग्रहमा ७२ वटा गजल सङ्ग्रहीत छन् । यस सङ्ग्रहलाई समसामयिक खण्ड , प्रणय खण्ड र विविध खण्ड गरी तीन भागमा बाँडिएको छ । यस सङ्ग्रहका गजलहरू सबै ५ सेरमा संरचित रहेका छन् । यसमा गैरमुरद्दफ र तथा मुरद्दफ दुवै प्रकृतिको गजल समाविष्ट छन् तर सङ्ख्यात्मक हिसाबले मुरद्दफ गजल बढी रहेका छन् । प्राय धेरै गजलमा राष्ट्रिय राजनीति तथा प्रशासनिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्गय, हत्याहिंसाको विरोध, शक्तिको कामना, लोकतन्त्रप्रतिको आस्था, प्रेमप्रणयको सिर्जना हुने मिलन विछोडका विविध परिस्थिति नारी हक अधिकारको खोजी आध्यात्मिक जागरणको अपेक्षा आदि विषयवस्तुहरू सफल ढङ्गले प्रस्तुत भएका छन् । नेपाली लोकलय तथा आक्षरिक लयको प्रयोगले यस सङ्ग्रहका गजल गेयात्मक र श्रुतिमधुर बनेका छन् । प्रकृति, समाज, राजनीतिमा बम गन्ध, स्वाद, दृश्य गति ताप आदि विभिन्न पक्षसँग सम्बन्धित विम्ब तथा प्रतीकको प्रयोगले यस सङ्ग्रहका गजलहरू अर्थपूर्ण बनेका छन् ।

### ३.४ रेणुका जि.सी र उनको *ज्वलनका अभिव्यक्तिहरू*

पिता हिराबहादुर जि.सी. माता जुना जि.सी. को कोखबाट वि.सं. २०४५ असौज २१ गते लेखफाँट-६ पर्वतमा जन्मिएकी रेणुका जि.सी.ले वि.सं. २०६२ माघमा **ज्वलनका अभिव्यक्ति**को गजलसङ्ग्रह प्रकाशन गरेकी छन् । जसको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

**ज्वलनका अभिव्यक्तिहरू** गजलकार रेणुका जि.सी. को पहिलो गजलसङ्ग्रह हो । यस सङ्ग्रहमा ४६ वटा गजलहरू सङ्ग्रहित छन् । यिनका गजलहरूको विश्लेषण निम्नअनुसार गरिएको छ :

#### ३.४.१ संरचना

**ज्वलनका अभिव्यक्तिहरू**मा सङ्ग्रहित ४६ वटै गजलहरू ५ सेरमा संरचित छन् । गजलकार रेणुकाको ज्वलनका अभिव्यक्तिहरूका गजलहरूमा पूर्ण तथा आंशिक दुवै अनुप्रासयुक्त काफियाको प्रयोग गरिएको छ । उनका गजलहरूमध्ये लालु पाते फूल ...(पृ५) चाहिँदेन तिम्रो ... ( पृ.६) तिम्रो मेरो ...(पस.८) तिम्रो घर ... (पृ.२५) प्रेमको बीज ...(पृ.२७) नबोलाऊ त ... (पृ.३०) दिउँसो त ... (पृ. ४४) जस्ता गजलमा बराबर अक्षरसङ्ख्या भएका पूर्ण काफियाको प्रयोग छ भने सयपत्री ... (पृ.४६) देउ त मर्‍यो (पृ.३९) वेदना र पीर (पृ.३७) मस्किएर हिँडछ्यो (पृ.२९) गोपाल प्रसादले ... (पृ.२८) नेपालीलाई (पृ.१७) आंशिक काफियाको प्रयोग भएको छ ।

रदिफको प्रयोगका दृष्टिले रेणुका जि.सी. का गजलहरूलाई मुरद्धफ र गैरमुरद्धफ गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । ज्वलनका अभिव्यक्तिमा सङ्ग्रहित ४६ वटा गजलहरूमध्ये ४२ वटा मा रदिफ प्रयोग गरिएकाले मुरद्धफ वर्गमा पर्छन भने ४ वटा गजलमा रदिफ प्रयोग नगरेकाले गैरमुरद्धफ वर्गमा पर्दछन ।

गजलकार रेणुका जि.सी. ले **ज्वलनका अभिव्यक्तिहरू** सङ्ग्रहभित्रका गजलहरूमा तखल्लुसका रूपमा रेणु नामलाई र ज्वलन उपनामलाई तखल्लुषका रूपमा प्रयोग गरेकी छन् । तिम्रो यादमा ... (पृ.४५) मा ज्वलन उपनामलाई तखल्लुसका रूपमा प्रयोग गरेकी छन् भने दिउँसो त (पृ.४४), बुढेसकाल ..(पृ.१८) लालुपाते फूल (पृ.५) कस्तो संयोग (पृ.४) र याद आउँदा ... (पृ.३) मा रेणु नामलाई नै तखल्लुसका रूपमा प्रयोग गरेकी छन् ।

#### ३.४.२ विषयवस्तु

गजलकार रेणुका जि.सी.ले आफ्नो गजल सङ्ग्रहमा जन्मस्थानको वर्णन, प्रेममा धोखा, देशको अस्थिर राजनीतिलाई व्यङ्गय, जीवनप्रतिको नैराश्यता, राजतन्त्रको चलखेल, द्वन्द्वको समयको देशको अवस्था, युवालाई आफ्नै लोक संस्कृति बचाउन र दुर्व्यसनीमा नफस्न अनुरोध राष्ट्रिय एकता, नेताहरूको कुर्ची राजनीतिकै खेल साहित्यकार तथा राष्ट्रिय विभूतिहरूको सम्झना, जनयुद्ध रोक्न आग्रह, जाली मायालुको बखान, भ्रष्टाचारी नेताको प्रवृत्ति आदि विषयवस्तुमा आधारित सेरहरू तल निम्नानुसार प्रस्तुत गरिएको छ :

**प्रकृति चित्रण** : *माथितिर कालाञ्चर तल्तिर काली हजुर*

*जातातातै कोठाधारी जङ्ग हरियाली हजुर ।*

(पृ.१)

**प्रेममा धोखा खाएका सेर :**

*कति पापी हुँदा रहेछन् निष्ठुरीका जातहरू*

*प्रेमको भिख माग्दा दिने गर्छन घातहरू ।*

(पृ.२)

**जीवनप्रतिको नैराश्यता व्यक्त गरिएको सेर** : *रातदिन तडपिँदा आत्महत्या गर्छ होला*

*मेरो भावना ...?* (पृ.३०)

**युवालाई आफ्नै लोक संकृति बचाउने आग्रह गरिएको सेर-**

*कहिलेकाही त गाउँपाखामा आए हुन्छ*

*कति गाउँछौ पपमात्र सोरठी पनि गाए हुन्छ ।*

(पृ.२०)

**जनयुद्ध रोक्ने आग्रह गरिएको सेर -**

*अब त युद्ध रोक आखिर एउटै सन्तान हौ तिमी*

*के पाउँछौ र आफ्नो सन्तानमा आखिर जिती हारी ।*

(पृ.३०)

**तिहारमा दाजुलाई टीका लगाउन नपाएको खेद प्रकट गरिएको सेर-**

*सयपत्री माला ओइलिने भयो तिहारमा*

*लगाउन पाइन सप्तरङ्गी टीका दाजुको निधारमा ।*

(पृ.४६)

रेणुका जि.सी.ले समकालीन स्थितिका चित्रण गर्नका साथै विभिन्न विकृति र विसङ्गतिप्रति व्यङ्गय र केहीमात्रामा शृङ्गारिकतालाई पनि आफ्ना गजलका विषय बनाएकी छन् ।

**३.४.३ लय**

लय प्रयोगका दृष्टिले रेणुका जि.सी. पनि पूर्ण सचेत छैनन् । अक्षर संरचनागत वितरणलाई हेर्दा सबै गजलहरूमा समानता छैन । यस सङ्ग्रहमा भएको आक्षरिक व्यवस्थाको केही उदाहरण यस प्रकार छन् ।

४+४+५+५ को सूत्रमा आधारित यति व्यवस्था भएको १८ अक्षरे लय व्यवस्था

*लालुपाते फूल टिपी तिम्रो शिरमा लाइदिउँला*

*तिमीसँग सँगे जिई प्रेमको गीत गाइदिउला ।*

(पृ.५)

४+५+४+४ को सूत्रमा आधारित यति व्स्था हुने १७ अक्षरे लय व्यवस्था -

*तिम्रो मेरो एउटै गोत्र बिहे गर्न हुदैन रे*
*कसम खाई सँगै जिई सँगै मर्न हुँदेन रे ।*

(पृ.८)

४+५+४+४+३ को सूत्रमा आधारित यति व्यवस्था हुने २० अक्षरे लय व्यवस्था-

*दिउँसो त कसोरी सकुँ भेट्न रात्रि प्रहरमा समिन*
*पिडैपीडाको यो जिन्दगी मिल्काउन नहरमा सकिन ।*

(पृ.४४)

६+४+४+५ को सूत्रमा आधारित यति व्यवस्था हुने १९ अक्षरे लय व्यवस्था -

*प्रत्येक पलमा खै किन हो तिम्रै नाम गुन्छु अचेल*
*सुनसान/मध्य निशामा तिम्रै आवाज सुन्छु अचेल ।*

(पृ.४०)

## ३.७४.४ विम्ब, प्रतीक तथा अलङ्कार

रेणुका जि.सी.को **ज्वलनका अभिव्यक्तिहरू**मा सङ्ग्रहित केही गजलहरूमा विभिन्न खाले विम्ब, प्रतीक तथा अलङ्कारको प्रयोग पाइन्छ । तिनको चर्चा तल प्रस्तुत गरिएको छ ।

**विम्ब प्रयोग :**

रेणुका जि.सी.ले **ज्वलनका अभिव्यक्ति**मा सङ्ग्रहित आफ्ना गजलहरूमा विभिन्न विम्बको प्रयोग गरी भावपक्षलाई सबल बनाएकी छन् । यस सङ्ग्रहको अध्ययन गर्दा दृश्य सम्बन्धी विम्ब, श्रव्यसम्बन्धी विम्ब, तापसम्बन्धी विम्ब, गन्धसम्बन्धी विम्ब, स्वादसम्बन्धी विम्ब र गति सम्बन्धी विम्बको प्रयोग गरिएको पाइन्छ तिनका केही उदाहरण तल प्रस्तुत गरिएका छन् :

**दृश्यसम्बन्धी विम्ब** :

*ठूला मान्छे देखपेपछि अलिअलि झुके भैगो*
*भ्रष्टाचार गरे पनि एकदुई दिन लुके भैगो ।*

(पृ.३८)

**श्रव्यसम्बन्धी विम्ब** : *प्रत्येक पलमा खै किन हो तिम्रै नाम गुन्छु अचेल*
*सुसान मध्य निशामा तिमै आवाज सुन्छु अचेल ।*

(पृ.४०)

**तापसम्बन्धी विम्ब** : *आगोले जलाइदियो यो नेपालको फूलबारी*
*कसले ल्यायो कहाँबाट अशान्ति ओसारी ।*

(पृ.२१)

**गन्धसम्बन्धी विम्ब :** *त्यसैले त भन्दैछु नि चोखो माया गर एउटीलाई*
*त्यसपछि यो जिन्दगीमा वसन्त ऋतु आउने हजुर*

(पृ.३२)

**स्वादसम्बन्धी विम्ब** : *ढोका खोलेर बाहिर हेर्दा जुनेली रात पाएँ*
*यताउता नजर लगाउँदा मीठो बात पाए ।*

(पृ.१२)

**गतिसम्बन्धी विम्ब** : *बीच वनमा हिँडदा हिड्दै तिम्रो या आयो डल्ले*
*मुटुभरि मनभरि तिम्रै नै मुहार छायो डल्ले ।*

(पृ.१०)

**प्रतीक प्रयोग**

रेणुका जि.सी. को **ज्वलनका अभिव्यक्तिहरू**मा केही गजलमा मात्र प्रतीकको प्रयोग पाइन्छ । साथै तखल्लुसका रूपमा प्रयोग भएको रेणु शब्दले पनि कतै कतै प्रतीकात्मक अर्थ प्रस्तुत गरेको छ । यहाँ प्रयोग भएका प्रतीकका केही उदाहरण तल प्रस्तुत गरिएको छ :

*न्याउली पनि मरिहाली वियोगको चोटले गर्दा*
*अहिले त विरहको गीत कागले पो गायो कि त ।*

(पृ.२३)

*सुनेकी थे जिन्दगी तिम्रो शिशिरमा कठ्याङ्ग्रिन्छ रे*
*रेणुको हात समात वसन्त भै जुनीभर छाइदिउँला ।*

(पृ.५)

*भन्न र गर्न त म के पो सक्नु र तिमीलाई*
*अकबरी सुनलाई पनि खोट छ भनी गालेपछि ।*

(पृ.४१)

*फूल बनी फत्रिएर तिम्लाई सुवास दिने इच्छा मेरो*
*तर म त तिम्रा लागि कोपिलामै ओइलिएर झरिसके ।*

(पृ.२५)

यहाँ प्रयोग भएका प्रतीकहरूमा न्याउलीले विरक्त प्रेमिका, शिशिरले कष्टकर अवस्था, अकवरीसुनले शुद्धता र कोपिलाले कलिलो अवस्थालाई बुझाएका छन् ।

अलङ्कार प्रयोग रेणुका जि.सी. को ज्वलनका अभिव्यक्तिहरूमा सङ्ग्रहित गजलहरूमा प्रयोग भएका अलङ्कार यस प्रकार छन्-

**शब्दालङ्कार**

**अनुप्रास अलङ्कार**

प्रस्तुत गजलसङ्ग्रहमा मध्यानुप्रास र अन्त्यानुप्रासको मात्र प्रयोग भएको छ । जसको उदाहरण तल प्रस्तुत गरिएको छ ।

**मध्यानुप्रास** : *गोपालप्रसादले देखेको सपनाको देश हजुर*
*गंगा, दशरथ, शुक्रको यौवनको आवेश हजुर ।*

(पृ.२८)

**अन्त्यानुप्रास** : *दिउसो त कुसोरी सकुँ भेट्न रात्रि प्रहरमा सकिन*
*पीडै पीडाको यो जिन्दगी मिल्काउन नहरमा सकिन ।*
(पृ.४४)

**अर्थालङ्कार**

**श्लेष अलङ्कार** : *तिम्रो माया भए पुग्छ उपहार चाहिन्न ज्वलनलाई*
*साथ भए तिम्रो सुखको संसार चाहिन्न ज्वलनलाई ।*
(पृ.४५)

**अतिशयोक्ति अलङ्कार** : *देह त भयो सबका निम्ति तिम्रा निम्ति मर्दिन प्रिय*
*भो अब जाल नफाल सीक्नद जालमा अडिन प्रिय ।*
(पृ.३९)

यसरी यस सङ्ग्रहभित्र उपमा, रूपक, लोकोक्ति आदि अलङ्कार तथा छेकानुप्रास आवृत्ति अनुप्रास, वृत्यानुप्रास आदिको प्रयोग पाइदैन ।

### ३.४.५ भाषाशैली

यस सङ्ग्रहमा सरल, सहज र बोधगम्य भाषाको प्रयोग भएको छ । यति, गतिको व्यवस्थापन गर्नेको लागि भाषागत विचलन हुनु स्वभाविकै मान्न सकिन्छ, विभक्ति प्रयोगमा विचलन, वचनमा विचलन, काफिया प्रयोगमा विचलन आदि देख्न सकिन्छ । यस सङ्ग्रहमा नेपाली मूल शब्दका अतिरिक्ति तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोगले गजलहरू रोचक र सार्थक बनेका छन् ।

### ३.४.६ निष्कर्ष

रेणुका जि.सी. ज्वलनको **ज्वलनका अभिव्यक्तिहरू** सङ्ग्रहमा ४६ वटा गजल सङ्ग्रहित छन् । यस सङ्ग्रहमा पूर्ण तथा आंशिक साथै मुरद्धफ तथा गैरमुरद्धफ वर्गका गजलहरू समावेश गरिएको छ । गजलका विषयवस्तु विविधतामय रहेका  छन् । दृश्य, श्रव्य, ताप, गन्ध, स्वाद, गतिसम्बन्धी विम्बको प्रयोग गरिएको छ । केही अनुप्रास अलङ्कारहरूको प्रयोग पनि गरिएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग पनि गरिएको पाइन्छ ।

## ३.५ मिलन विछोड कार्कीको *विछोडका चोटहरूमा* सङ्ग्रहित गजलहरूको अध्ययन

वि.सं २०४७ चैत्र १७ गते पर्वत जिल्लाको माझफाँट-७ मा जन्मिएका मिलन विछोड कार्की पिता कर्णबहादुर कार्की र माता तुलसी कार्कीको कोखबाट जन्मिएका हुन् । मिलन विछोड कार्कीको **विछोडका चोटहरू** वि.सं २०६३ सालमा र उनको प्रतिक्षित  नयनहरु (२०६४) प्रकाशित भएको हो ।  तल यी दुवै कृतिको विवेचना गरिएको छ :

### ३.५.१ गजलकार मिलन विछोड कार्कीको *विछोडका चोटहरू*को अध्ययन

मिलन विछोड कार्कीको विछोडका चोटहरू उनको पहिलो गजलसङ्ग्रह हो । यस भित्र ४८ वटा गजलहरू सङ्ग्रहित छन् । अत: यिनै गजलहरूको अध्ययन तल प्रस्तुत गरिएको छ ।

### ३.५.१.१ संरचना

**विछोडका चोटहरू** भित्रका ४८ वटा गजलहरू सबै पाँच सेरमा रहेका छन् । विछोडका चोटहरूभित्र समावेश मिलन विछोडका गजलहरूमा पूर्ण तथा आंशिक अनुप्रासयुक्त काफियाको प्रयोग गरिएको छ । गजलकार कार्कीका गजलहरूमध्ये -शान्तिदीप (पृ.१५) विछोड हुनु (पृ.२१), जसको बस्ने बास (पृ.३२), अशान्ति यो देशमा (पृ.४७) जस्ता चार ओटा गजलमा आंशिक अनुप्रासयुक्त काफियाको प्रयोग छ भने उटै गजलभित्र पनि पूर्ण अनुप्रासयुक्त र आंशिक अनुप्रासयुक्त भएका गजलहरूमा कोपिला नै छु जस्तो (पृ.४४) संसारमा नै ठौ -प. ४०) मेरा भनी ... (पृ.३६) धनकमाउने -पृ.२५) फेरि फेरि ... (पृ.२२) कति गछ्यौ (पृ.. १९) जस्ता आठ ओटा गजलहरू रहेका छन् । अन्य बाँकी ३७ ओटा गजल पूर्ण अनुप्रासयुक्त काफियाको प्रयोग भएको छ ।

रदिफ प्रयोग मिलन विछोड कार्कीको ४४ वटा गजलमा गरिएको छ भने हिजो अस्ति ( पृ.१०) यसैगरी (पृ. १८) सम्झना आउँछ (पृ.३७) कसोगरी गनुँ .. (पृ.३९) जस्ता ४ वटा गजलमा रदिफ प्रयोग नभएकाले गैरमुरद्धफ वर्गमा पर्दछन् ।

गजलकार मिलन विछोड कार्कीले यस सङ्ग्रहमा आफ्ना तीनवटा गजलमा उपनाम विछोड र नाम मिलनलाई तखल्लुसका रूपमा प्रयोग गरेका छन् ।

### ३.५.२ विषयवस्तु

गजलकार मिलन विछोड कार्कीले आफ्ना गजलहरूमा विविध विषयवस्तुको समावेश गरेका छन् । देशमा चलेको सशस्त्र द्वन्द्वका कारण शान्तिक्षेत्र भनेर चिनिने नेपालमा नेपाल आमाका सन्तानहरू एक आपसमा काटमार गरेर पुर्खाको इन्ज्जत फालेको भन्ने विषयलाई गजलकारले यसरी व्यङ्गय गरेका छन् ।

*शान्तिक्षेत्र भनिने देशमा शान्तिको नै तारा किन ?*
*दुश्मनलाई ढाल्ने भनी भाइ भाइको लाश किन ?*
(पृ.२)
*पुर्खाको इज्जत राख्न कलमवीर बनौ न हामी*
*न्याय ल्याउने काम भए ज्यानको मार्‍यौ किन ?*
(पृ.२)

माया लाएको धरै भैसक्यो अब विवाह गरौ पछि कुरा बिग्रन सक्छ समाजले केही गर्न सक्दैनन भन्दै प्रेम सन्दर्भको प्रस्तुति गजलकारले यसरी गर्दछन् ।

*माया लाको तिम्ले मैले भयौ धेरै वर्ष प्यारी*
*यसपाली त हामी दुईले बिहे गर्नैपर्छ प्यारी ।*
*(पृ.३)*
*कैले के कैले के हुन्छ फेरि कुरा बिग्रिएला*
*यो साल ठोकौ ट्याम्की समाजले के गर्छ प्यारी ।*

(पृ.३)

विदेशमा रहने बहिनीलाई टीका लगाइदिन आउने आग्रह गजलकार यसरी गर्दछन् ।

*यस पालिको तिहारमा जसरी नि आऊ बैनी*
*भाइको निधार रंगाई टीका तिमी लाऊ बैनी ।* (पृ.११)

जन्मदिने आमाको महिमा गान गरेको भाव गजलकार यसरी व्यक्त गर्दछन् ।

*कसोगरी गनुँ आमा तिम्रा मैले गुनहरू*
*नसा नसाभित्र मेरो तिम्रै बग्छन् खुनहरू*

*(पृ.३३)*

*नौ महिना कोखमा राखी दशधारा दूध ख्वायौ*
*तिम्रो मात्रै आवाज यहाँ तिमै सुन्छु धुनेहरू*

(पृ.३९)

समाजमा रहेको विकृति र विसङ्गति

*अर्ती दिने बाको जरो नै खन्छन् यहाँ*
*आजभोलि भट्टीलाई धर्मशाला भन्छन् यहाँ ।*

(पृ.६)

यसरी **विछोडका चोटहरू** भित्रका गजलमा शृङ्गारिकता, राष्ट्रवादी चेत, मानवीय पीडा तथा आशा-निराशा, समाज र संस्कृतिप्रतिको आस्था लोकतन्त्रप्रतिको विश्वास, जनयुद्धको असर, माया पिरती आदिसँग सम्बन्धित विषयहरू समेटिएका छन् ।

### ३.५.३ लय

मिलन विछोड कार्कीले यस सङ्ग्रहमा नेपाली लोकलयलाई जोड दिएका छन् । उनले कतिपय गजलमा अक्षर अक्षरको समानतामा आधारित आक्षरिक लयलाई पनि अँगालेका छन् । लोकलय तथा आक्षरिक लयको प्रयोगले गजलहरू गेयात्मक बनेका छन् । यसमा लोकलय अन्तर्गतको झ्याउरे लयको प्रयोग पनि गरिएको छ ।

४+४+४+४ को सूत्रमा आधारित १६ अक्षरे झ्याउरे लयको प्रयोग भएको सेर-

*जता जान्छु गोली लागी भत्किएको घर देख्छु*
*आफ्नै मान्छे पनि आज किन किन पर देख्छु ।*

(पृ.७)

५+४+४+४ को सूत्रमा आधारित १७ अक्षरे लयको प्रयोग भएको सेर:

*सोह्र वर्षको ठिटो मत जवानीको मात लाग्यो*
*देखे आँखा झिम्काइहाल्ने सान्नानीको मात लाग्यो ।*

(पृ.१४)

उल्लेखित लयको प्रयोगको अतिरिक्ति यस सङ्ग्रहका कतिपय गजलमा लयभङ्गको स्थिति देखिन्छ भने कतिपयमा मध्यविश्राम तथा उपविश्राममा पनि लय भङ्गको स्थिति देखिन्छ । यस सङ्ग्रहको लय भङ्ग भएको गजलको एक सेर यसप्रकार छ ।

*कुल्चिसक्यो समाजले रीतिरिवाज संस्कारलाई*
*अहिलेको नयाँ चलन मत त वरदान देख्छु ।*

(पृ.३३)

माथिको सेरमा मिसरा एउला मा १० अक्षरे लय छ भने मिसरा ए सानीमा ९ अक्षरको लय प्रयोग भएको छ । यसरी समग्रमा गजलकार मिलन विछोड कार्की सामान्य लय प्रयोगमा सचेत रहेका छन् ।

**३.५.४ विम्ब, प्रतीक र अलङ्कार**

मिलन विछोड कार्कीको **विछोडका चोटहरू**मा सङग्रहित गजलहरूमा केही आयोजित तथा स्वतः निर्मित रूपमा विभिन्न विम्ब, प्रतीक तथा अलङ्कारप्रयोग गरिएको छन् । तिनको चर्चा तल प्रस्तुत गरिएकाछ ।

**विम्ब प्रयोग**

मिलन विछोड कार्कीले **विछोडका चोटहरू**मा सङ्ग्रहित आफ्ना गजलहरूमा विभिन्न विम्बहरूको प्रयोग गरेका छन् । यस सङ्ग्रहमा दृश्यसम्बन्धी, श्रव्यसम्बन्धी गन्धसम्बन्धी र गतिसम्बन्धी विम्बहरूको प्रयोग गरिएको पाइन्छ ।

**दृश्यसम्बन्धी विम्ब :** *मेरै घरको झ्यालबाट लुकी लुकी हेर्ने गर्छु*
*पत्र कोरुँ झैँ लागि कलम समाई केनै गर्छु ।*

(पृ.३२)

**श्रव्यसम्बन्धी विम्ब** *: कसैका कुरा नसुनी आफ्नै तर्खर गरें म त*
*जति सिँढी चढ्दै जान्छु उति नै तल झरे मत ।*

(पृ.२७)

**गन्धसम्बन्धी विम्ब** *: सुवास छैन जीवन मेरो कोपिलामै झरिसक्यो*
*आशा मेरो नगर्नु हे अब मन मेरो परिसक्यो ।*

(पृ.२७)

**गतिसम्बन्धी विम्ब** : *शिक्षक अघि पष्ढाउँदा रकेट बनाई चल्यौ हामी*
*खाडलभित्र पदाखेरी पश्चात्मपमा जल्यौ हामी ।*

(पृ.१३)

**प्रतीक प्रयोग**

मिलन विछोड कार्कीले **विछोडका चोटहरू**मा सङ्ग्रहित आफ्ना केही गजलहरूमा प्रतीकको प्रयोग गरेका छन् । यहाँ भएका प्रतीकका केही उदाहरण तल प्रस्तुत गरिएको छ ।

*बैसालु जवानीमा चुलबुले हुन्छ सबको मन*

*जता राम्रो फूल देख्यो त्यतै मन डुल्छ यहाँ ।*

(पृ.२०)

*कलिला मुना पलाउँछन् भने सबै मिली गोड्नुपर्छ*
*तेरो मेरो भन्नु हुन्छ एक दिन संसार छोड्नुपर्छ ।*

(पृ.३८)

यहाँ प्रयोग भएका प्रतीकहरूमा कलिला मुनाले नयाँ सृजना र फूलले प्रेमिकालाई बुझाएका छन् ।

**अलङ्कार प्रयोग**

विछोडका चोटहरूमा सङ्ग्रहित गजलहरूमा प्रयुक्त पूर्व उल्लिखित बिम्ब तथा प्रतीकको प्रयोगले सिर्जित भएका केही आयोजित तथा स्वतः निर्मित रूपमा पाइने अलङ्कारहरू मध्ये केही तल प्रस्तुत गरिएको छ ।

**अनुप्रास अलङ्कार**

**शब्दालङ्कार**

**आद्यानुप्रास** : *जसको बस्ने बास छैन उसैको ठूलो सान देख्छु*
*जसले दिन्छ सोझो अर्ती उसको अपमान देख्छु ।*

(पृ.३३)

**मध्यानुप्रास :** *जीवन भन्या के रै छ थोरै जिएर हेरौं कि*
*माया भन्या के रै छ तिम्लाई दिएर हेरौं कि ।*

(पृ.४२)

अन्त्यानुप्रास : *सम्झना आउँछ अझै पनि त्यो प्यारो गाउँको*
*साथी र संगी बा आमा सँगै हुर्केको ठाउको ।*

(पृ.३७)

**अर्थालाङकार :**

**उपमा अलङ्कार :** *परेवाको जोडीसरी जिउनुपर्छ भन्यौ सधैं गरी*
*चित्त दुख्यो मेरो घाउमाथि नुन तिमी छर्दा सानु*

*(पृ.१२)*

**प्रश्नालङ्कार** : *विछोड हुनु थियो भने मिलन बनी आयौ किन ?*
*धोका दिने बेइमानीले व्यथै कसम खायौ किन ?*

(पृ.२१)

**अतिशयोक्ति अलङ्कार** : *कलिला मुना पलाउँछन भने सबै मिली गाउनुपर्छ*
*तेरोमेरो भन्नु हुन्न रे एक दिन संसार छोड्नुपर्छ ।*

(पृ.३८)

यसरी मिलन विछोड कार्कीको विछोडका चोटहरूमा सङ्ग्रहीत केही गजलहरूमा विम्ब प्रतीक तथाअलङ्कारको प्रयोग पाइन्छ । यस्ता बिम्ब प्रतीक तथा अलङ्कारले गजलहरूका कलात्मक तथा भावगत दुवै पक्षलाई उत्कृष्टता प्रदान गरेका छन् ।

### ३.५.५ भाषा

मिलन विछोड कार्कीको विछोडका चोटहरूमा विभिन्न तत्सम, तदभव र आगन्तुक शब्दको प्रयोग भएका छन् । तिनको चर्चा तल प्रस्तुत गरिएको छ ।

**शब्द प्रयोग**

विछोडका चोटहरूमा सङ्ग्रहित गजलहरूमा विषयवस्तुसित अनुकुल तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग भएका छन् । तत्सम शब्द प्रयोग गर्ने क्रममा मिलन विछोड कार्किले आफ्ना गजलहरूमा नेपाली जनजिब्रोले प्रयोग प्रचलनमा पचाइसकेको । संस्कृत शब्द चयन गरेका छन् । उदाहरणका लागि पश्चाताप षड्यन्त्र, (पृ.२३) दीप, संस्कार (पृ.१५) शान्ति (पृ.४१) संसार सम्म घर्ती (पृ.३८) अमृत (पृ.२४) सुवास (पृ.पृ.२७) जस्ता शब्दलाई लिन सकिन्छ ।

यसैगरी तद्भव शब्दको प्रयोगगर्ने क्रममा गजल कारले रात, तीतो कालो मिठो आदिज जस्ता शब्दहरूको प्रयोग गरेका छन् । आगन्तुक शब्दको प्रयोगगर्ने क्रममा गजलकारले रकेट (पृ.२३), व्युटि पार्लर, फोटो, दिल, स्कुल आदि जस्ता शब्दको प्रयोग गरेका छन् । आगन्तुक शब्दको प्रयोग गर्ने क्रममा गजलकारले रकेट (पृ.२३), व्युटी पार्लर, फोटो दिल स्कुल आदि जस्ता शब्दको प्रयोग गरेका छन् ।

यसरी विभिन्न स्रोतका शब्दहरू प्रयोग गरेतापनि तीमध्ये अधिकाश शब्दहरू नेपाली भाषामा सामान्य रूपमा प्रयोग र प्रचलनमा रहेका शब्दहरू नै पाइन्छन् ।

### ३.५.६ निष्कर्ष

मिलन विछोड कार्कीको **विछोडका चोटहरू**मा अट्चालिसओटा गजलहरू रहेका छन्। संरचना तहमा सेर,रदिफ, तखल्लुस प्रयोगमा सचेत रहेपनि काफियाको रूपमा एउटै शब्द पटकपटक दोहोरिनुले उनको केही कमजोरी देखिन्छ । सामाजिक विकृति विसङ्गतिको व्यङ्गय तथा श्रृङगारिकतालाई मुख्य विषयवस्तुका रूपमा उठाएका गजलकार मिलन विछोड कार्की केही झ्याउरे लयको प्रयोग भए पनि लयप्रयोगमा उनी आशिंकरूपमा सचेत देखिन्छन् बिम्ब, प्रतीक तथा अलङ्कारमा सामान्य देखिने उनका गजलहरूमा प्रयुक्त भाषा सरल र सहज भएकाले बोधगम्य रहेको पाइन्छ ।

# चौथो परिच्छेद

## पर्वत जिल्लाका गणतन्त्र आगमनपछिका दोस्रो चरणका गजलकारहरु र तिनको गजलकृतिको विश्लेषण

### ४.१ ***अजम्मरी माया*मा सङ्ग्रहीत गजलहरूको अध्ययन**

शान्तिनारायण श्रेष्ठको अजम्मरीमाया दोस्रोगजल सङग्रह हो । वि.स. (२०६४) सालमा प्रकाशन भएको यस सङ्ग्रहभित्र १००वटागजल सङ्ग्रहीत छन् ।

### ४.१.१ संरचना

यस सङ्ग्रहका एक सय वटा गजलहरू मध्ये ५ सरेका ४ वटा गजलहरू छन् भने बाँकी सबै ४ सेरका छन् ५ सेरमा प्रस्तुत गजलमध्ये पनि माया अनि ममताका ... शीर्षकको ३८ औं गजलदेखि पूर्णीमाको जून ... शीर्षकको अन्तिम गजलसम्म सबै गजलमा मतलालाई नै मकताका रूपमा पुनरावृति गरिएको छ ।

शान्तिनारायण श्रेष्ठको अजम्मरी मायाँमा सङ्ग्रहीत गजलहरूमा पूर्ण तथा आंशिक दुवै अनुप्रासमा आधारित काफिया प्रयोग गरेका छन् । उनका रम्यतामा रमाउँदै...(पृ.५४) जिन्दगी उँही हो .. (पृ.५५) मनको घाउ उही हो ... (पृ.५८) तिम्रो मेरो पिरती... (पृ.७६) मानवताको भएनछ ... (पृ.८२) कर्कलाको पात जस्तै ... (प.९०) चलिरहेछ हाम्रो ... (पृ. ९२) मर्ने परे पनि हजुरको ...पृ. ९३ भरेखाए भोली ... (पृ. ११२) जस्ता नौवटा गजलहरू आंशिक काफियाको प्रयोग गरेका छन् भने उनका अन्य सम्पूर्ण गजलहरू पूर्ण काफियायुक्त रहेका छन् ।

रदिफ प्रयोगका दृष्टिले **शान्तिनारयण श्रेष्ठको अजम्मरी मायामा** सङ्ग्रहति गजलहरू मुरद्धफ र गैरमुरद्धफ दुवै वर्गमा पर्दछन् । उनका पृ. ७४, ५०, ५१, ५६, ५७, ६०, ६१, ६२, ७१, ७३, ७६,८७, ८९, ९०, ९१, ९२, ९३, १०१, १०४, १०५, १०६, १०७, १०९, ११२, ११८, १२३, १२६, १२७, १२८, १३१, १३६ का एकतिस वटा गजलहरू गैरमुरद्धफ बर्गमा पर्दछन् भने अन्य ६९ वटा गजलहरू मुरद्धफ वर्गमा पर्दछ ।

गजलकार शान्तिनारायण श्रेष्ठले तखल्लुसको प्रयोग आफ्ना गजलहरूमा कतै पनि गरेका छैनन् ।

### ४.१.२ विषयवस्तु

शान्तिनारायण श्रेष्ठको अजम्बरी मायालाई अध्ययन गर्दा यसमा प्रेमप्रणयमूलक भाव बोकेका गजल बढी देखिए पनि अन्य विविध विषययुक्त गजलहरू पनि रहेका छन् । समकालीन गजल स्रष्टाहरूले गजलको परम्परागत स्वरूप माया प्रेम, विछोड -पीडा , कुण्ठा, अन्तर्द्वन्द घातप्रतिघातका साथसाथै समकालीन विषयलाई सम्बोधन गर्ने गरे अनुसार यस कृतिमा गजलकारले पनि सोही बाटो हिड्न मनपराएका छन् । श्रेष्ठले यहाँ आफूलाई राष्ट्रको जिम्मेवार नागरिकको हैसियतले समाज, राष्ट्र र अन्तर्राष्ट्रिय रूपमा विद्यमान विकृति, विसङ्गति र

मानवीय समस्यालाई पनि उजागर गर्दै त्यस्ता विषयवस्तुमा आफ्नो विचार दृष्टिकोण र चिन्तन प्रस्तुत गरेका छन् (श्रेष्ठ, २०६३: भूमिका)

यस गजलसङ्ग्रहभित्र गजलकार श्रेष्ठले विविध विषयवस्तुलाई प्रस्तुत गरेका छन् । उनले यस सङ्ग्रहमा प्रणयोन्मुख शृङगारिक भाव, मायाप्रेममा विछोड, वर्तमान स्थितिप्रति शङका, बढ्दो सहरीकरणप्रति चिन्ता, हत्या हिंसाप्रति खिन्नता, मान्छेमा निहित षड्यन्त्र, नातावाद, स्वार्थपरकता, नैतिकहिनता, अवसरवाद, सबै ठाउँमा केही व्यक्तिहरूको मात्र पहुँच भएकोमा असन्तोष मान्छेको मपाईत्व प्रति ध्यानाकर्षण, हैकमवादको विरोध र मानवीय पाखण्डपनको तिरस्कार गर्ने खालका गजलहरू समाविष्ट गरेका छन् । त्यसै गरी तत्कालीन समयमा देशमा विद्यमान शाही शासन विरुद्ध लोकतन्त्रको चाहना, स्वदेश र संस्कृति प्रेम, गरिवीका पीडा मेलमिलापको चाहना जस्ता गरेका छन् (श्रेष्ठ २०६३ भूमिका )

यस सङ्ग्रहभित्र सग्रहित विभिन्न विषयसँग सम्बन्धित सेरका केही उदाहरण निम्नानुसार रहेका छन् ।

**शृङगारिक भाव**

*तिम्रै अधरको नशाले छु लट्ठ*
*झनै मदिरा उफ पिऊँ कसोरी*

(पृ. ८६)

**जिन्दगीप्रति निराशा**

*कसैले नरुचाएको सरकार यो जिन्दगी*
*सृजनाहीन मरुभूमी बेकार यो जिन्दगी।*

(पृ. ८३)

**लोकतन्त्रको चाहना**

*माटो हातमा लिएर देशको गीत गाइयो*
*अव भने हामीलाई लोकतन्त्र चाहियो ।*

(पृ.६१)

**स्वदेशप्रतिको माया**

*आफ्नै गाउँ फर्क राजै ,आटो-पिठो खाउँला बरु*
*चोली भोटो फाटे पनि धोई , टाली लाउँला बरु ।*

(पृ. ६८)

**गरिबीको पीडा**

*भरे खाए भोली के खाउँ झुपडीको व्यथा*
*कसले सुन्ला दीन-दुखी अभागीको कथा ।*

पृ.११२)

**रानजीतिक अस्थिरताको सङ्केत**

*हाम्रो भाग्य छिट्टै खुली आउन्नकी जस्तो लाग्यो*
*सन्तोषको सास फेर्न पाउन्नकी जस्तो लाग्यो ।*

(पृ. ४१)

यसरी **अजम्मरी माया**भित्रका गजलमा शृङ्गारिकता, राष्ट्रवादी स्वर, मानवीय पीडा तथा निराशा, समाज र संस्कृति प्रतिको आस्था लोकतन्त्रपंतिको विश्वास, हत्या हिंसा विहीन समाजको परिकल्पना सार्थ राजनैतिक सचेतता आदिसँग सम्बन्धित भावहरू प्रस्तुत भएका छन्

**४.१.३ लय**

प्रस्तुत सङ्ग्रह अन्तर्गत अधिकांश गजलहरूमा लयको व्यवस्था राम्रो ढङ्गले गरिएको भएता पनि पूर्ण सचेत मानिदैन नेपाली गजलमा प्रचलित, नेपाली लोकलयहरूलाई नै गजलकारले प्रयोग गरेका छन् । यस सङ्ग्रका अधिंकाश गजलहरू ४+४+४+४ विश्राम भएको लय प्रयोग गरिएको छ भने केही गजलहरूमा ३×४,४+४, ३+२+३+२+३+३,४×३+२,५×२+६४×२+५,,५×२+६,४×२+५,५×२,४×३ विश्रामको प्रयोग भएका छन् । यसै सङ्ग्रह भित्रको ३६ औं गजल भने शास्त्रीय बहरको फउलुन् × (४×४) को सूत्रमा रचिएको छ (न्यौपाने, २०६३: भूमिका) । माथि उल्लेख गरिए अनुरूपका गति र यति वा लय व्यवस्थाका सूत्रमा आवद्ध नेपाली लोकलय तथा शास्त्रीय बहरयुक्त सेरका उदाहरणहरू निम्नानुसार प्रस्तुत गरिएको छ । ४+४+४+४=१६ अक्षमा विश्राम भएको सेर

*रमणीय नेपालमा रमाउने नेपालीको*
*पीरमर्का सीमा पारि कटाउन सकू मैले ।*

(पृ. ३७)

२+४+३+३ = १२ अक्षर मा विश्राम भएको लय व्यवस्था उदाहरण

*अहो के हुदैछ हाम्रो यो देशमा*
*शत्रू पस्यो कि हँ मित्रको भेषमा ।*

(पृ.५३)

४+४+४=१२ अक्षरमा विश्राम भएको लय व्यवस्थाको उदाहरण

*तिम्रो मेरो मिलनका फोटो खिची*
*हृदयका पानाभरि टाँसेकै छु ।*

(पृ. ४६)

४+४+४+२=१४ अक्षरमा विश्राम भएको लय व्यवस्था

*हेर्दाखेरी अनुहार मायालु झैं लाग्छ*
*विश्वासमा पर्दा पछि घात गर्ने हो कि ।*

(पृ.१३३)

३+२+३+२+३+३ =१६ अक्षरमा विश्राम भएको लय व्यवस्था

*जुनेली रात प्रियाको साथ लाग्दछ रमाइलो*
*रसिला मीठा गरेका बात लाग्दछ रमाइलो ।*

(पृ.६७)

यसरी नेपाली लोक लयका विविधरूपहरूको उचित प्रयोग गरेका छन् कतै-कतै जवर्जस्ती हलन्तको प्रयोग गरेर अक्षरगत समानता ल्याउन खोजेको देखिन्छ । यस सङग्रहका केही गजलहरू सेरमा मध्यविश्राम तथा उपविश्रामहरूमा लयभङ्ग हुन पुगेको छ । यसले गर्दा गजलकार शान्ति नारयाण श्रेष्ठलाई पूर्णरूपमा लय प्रयोगमा सचेत छन् भन्न मिल्दैन ।

### ४.१.४ विम्ब, प्रतीक र अलङ्कार

शान्तिनारायण श्रेष्ठको **अजम्मरी माया**मा सङग्रहित केही गजलहरूमा विभिन्न खाले बिम्ब, प्रतीक तथा अलङ्कारको प्रयोग पाइन्छ । तिनको चर्चा तल प्रस्तुत गरिएको छ ।

**बिम्बप्रयोग**

शान्तिनारायण श्रेष्ठले **अजम्मरी माया**मा सङग्रहित आफ्ना गजलहरूमा विभिन्न बिम्बको प्रयोग गरी भावपक्षलाई सघन तुल्याएका छन् । यस सङ्ग्रहको अध्ययन गर्दा दृश्यसम्बन्धी बिम्ब, श्रव्यसम्बन्धी बिम्ब, स्वादसम्बन्धी विम्ब, गन्धसम्बन्धी बिम्ब, गतिसम्बन्धी बिम्ब, तापसम्बन्धी विम्बहरूको प्रयोग गरिएको पाइन्छ । तिनका केही उदाहरण तल प्रस्तुत गरिएको छ ।

**दृश्यसम्बन्धी बिम्ब**

*शरीर छ मोटो लगाम छ छोटो*
*कसरी जित्ला र घोडाले रेसमा ।*

(पृ.५३)

**श्रव्यसम्बन्धी बिम्ब**

*कोइली सँगै कूहँ कूहुँ गीत गाउँदै*
*रमणीय बन पाखामा भुले जस्ती छ्यौं ।*

(पृ.५२)

**स्वादसम्बन्धी बिम्ब**

*बैसको बेला रक्सी , मासु भयो ज्यादै प्रिय चीज*
*खान छोडेपछि अहिले त्यही घृणा र पाप भयो ।*

(पृ.५५)

**गन्धसम्बन्धी बिम्ब**

*लटरम्म ऐसेलु र काफल पाकेको*
*मगमग बास्ना लिँदै भुले जस्ती छ्यौं ।*

(पृ.५२)

**गतिसम्बन्धी बिम्ब**

*आफ्नै बलबुताबाट कर्मयात्रा जस्ले थाले*
*सफलताको शिखरमा पुगे तिनै सूराहरू ।*

(पृ.८०)

**तापसम्बन्धी बिम्ब**

*केही आशा भरोसाका ज्योति बल्न लाग्यो जब*
*त्यही ज्योति निभाइदियौ मैन जस्तै गलाएर ।*

(पृ.५७)

**प्रतीक प्रयोग**

शान्तिनारायण श्रेष्ठको **अजम्मरी माया**मा समावेश केही गजलहरूमा मात्र प्रतीकको प्रयोग पाइन्छ, यहाँ प्रयोग भएका प्रतीकका केही उदाहरूण तल प्रस्तुत गरिएको छ ।

*डाडाँ माथि जागरणको झुल्किसक्यो घाम*
*कुम्भकर्ण निन्द्रा त्यागी लौन सबै जाग ।*

(पृ.१३४)

*दुध दिई विष दिने सर्प पाल्नु हुन्न*
*छायाँ दिने चौचारीको बर ढाल्नु हुन्न ।*

(पृ.९५)

*कैलेसम्म बन्नु पर्ला अझै हामी काकाकूल*
*कालोबादल आकाशमा छाउन्न कि ! जस्तो लाग्यो ।*

(पृ.४१)

यहाँ प्रयोग भएका प्रतीकहरू घामले जागरण, सर्पले शत्रु, काकाकुलले व्याकुल जनतालाई बुझाएका छन् ।

**शब्दालङ्कार**

**अनुप्रास अलङ्कार**

**अजम्मरी माया**मा सङ्ग्रहितगजलहरूमा आद्यनुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास वृत्यानुप्रास आदिको प्रयोग पाइन्छ ।

**आद्यनुप्रास :** *कति बिते दिनहरू कति काटे रातहरू*
*जति गऱ्यो उति धेरै तिम्रा मेरा बातहरू ।*

(पृ.३९)

**मध्यानुप्रास :** *हाम्रो भाग्य छिट्टै खुली आउन्न कि !जस्तो लाग्यो*
*सन्तोषको सास पेर्न पाउन्न कि जस्तो लाग्यो ।*

(पृ.३८)

**अन्त्यानुप्रास** : *मेरो माया गुराँसको फूल सरी फुल्ने*
*तिमी भने भमराभैं रस चुस्दै डुल्ने*
(पृ.१८)

**अर्थालङ्कार**

**उपमा अलङ्कार :** *कर्कलाको पातको पानी जस्तै हो जवानी*
*पानीको फोका जस्तै यो हाम्रो जिन्दगानी ।*
(पृ.९०)

**लोकोक्ति अलङ्कार :** *माटोलाई ढुङ्गाको भर ढुङ्गालाई माटो जस्तै*
*मिलीजुली बसौ हामी भनेकै हुँ मैले पनि ।*
(पृ.५९)

**प्रश्नालङ्कार** : *मानसम्मान पैसामा जोखिन्छ यसरी किन ?*
*सौताको रिस लोग्नेमा पोखिन्छ यसरी किन ।*
(पृ.६३)

**स्भावोउक्ति अलङ्कारः** *संसारमा कोही पनि हुन्न अजम्मरी*
*ओइलिई भर्नु पर्छ फूलै भए पनि ।*
(पृ.७०)

**अतिशयोक्ति अलङ्कारः** *गुराँस भैं ढकमक्क फुलेको छ मन*
*पंक्षी जस्तै सगरमा डुलेको छ मन ।*
(पृ.११७)

यसरी शान्तिनारायण श्रेष्ठको **अजम्मरी मायामा** सङ्ग्रहीत केही गजलहरूमा बिम्ब तथा प्रतीकको प्रयोग पाइन्छ भने कतै आयोजित र कतै स्वतः निर्मित रूपमा देखापरेका अलङ्कारहरूले ती गजलहरूका कलात्मक तथा भावगत पक्षलाई उत्कृष्ट बनाएको छ ।

### ४.१.५ भाषा

शान्तिनारायण श्रेष्ठ **अजम्मरी मायामा** तत्सम तदभव र आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । तिनको चर्चा तल गरिएको छ । शब्द प्रयोग शान्तिनारायण श्रेष्ठले अजम्मरी मायामा सङ्ग्रहीत गजलहरूमा नेपाली जनजिब्रोले प्रचलन ल्याएर पचाइसकेका तत्सम शब्द चयन गरेका छन् । उदाहरणका लागि देह, ऐश्वर्य बन्धु, मार्ग (पृ.९८) दुध (पृ.९५) रात (पृ. ६७) मीठो (पृ. ८१) रात (१०७) आदि तदभव तथा खुसी, डाक्टर सहर आदि आगन्तुक शब्दहरूको प्रयोगले भाषा प्रयोगमा विविधता देखिएको छ ।

### ४.१.६ निष्कर्ष

शान्तिनारायण श्रेष्ठको अजम्मरी माया गजल सङ्ग्रहमा एक सयवटा गजल सङ्ग्रहित रहेका छन् । यस सङ्ग्रहभित्र गैरमुरद्दफ तथा मुरद्धफ दुवै प्रकारका गजल पाइन्छन् । छ सेरका ४ वटा र बाँकी सबै ५ सेरमा रचना गरिएका यस सङ्ग्रहका कुनै पनि गजलमा तखल्लुसको

प्रयोग गरिएको छैन । तखल्लुसको प्रयोग नगर्नु उनको कमजोरी पक्ष हो । प्रेम प्रणय मूलक भावलाई बढी मात्रामा प्रयोग गरिएको यस सङ्ग्रहमा उक्त भावलाई मिलन, विछोड, पीडा, व्यथा आदिको सन्दर्भलाई अत्यन्त आर्कषक तरिकाले प्रस्तुत गरिएको छ । यसका अतिरिक्त समाजमा विद्यमान विकृति विसङ्गतिको गरिबि प्रतिको यथार्थ राष्ट्रभक्ति, लोकतन्त्र प्रतिको आस्था, प्रकृति चित्रण आदि लाई उठान गरेको छ । नेपाली लोकलय, आक्षरिक लय तथा शास्त्रीय बहरको समेत संयोजन गरिचना भएका यस सङ्ग्रहका गजलहरू अत्यन्त श्रुतिमधुर बनेका छन् । गन्ध, स्वाद, श्रव्य दृश्य र गतिसम्बन्धी बिम्ब प्रयोगले गजललाई आकर्षक बनाएका छन् भने केही गजलहरूमा प्रतीक प्रयोगपनि गरिएको छ शब्दालङ्कार एवम् अर्थालङ्कारको प्रयोगले यस सङ्ग्रहका गजल ओजपूर्ण र कलात्मक बनेका छन् तत्सम, तदभव र आगन्तुक तथा मौलिक शब्दहरूको उचित संयोजनले गजल सङ्ग्रहको भाषा प्रयोग पनि उत्कृष्ट रहेको छ ।

### ४.२ कृष्णादेवी शर्मा (श्रेष्ठ) र उनको निर्झरिणीमा सङ्ग्रहित गजलहरूको अध्ययन

पिता स्व. नारायणदत्त रेग्मी (पौडेल) र माता स्व. तुलसा रेग्मी (पौडेल) को कोखबाट वि.सं २००९ फागुन १५ गते मुडिकुवा, पर्वतमा जन्मिएकी कृष्णादेवी शर्मा (श्रेष्ठ) हाल प्रगतिनगर- ३ नवलपरासीमा बस्दै आएकी छन् । नेपालीमा एम.ए. उत्तीर्ण गरेकी कृष्णादेवी शर्माले विभिन्न संघसंस्थामा आबद्ध रहेकी छन् । उनको साहित्यिक कृतिका रूपमा सुनाखरी र लालीगुराँसको देश (कवितासङग्रह, २०५७) पहिलो प्रकाशित कृति भने अन्य रचनाहरूमा नारायणहिटी पर्व (तीजगीत सँगालो २०५८), अत्याचारी घर (तीजगीत सँगालो वि.सं २०५९), घरभेटी भाउजू (कथासङ्ग्रह वि.सं. २०५९) स्मृतिको एक झिलको (खण्डकाव्य वि.सं २०६२) । तथा निर्झरिणी (गजलसङ्ग्रह वि.सं २०६३) प्रकाशित रहेका छन् । उनको गजल सङ्ग्रह निर्झरिणीको विश्लेषण तल प्रस्तुत गरिएको छ :

निर्झरिणी गजलकार कृष्णादेवी शर्माको पहिलो गजल सङ्ग्रह हो । यस सङ्ग्रहमा ६० वटा गजल समाविष्ट गरिएको छ । तिनीहरूको विश्लेषण निम्नानुसार गरिएको छ ।

#### ४.२.१ संरचना

**निर्झरिणी** गजल सङ्ग्रहमा ७० वटा गजल सङ्ग्रहित छन् । यस सङ्ग्रहमा पृ. ३५ को 'मखमली पथ मेरो' चार सेरमा छ भने पृ.३८ को 'मेरो मनको आँगनमा' पृ.४४ को 'यात्रामा साथ दिने ठूलो बडो मान्छे' (पृ.५०) 'मानव अधिकार गुम्यो' (५४), ६ सेरमा तथा 'कुरा भन्दा काम ठूलो' (पृ.६५) र 'यो जिन्दगी' (पृ.६९) सात सेरमा संरचित छन् र बाँकी ६३ वटा गजलमा भने ५ सेरको व्यवस्था रहेको छ ।

यस सङ्ग्रहमा पूर्ण तथा आंशिक दुवै खालका काफियाको प्रयोग भएको छ। गजलकारले काफिया प्रयोगमा सचेतता अपनाउने प्रयास गरेकी छन् । यस गजल सङ्ग्रह भित्र आंशिक र पूर्ण काफियाको प्रयोग गरिएको छ । जसका उदाहरण यस प्रकार रहेको छ ।

**पूर्ण अनुप्रासयुक्त काफिया** : *मेरो मनको आँगनमा खुसी छर्दै नाच तिमी*
*वेदनाका लहर ती मुठी पार्दै भाँच तिमी ।*

(पृ.३८)

**आंशिक अनुप्रासयुक्त काफिया** : *बाहिर हेर्दा काली छ्यौ*
*भित्र अति उज्याली छ्यौ ।*

(पृ.१९)

यस गजलस्ग्रहमा होउ- भोट (पृ.२) देख्ने-लेख्ने (पृ.४) सुन्न-थुन्न (पृ.११) हास्न-गास्न (पृ.१३) जहर-रहर (पृ. ९) लाग्यो-जाग्यो (पृ.१४) ठूलौ -भुलै (पृ.१८) हास्न-टास्न (पृ.५) थासिएको -मासिएको (पृ.३५) खाली-बाली (पृ.३७) नाँच-भाँच (पृ.३८) पूर्ण-काफिया तथा सेवा गर्ने अघिसर्ने (पृ.३३) नमीठोनि-पनि (पृ.५६) हर्षले-नववर्षले, निकर्षले-उत्कर्षले, विमर्शले-परामर्शले (पृ.७०) जस्ता आंशिक काफियाको प्रयोग गरेका छन् ।

रदिफ प्रयोगका दृष्टिले कृष्णादेवी शर्माका गजलहरूलाई मुरद्धफ र गैरमुरद्दफ दुई वर्गमा विभाजन गर्न सकिन्छ । निर्झरिणी भित्र सङ्ग्रहित ७० वटा गजलहरू मध्ये ६५ वटामा रदिफको प्रयोग पाइन्छ भने कोही राजनीति (पृ.७) उनको साथ पाउँदा (पृ.२२) पोखिएला जवानी (पृ.२४) चौपारी नै छैन (२७) नक्कली प्रेम (पृ.४२) जस्ता पाँचवटा गजल भने रदिफ बिहीन भएकाले गैरमुरद्धफ वर्गमा पर्दछन् ।

यस सङ्ग्रहमा अधिकांश गजलहरूमा तखल्लुसको प्रयोग त भएको छ तर प्रथम पुरुष, द्वितीय पुरुष र तृतीयका पुरुषका रूपमा भएको छ भने नाम र उपनामका रूपमा तखल्लुसको प्रयोग गरिएको पाइँदैन । पुरुषका रूपमा तखल्लुसको प्रयोग भएका सेरहरू यस प्रकार रहेका छन् ।

**प्रथम र तृतीय पुरुष तखल्लुषको प्रयोग -**

*उनको स्मरण गरिदिन्छु बिर्सन्न म भूल्मा पनि*
*उनको सक्कल दर्पण चिनिदिन्छु म हुलमा पनि ।*

(पृ.२०)

**द्वितीय पुरुष तखल्सको प्रयोग -**

*प्रकृतिमा हरियाली छैन तिमी हौ कि ?*
*अदृश्य यै मलाई माया गर्ने तिमी हौ कि ?*

पृ.५८)

**तृतीय पुरुष तखल्लुसको प्रयोग उनको -**

*साथ पाउँदा त छहारीमा बसेजस्तो*
*साथ छुट्दा लाग्न थाल्यो साँपले डसेजस्तो ।*

(पृ.२२)

### ४.२.२ विषयवस्तु

गजलका कृष्णदेवी शर्मा (श्रेष्ठ) ले यस सङ्ग्रहमा विषयगत विविधता पस्कने क्रममा समकालीन देशको यथार्थता, प्रेम प्रणय, राष्ट्र-राष्ट्रियता, राजनीतिक द्वन्द्व नेताहरू कुर्सीको लागि खिचातानी, प्रतिगमनको सपना, विद्रोह विसङ्गति, भ्रष्टाचार, चेलीबेटी बेचबिखन, सीमा समस्यालाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । गजलकारले तत्कालीन जनयुद्धमा समावेश नेपाली दाजुभाइ नै भएको तर एकआपसमा रगतमा होली खेलेको प्रसङ्गलाई यसरी सेरमा उतारेकी छन् ।

*मन दुख्यो रगतको होली खेल्ने मेलाले*
*दाजुभाइ आपसमा हिंसा गर्ने भेलाले ।*

(पृ.१)

गजलकारले प्रेममा विश्वासको ज्योति बाल्नुपर्ने कुरालाई यसरी व्यक्त गरेकी छन. उदाहरण एक सेरको रूपमा यस्तो रहेको छ ।

*आऊ तिमी बस मेरो खाली हृदयमा*
*विश्वासको प्रेम ज्योति बाली हृदयमा ।*

(पृ. ३७)

राजसंस्थाले गीतमा जनताको रगत पसिना चुसेको र झनै शाही शासनकालमा त सत्ता टिकाउन विभिन्न दलका नेतालाई पैसाको मोह देखाएर आफूतिर तानेको स्थितिलाई गजलका सेरका रूपमा यसरी गजलकारले व्यक्त गरेकी छिन् ।

*जनताका पसिनामा दबारको खेल*
*सत्ता थाम्न नेता किन्ने भाउको के कुरा ।*

(पृ.३)

**शृङ्गारिक विषयवस्तु भएको सेर** : *पोखिएला जवानी त्यो वैशालु झोकमा*
*रित्तो पेट बस्नु पर्ला यौवनको भोकमा ।*

(पृ.२४)

जिन्दगी नियतिको चपेटामा परेर प्रारब्धको लेखालाई अविश्वास गरी पश्चातापको भुमरीमा फस्न बाध्य भएको विषयवस्तुको सेर :

*नियतिको चोट पनि आफै उपर बज्रिनाले*
*आफन्तको सहानुभूतिले केही राहत पाइदिन्छ ।*

(पृ.२२)

यसरी गजलकार कृष्णादेवी शर्मा श्रेष्ठले आफ्ना गजलहरूमा देशको समसामयिक अवस्था, युद्धजन्य वास्तविकता, नेपालीहरूको दु:ख , पीडा, गरिबीका साथै बढ्दै गएको विकृति र विसङ्गतिजस्ता विषयवस्तुको उठान गरेकी छन् भने केही गजलमा प्रेममा जीवनका मिलन,

विछोड, शृङ्गारिकताका प्रसङगहरूलाई उचित स्थान दिएकी छन् समग्रतामा विषयगत विविधता रहेको छ ।

### ४.२.३ लय

कृष्णादेवी शर्माले आफ्ना गजलहरूमा पूर्णरूपमा लय प्रयोगमा सचेतता देखाएकी छैनन् । **निर्झरिणीमा** सङग्रहित उनका केही गजलहरूमा मात्र आक्षरिक लयको प्रयोग पाइन्छ भने अधिकांश गजलहरूका कुनै कुनै एक दुई सेरमा लय मिलेको भेटिए तापनि पुरै गजलमा कतै पनि लयको प्रयोग उचित रूपमा हुन सकेको छैन । विभिन्न अक्षर संरचना भएका गजलका उदहरणका लागि केही सेरहरू तल प्रस्तुत गरिएको :

*मन दुख्यो रगतको होली खेल्ने मेलाले*
*दाजुभाइ आपसमा हिंसा गर्ने भेलाले ।*

(पृ.१)

४+२+४+४ को सूत्रमा आधारित १४ अक्षरे सवाई लोक छन्द प्रयोग भएको सरेको उदाहरण :

*थाहै नदी मन बीच बास गर्नेलाई*
*डाह गर्ने लोक देख्दा, त्रास गर्नेलाई ।*

(पृ.२३)

४+४+४+४ को सूत्रमा आधारित १६ अक्षरे भ्याउरे लयको प्रयोग भएको सेर :

*संविधान बन्नुपर्छ गरिबको हित हुने*
*अभिजात वर्गसँग मानवीय जित हुने।*

(पृ. ६७)

४+४+२+३ को सूत्रमा आधारित १३ अक्षरे भ्याउरे लयको प्रयोग भएको सेरको उदाहरण:

*वसन्तमा फूल बनी फुल्न सकिन*
*आमा तिम्रो नयनमा फुल्न सकिन ।*

(पृ.६)

### ४.२.४ बिम्ब , प्रतीक र अलङ्कार

कृष्णादेवी शर्माको **निर्झरिणीमा** सङ्ग्रहित गजलहरूमा केही आयोजित तथा स्वनिर्मित रूपमा विभिन्न विम्ब, प्रतीक तथा अलङ्कार प्रयोग गरिएका छन् । तिनको चर्चा तल प्रस्तुत गरिएको छः

**दृश्यसम्बन्धी विम्ब :** *यो देशमा छिट्टै लोकतन्त्र आएको देख्न चाहन्छु*
*नेपाली प्रजाले नागरिक हक पाएको देख्न चाहन्छु ।*

(पृ.५३) ।

**श्रव्यसम्बन्धी विम्ब** : *लोकतन्त्र बोलाउने जनआवाज*
*ईश झैं तमाम ठूलो सम्झिराखौं ।*

(पृ.६५)

**तापसम्बन्धी विम्ब** : *यौवनको तापले मुर्झाएका याममा*
*सहानुभूतिको न्यानो छहारी देखउन ।*

(पृ.६४)

**स्वाद सम्बन्धी विम्ब** : *बालक दिनमा मिठा मिठा खानेकुरा खाइएन*
*ऐले पेट भोकै हुँदा नमिठो पनि पाइएन ।*

(पृ.५६)

**प्रतीक प्रयोग**

कृष्णादेवी शर्माले **निर्झरिणीमा** सङ्ग्रहीत आफ्ना केही गजलहरूमा अर्थको विशिष्टीकरणका लागि प्रतीकहरूको प्रयोग गरेका छन् । यहाँ प्रयोग भएका प्रतीकको केही उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

*पहिलो वसन्तमा फुल्ने फूल भयो जिन्दगी*
*नजरको केन्द्रविन्दु कूल भयो जिन्दगी ।*

(पृ.१७)

*कुकुर विरालोको होड चलिरहेछ*
*ठूलो सानु छुट्याउन भोट चलिरहेछ ।*

(पृ.२)

*साँढेको जुधाइमा बाच्छा मिचिदै छन्*
*गरिबको चिसो चुल्हो सल्केने हो कसरी ?*

(पृ.४)

यहाँ प्रयोग भएका प्रतीकहरुमा वसन्तले खुसीयाली, कुकुर बिरालोले एक आपसमा नमिल्नु र साँढेको जुधाईले नेताहरूको लडाईलाई बुझाएको छ ।

**अलङ्कार प्रयोग**

**निर्झरिणीमा** सङग्रहित गजलहरूमा प्रयुक्त पूर्वचर्चित विम्ब तथा प्रतीकहरूको प्रयोगले विभिन्न अलङ्कार सिर्जना गरेका छन् । यहाँ यस सङ्ग्रहमा सङग्रहित गजलहरूमा आयोजित तथा स्वतः निर्मित रूपमा पाइने अलङ्कारहरू मध्ये केही तलका बुँदामा प्रस्तुत गरिएको छ :

**शब्दालङ्कार**

**अनुप्रास अलङ्कार**

निर्झरिणीमा सङ्ग्रहित गजलमा अनुप्रास अलङ्कारअन्तर्गतका मध्यानुप्रास, आवृत्ति अनुप्रास, आन्तरिक अनुप्रास र अत्यान्त्रासको प्रयोग पाइन्छ ।

**आद्यनुप्रास** : *नक्कली प्रेम चाहिँदैन*
*सक्कली त्यति पाइँदैन ।*

(पृ.४२)

**मध्यानुप्रास** : *चौपारी नै छैन ऐले मन बिसाउन*
*आफन्त नै छैन मेरो मन रिसाउन ।*

(पृ.२७)

**अन्त्यानुप्रास :** *देश हराउँछ भन्ने बारेमा गुन्छ नेपाली*
*मनभित्रका बहहरू आँसुका थुन्छ नेपाली ।*

(पृ.३४)

**अर्थालङ्कार**

**लोकउक्ति अलङ्कार** : *भाइ फुटे गँवार लुटे, उक्ति बिर्सिएर*
*विश्वसामु बदनाम पलेको छ आमा !*

(पृ.४६)

**उपमा अलङ्कार :** *चकोर र चन्द्रमा भ्रै यस्तै माया बस्यो*
*श्रावणको मूल जस्तो सस्तै माया बस्यो*

(पृ.३९)

**प्रश्नालङ्कार** *: बिरामी छन् आमा मेरी लास हुन्छ कि ?*
*कतै मलाई छिमेकीमा बास हुन्छ कि ?*

(पृ.४९)

### ४.२.५ भाषाशैली

कृष्णादेवी शर्माले **निर्झरिणीमा** तत्सम, तदभव र आगुन्तक शब्दको प्रयोग गरेकी छन् । तिनलाई तल चर्चा गरिएको छ:

**शब्दप्रयोग**

**निर्झरिणीमा** सङ्ग्रहित गजलहरूमा विषयवस्तु अनुकूल तत्सम, तद्भव र आगुन्तक शब्दहरूको प्रयोग भएका छन् । तत्सम शब्द प्रयोग गर्ने क्रममा गजलकारले आफ्ना गजलहरूमा नेपाली जनजिब्रोले प्रयोग गर्ने क्रममा पचाइसकेका संस्कृत सूचक शब्द चयन गरेकी छन् । उदाहरणका लागि ईश (पृ.६५) मण्डप (पृ.३०) जन्मभूमि (पृ.४९) पुण्यवृष्टि (पृ.३) दानव (पृ.४३) मातृभूमि (पृ.३४) आदि तत्सम तथा आयु (३४) रगत (पृ.५६) आगो (पृ.३३) आदि तदभव शब्द तथा पथ, जहर (पृ.२९) आदि जस्ता आगन्तुक शब्दको प्रयोग पाइन्छ ।

यसरी कृष्णादेवी शर्माले निर्झरिणीमा सङग्रहित गजलहरूमा विभिन्न तत्सम शब्दहरूको प्रयोग गरेकी छन् । तीमध्ये अधिकांश नेपाली जनजिब्रोमा सामान्य रूपमा प्रयोग प्रचलनमा आइसकेका शब्दहरू नै पाइन्छन् ।

### ४.२.६ निष्कर्ष

कृष्णादेवी शर्मा (श्रेष्ठ) को कृति **निर्झरिणीमा** ७० वटा गजलहरू समावेश गरिएका छन् । गजलको सिद्धान्तअनुरूपको संरचना उनका गजलमा पूर्णरुपमा पाइदैन भने संख्यात्मक रूपमा व्यापक देखिने गजलहरूमा विषयवस्तुको विविधताको उपस्थिति देखिन्छ । उनका

गजलहरूमा विम्ब तथा अलङ्कारहरूको प्रयोग केही मात्रामा पाइन्छभने प्रतीक प्रयोगमा उनी सचेत छन् । भाषिक प्रयोगमा केही विचलनमा देखिए पनि समग्रमा उनका गजलहरू सरल र सहज तथा बोधगम्य रहेका छन् ।

### **४.३ विक्रम विवशको *जेल जिन्दगी*को अध्ययन**

विक्रम विवशको **जेल जिन्दगी** शास्त्रीय बहरहरूको समेत प्रयोग गरी लेखिएको धौलागिरिकै पहिलो गजलसङ्ग्रह हो । पिता इन्द्रबहादुर के.सी. र माता झुमादेवी के.सी. सुपुत्र विक्रमबहादुर खत्रीको जन्म माझफाँट-२ मल्लाज पर्वतमा भएको हो । उनी साहित्यमा त्रिकम विवशका नामबाट परिचित हुन् । विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रचना प्रकाशित गराइसकेका विक्रमका पुष्पाञ्जलि (उपन्यास २०६०), जेल जिन्दगी गजलसङ्ग्रह (२०६३) प्रकाशित भइसकेका छन् । विभिन्न साहित्यिक सङ्घसंस्थासँग संलग्न रहेका विक्रमले केही साहित्यिक पत्रिकाको पनि सम्पादन गरिसकेका छन् । उनका मासुपसल (कथासङ्ग्रह) विधवा (उपन्यास) पत्र नलेख यसरी प्रकाशोन्मुख कृति रहेका छन् । यहाँ विक्रम विवशको **जेल जिन्दगीको** गजलसङ्ग्रहको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

**जेल जिन्दगी** विक्रम विवशको पहिलो गजलसङ्ग्रह हो । यसमा ६० वटा गजल सङ्ग्रहित छन् । अतः यिनै गजलहरूको विश्लेषण निम्नानुसार गरिएको छ ।

#### **४.३.१ संरचना**

**जेल जिन्दगी**भित्रका ६० वटा गजलहरूमध्ये ३ सेरको एउटा, ४ सेरको एउटा, ७ सेरका दुईवटा छन् भने बाँकी ५६ वटा गजल ५ सेरमा रहेका छन् । यसका ९ वटा गजलमा मतलालाई नै मकताका रूपमा पुनरावृत्ति गरिएको छ ।

यस सङ्ग्रहमा काफिया प्रयोगमा सचेतता अपनाइएको छ । पूर्ण तथा आंशिक अनुप्रासयुक्त काफियाको प्रयोग भएको छ । पूर्ण तथा आंशिक अनुप्रासयुक्त काफिया प्रयोग भएका गजलका एक एक सेर यस प्रकार रहेका छन् :

**पूर्ण काफिया** : *छोटा जामा चाहिँदैन माया जाल बुन लाटी*
*चरित्रले मन छुने हो, फेसनले छुन्न लाटी ।*

(पृ.३)

**आंशिक काफिया** : *पवन, चमन र चाँदनी साथी शून्यताका*
*यो मन, गगन र लेखनी साथी शून्यताका ।*

(पृ. १२)

यस सङ्ग्रहका गजलमा दली-जली (पृ.१) ढाटेर काटेर (पृ.२) बुन्न-छुन्न (पृ.३) घडेरी कटेरी (पृ.७) धुन -रुन (पृ.८) तान्न-धान्न (पृ.१०) डोली-बोली (पृ.२६) तितो-मीठो (पृ.२९) आदि पूर्ण अनुप्रासयुक्त तथा बलेनी-चुलेसी (पृ.११) कहानी-पानी (पृ.१७) भावना-सपना (पृ.३५) अभिर-जागिर (पृ.४६) आदि आंशिक अनुप्रासयुक्त काफियाको प्रयोग भएको छ ।

यस सङ्ग्रहका १७ औ र ४१ औँ गजलमा बाहेक अन्य सबैमा रदिफको प्रयोग भएको छ । यहाँ रदिफ कतै काफियासँग जोडिएर आएका छन् भने कतै स्वतन्त्र रूपमा नै प्रयोग भएका छन् । रदिफ प्रयोगको दृष्टिले यस सङ्ग्रहका १७ औ र ४१ औँ गजल गैरमुरद्दफ वर्गका हुन भने अन्य मुरद्दफ वर्गका हुन् । यस सङ्ग्रहका गैरद्दफफ तथा मुरद्धफ गजलका एक एक सेर यसप्रकार छन्-

**गैरमुरद्दफ** : *मैले बिर्सिएको एउटा कहानी*

*धरतीको रानी, इन्द्रेणी र पानी ।*

(पृ.१७)

**मुरदफ:** भेटेपछि आजभोलि नापी जिन्दगीको

अति धेरै माया लाग्यो पापी जिन्दगीको ।

(पृ.३१)

गजलकार विक्रम विवशले यस सङ्ग्रहका ८ वटा गजलका विभिन्न सेरहरूमा आफ्नो विवश उपनामलाई श्लेष अर्थमा प्रस्तुत गरेका छन् । मकता खण्डमा बाहेक अन्य सेरमा प्रयोग भएको ४ वटा गजलमा मात्र तखल्लुसको प्रयोग भएको छ । तखल्लुसयुक्त गजलको एक सेर यस्तो छ :

*जिन्दगी यो विवश को लौ विक्री मै छ,*

*खुल्ला बजारको किन्छ ठमेल जिन्दगी ।*

(पृ.२३)

### ४.३.२ विषयवस्तु

विक्रम विवशको **जेल जिन्दगी** (२०६४) सङ्ग्रहको शीर्षकलाई हेर्दा यस भित्रका गजलहरू जीवनका निराशाजन्य अनुभूतिहरूको प्रकटीकरण मात्र हो कि भन्ने भान हुन पुग्छ तर यहाँ जीवनका आशाहरूको कामना गरिएका गजलहरू पनि सङ्ग्रहित छन् । मूल रुपमा शृङ्गारिक भावयुक्त गजलहरूको प्रस्तुति रहेको यस सङ्ग्रहमा देशभक्ति, जातीय भेदभाव, नारी समस्या, जवानीको क्षणिकता आदि कथ्यहरूको प्रयोग भएका गजलहरू पनि छन् (बराल , कृष्णहरि, २०६४:२६६) देशको अस्थिर राजनैतिक अवस्था विभिन्न सामाजिक सांस्कृतिक विकृति र विसङ्गतिको यथार्थ चित्रण, प्राकृतिक सौन्दर्यताको चित्रण साथै जीवनलाई सकारात्मक र नकारात्मक दुवै दृष्टिले हेरिएका गजलहरू यस सङ्ग्रहमा समाविष्ट छन् । यहाँ देशमा भएको युद्धका कारण उत्पन्न पीडा साथै कतै व्यङ्ग्य र कतै दर्शन पनि प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहका केही गजलमा प्रकृतिवादको स्पर्श पनि पाइन्छ (बराल, २०६४:२६६) ।

यसरी विषयगत अर्थात भावगत विविधता अँगालिएका यस सङ्ग्रहका गजलका केही सेर उदाहरणका रूपमा निम्नानुसार उल्लेख गरिन्छ :

**जिन्दगीलाई सकारात्मक दृष्टिले हेरिएको सेर**

*भार ठान्छन् जिन्दगीलाई हार्नेहरू मात्र*
*आजै टिप्न आजै बोट सार्नेहरू मात्र ।*

(पृ.१५)

**जिन्दगीलाई नकारात्मक दृष्टिले हेरिएको सेर**

*कति एक्लै भोगेँ मैले दुःखी जिन्दगानी,*
*थियौ दुःख अञ्जलीमा थापी जिन्दगीको ।*

(पृ.३१)

**राष्ट्रभक्तिपूर्ण भाव व्यक्त भएको सेर**

*नेपाली भनी गौरव हामी गरेर बाँचौला*
*जे जति सक्यौ बुद्धमा प्राण भरेर बाँचौला ।*

(पृ.५४)

**संयोग शृङ्गारिक भाव व्यक्त भएको सेर**

*सारा ढोका बन्द हुँदा दिल खुलाउने तिमी*
*जिन्दगानी सानै बेला मन फुलाउने तिमी ।*

(पृ.३६)

**वियोगशृङ्गारिक भाव व्यक्त भएको सेर**

*छ आगो भरिलो छ जाडो उत्तिकै*
*न पर्ने नजिकै न भाग्ने बनायौ ।*

(पृ.५)

**नारीलाई सङ्घर्षशील बन्न आह्वान गरिएको सेर -**

*जता भाँच्यो उतै खस्ने कुलो नारी होइन,*
*मन परेको जोडा आफ्नो छान्न सिक्नु पर्छ ।*

(पृ.१०)

**जातीय भेदभावलाई प्रस्तुत गरिएको सेर**

*पँधेरीमा मलाई लुगा धुन दिन्नन् आमा*
*मर्ने गरी कुट्छन् अनि रुन दिन्नन् आमा ।*

(पृ.८)

यी उल्लेखित विषयवस्तुका अतिरिक्त यस सङ्ग्रहका गजलमा राजनैतिक विकृतिप्रति व्यङ्ग्य र र हत्या हिंसाको विरोध पनि गरिएको छ । शृङ्गार वीर वीभत्स, हास्य, करुण रसभावयुक्त गजल समाविष्ट भएका यस सङ्ग्रहका गजलमा विषयगत विविधता रहेको देखिन्छ ।

**४.३.३ लय**

यस सङ्ग्रहका गजलमा आक्षरिक तथा शास्त्रीय दुवै किसिमका लयको प्रयोग गरिएको छ । यसमा आक्षरिक लय अन्तर्गत नेपाली गजलमा प्रचलित सवाइ र झ्याउरे लयको पनि सुन्दर संयोजन भएको छ । त्यसैगरी यस सङ्ग्रहमा अन्य थुप्रै आक्षरिक लयको प्रयोग भएको पाइन्छ । यहाँ आक्षरिक लय प्रयोग भएका एकाध गजलमा भने गजलकार लयप्रति त्यति सचेत देखिदैनन (बराल, २०६४:भूमिका) । यसका कारण केही गजलमा लय भङ्गको स्थिति पनि उत्पन्न भएको छ । शास्त्रीय लय अन्तर्गत यस सङग्रहका गजलमा अरबी फारसी मुरकारिब, ददिद् र रजजजस्ता बहरको प्रयोग गरिएको छ-

यस सङ्ग्रहका गजलमा प्रयुक्त विभिन्न आक्षरिक तथा शास्त्रीय लययुक्त गजलका एक एक सेर उदाहरणका लागि निम्नानुसार प्रस्तुत गरिएको छ-

**आक्षरिक लय**

४+४+४ को लयमा आधारित १२ अक्षरे लय-

*प्रियसीले चोटैं चोट दिँदाखेरि*
*अचानो र यो कलेजी उस्तै उस्तै ।*

(पृ.११)

४+४+२+४ को सूत्रमा आधारित यतिव्यवस्था भएको १४ अक्षरे सवाई लय -

*मौका खोज्दै आउँदैन तान्न सिक्नुपर्छ*
*आफै आफ्नो जिन्दगानी धान्न सिक्नुपर्छ ।*

(पृ.१०)

४+४+४+४ को सूत्रमा आधारित १६ अक्षरे लय-

*सान्नानीको गालैमाथि टल्किएको जवानी छ*
*उत्ताउलो हाँसोसँगै छल्किएको जवानी छ ।*

(पृ.५२)

अतः जेल जिन्दगी भित्रका गजलहरू विभिन्न आक्षरिक तथा शास्त्रीय लयको प्रयोगले गेयात्मक र श्रुतिमधुर बनेका छन् । यस सङ्ग्रहका गजलमा उच्चारणका क्रममा कतै कतै मध्यविश्राम तथा उपविश्रामहरूमा लयभङ्गको स्थिति पनि देखिन्छ तर समग्रतामा यसले गजलको लयमा ठूलो असर पारेको छैन, त्यसैले यो सङ्ग्रह लय प्रयोगको दृष्टले सफल रहेको छ ।

**४.३.४ विम्ब , प्रतीक र अलङ्कार**

विक्रम विवशको **जेल जिन्दगीमा** सङग्रहित गजलहरूमा केही आयोजित तथा स्वतः निर्मित रूपमा विभिन्न विम्ब, प्रतीक तथा अलङ्कार प्रयोग गरिएका छन् । तिनको चर्चा तल गरिएको छ :

**विम्ब प्रयोग**

विक्रम विवशको **जेल जिन्दगी**मा सङग्रहित आफ्ना गजलहरूमा विभिन्न विम्बको प्रयोग गरी भावपक्षलाई सबल तुल्याएका छन् । यस सङ्ग्रहका गजलहरूमा दृश्यसम्बन्धी विम्ब, गन्धसम्बन्धी विम्ब, स्वादसम्बन्धी विम्ब श्रव्यसमबन्धी विम्ब, स्पर्शसम्बन्धी विम्ब, ताप सम्बन्धी विम्ब, गति सम्बन्धी विम्बहरूको प्रयोग गरिएको पाइन्छ । तिनका केही उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**दृश्यसम्बन्धी विम्ब :** *नदेखि फूल को नै हुन्थ्यो र लठ्ठ*
*उनको वैस त झन फलिरहेछ ।*
(पृ.१)

**गन्धसम्बन्धी विम्ब** : *सहज छ लालीमा गालाको, दुई ओठ छन् अलौकिक,*
*पर्यावरण छ मगमग वासनाले सुगन्ध कसले छर्कियो ।*
(पृ. ४१)

**स्वादसम्बन्धी विम्ब** : *तिमीले जति मिठामिठा परिकार लिए पनि,*
*मेरे गाउँको हलिकान्छो बाइस गुना मोटो हजुर ।*
(पृ.४७)

**श्रव्यसम्बन्धी विम्ब** : *बोली त कस्तो मीठो लाग्यो मलाई,*
*बसन्तमा कोइली कराएझैं लाग्यो ।* (पृ.५९)

**स्पर्शसम्बन्धी विम्ब** : *कोमल ती हातमाथि सजिएर उनको*
*सबै थोक नियाल्ने ती बाला भाग्य माथि ।*
(पृ. ४०)

**तापसम्बन्धी विम्ब :** *छ आगो भरिलो छ जाडो उत्तिकै*
*न पर्ने नजिकै , न भाग्ने बनायौ ।*
(पृ.५)

**गतिसम्बन्धी विम्ब** : *टोपी लगाई नरमुण्डको गम्किएकै छ,*
*के को मऱ्यो हेर्नुस् त ऊ लम्किएकै छ ।*
(पृ.२५)

उल्लेखित विम्ब बारहेक यस सङ्ग्रहका गजलमा यौन विम्बको पनि प्रयोग भएको छ । यौन विम्ब प्रयोग भएको गजलको एउटा सेरको उदाहरण यस्तो छ ।

*पहिलो भेट भएकोले मन छिचोल्न गाह्रो भयो*
*मेरो चोर **चापी**ले त्यो **भोटेताल्चा** खोलिहाल्यो ।*
(पृ.५)

**प्रतीक प्रयोग**

विक्रम विवशले **जेल जिन्दगीमा** सङग्रहित आफ्ना गजलहरूमा भावपक्षलाई सबल तुल्याउन प्रतीकको प्रयोग गरेका छन् । यहाँ प्रयोग भएका प्रतीकका केही उदाहरण तल प्रस्तुत गरिएको छ :

*बोटबाटै नझुके नि टिप्न आउँथ्यो कुनै माली*
*काली आफ्नै तुहाएर किनत भुल्छे लालीगुराँस ।*

(पृ. ३९)

*देवकोटाका **मदन** बने साहुबाका छोरा*
*स्कुलमा मलाई **मुना** छुन दिन्न आमा ।*

(पृ.८)

*कसले हान्यो ढाका अन्धकार रातमा*
*म चखेवीको **चखेवा** पक्कै होइन ।*

(पृ.२२)

***पसिनाले** भिझेपछि यहाँ सुन फल्छ*
*जुट्नुपर्छ पाखुरी र बीउ कोदालीको ।*

(पृ.४५)

यहाँ प्रयोग भएका प्रतीकहरूमा लाली गुराँसले स्त्रीलाई, चखेवाले प्रेमीलाई, पसिनाले परिश्रमलाई बुझाएका छन् ।

अलङ्कार प्रयोग जेल जिन्दगीमा सङग्रहित गजलहरूमा प्रयुक्त पूर्वचर्चित विम्ब तथा प्रतीकहरूको प्रयोगले विभिन्न अलङ्कार सिर्जना गरेका छन् । यहाँ यस सङ्ग्रहमा सङग्रहित गजलहरूमा आयोजित तथा स्वतः निर्मित रूपमा पाइने अलङ्कारहरूमध्ये केही तलका बुँदामा प्रस्तुत गरिएको छ :

**शब्दालङ्कार**

**अनुप्रास अलङ्कार :**

***आद्यानुप्रासः*** ***बसिदेऊ** न मेरो मनको घडेरीमा है*
***पसिदेऊ** न दुःखीको यो कटेरीमा है ।*

(पृ.७)

**आवृत्ति अनुप्रास** : ***आफै** कैदी अनि आफै जेल जिन्दगी*
***आफै** प्रश्न, आफै उत्तर जल जिन्दगी ।*

(पृ.२२)

**अत्यानुप्रासः** *सारा ढोका बन्द हुँदा ल्याईखुलाउने **तिमी***
*जिन्दगी झर्ने बेला मन भुलाउने **तिमी** ।*

(पृ.३३)

**श्लेष अलङ्कार** :    *साँचो कथा **विवश** को लेख्यो लेखनीले*
*पीर व्यथा सबै मनमा पाल्न सकिएन ।*
(पृ. १४)

**अर्थालङ्कार**

**उपमा अलङ्कार** :    *मेरो आँखा र बलेनी उस्तै उस्तै*
*तिम्रो दृष्टि र **चुलेसी** उस्तै उस्तै ।*
(पृ. ११)

**अतिशयोक्ति अलङ्कार** : *ओस पार्ने बुढो रुख ढलाउँछौ भनेका छन्*
*रुख मुनिका विरुवाले पलाउँछौ भनेका छन् ।*
(पृ. ६०)

**प्रश्नावलङ्कार** : *छ जवानी त्यो थुङ्गाजस्तो के भनेको तिमीले ?*
*गहिराइमा झन ढुङ्गाजस्तो के भनेको तिम्ले ?*
(पृ.५७)

अतः विक्रम विवशका जेल जिन्दगीमा सङ्ग्रहित गजलहरूको अध्ययन गर्दा विम्ब, प्रतीक तथा अलङ्कारको प्रयोगमा उनी सचेत रहेका पाइन्छन् । यस्ता विम्ब, प्रतीक तथा अलङ्कारको आयोजनाले कलात्मक तथा भावगत दुवै पक्षलाई सबलता प्रदान गरेका छन् ।

### ४.३.५ भाषा

विक्रम विवशले **जेल जिन्दगीमा** समकालीन नेपाली कथ्य भाषाको नजिक रही विभिन्न खाले तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् , जसको चर्चा तल गरिएको छ :

**शब्द प्रयोग**

**जेल जिन्दगी**मा सङग्रहित गजलहरूमा विषयवस्तुसित अनुकूल हुने तत्सम, तद्भव र आगन्तुक शब्दहरू प्रयोग भएका छन् । तत्सम शब्द प्रयोग गर्ने क्रममा गजलकारले आफ्ना गजलहरूमा नेपाली जनजिब्रोले प्रयोग र प्रचलनमा पचाइसकेका संस्कृत शब्द चयन गरेका छन् उदाहरणका लागि उनका गजलमा प्रयुक्त लोक (पृ.७) दीप (पृ.१५) धर्ती (पृ. १७ पवित्र (पृ.२३) कर्म (पृ.४७) शोडषी (पृ.२७) आयु (पृ.१७) चाँदनी (पृ.१२) आदिजस्ता तत्सम शब्दहरू लिन सकिन्छ ।

यसैगरी जेल जिन्दगी भित्र मीठो (पृ.१) आँसु (पृ. १५) आगो (पृ.७) कालो (पृ.३८) पानी (पृ.६) चाँदनी (पृ.१२) राति (पृ.४८) आदि जस्ता तद्भव शब्दहरूको प्रयोग, गरेका छन् । त्यसैगरी मदीरा (पृ.५) फेसन (पृ.३) सहर, खुसी (पृ.३६) रेफ्री (पृ.२३) आदि जस्ता आगन्तुक शब्दहरूले समेत गजललाई ऊर्जा प्रदान गरेका छन् ।

### ४.३.६ निष्कर्ष

विक्रम विवशको **जेल जिन्दगी** (वि.स.२०६४) गजलसङ्ग्रमा ६० वटा गजलहरू सङ्ग्रहित छन् । अधिकांश गजल ५ सेरमा प्रस्तुत यस सङ्ग्रहमा एउटा ३ सेरको, एउटा ४ सेरको र दुईवटा सात सेरका गजल रहेका छन् । गैरमुरद्‍फ तथा मुरद्धफ दुवै खालका गजल समाविष्ट यस सङ्ग्रहका केही गजलमा तखल्लुसको पनि प्रयोग गरिएको छ । यस सङ्ग्रहमा शृङ्गारिक, राष्ट्रभक्तिपूर्ण, समसामयिक विकृति र विसङ्गतिप्रति व्यङ्गय, सामाजिक विभेदको यथार्थ चित्रण, हत्याहिंसाको विरोध, प्रकृति चित्रण लोकतन्त्र प्रतिको आस्था र निरङ्कुशताको अन्त्य आदि विषयवस्तुलाई गजलका सेरभित्र बुन्ने काम गरिएको छ । मान्छेको जन्म नै जेलको प्रवेशका रूपमा रहेको प्रतीकात्मक अर्थबोध गराउने यस सङ्ग्रहको शीर्षक सार्थक रहेको छ। लयात्मकताका दृष्टिले यो सङग्रह सफल रहेको छ । त्यसैगरी विम्ब, प्रतीक र अलङ्कारको प्रयोग सचेततापूर्वक गरिएको छ । भाषिक प्रयोग विभिन्न तत्सम, तद्‍भव तथा आगन्तुक शब्दहरूको प्रयोग गरे पनि उनका गजलहरू सरल, सहज र बोधगम्य रहेका छन् ।

### ४.४ *उषाका किरण*मा सङ्ग्रहित उषा आचार्यका गजलहरूको अध्ययन

पिता गोपालप्रसाद आचार्य र माता स्व. पदमा आचार्यकी सुपुत्री उषा आचार्यको जन्म माझफाँट -४ मल्लाज पर्वतमा भएको हो । कक्षा ११ मा अध्ययनरत आचार्यले उषाका किरण गजल सङ्ग्रह २०६४ साल माघ १ गते मोहन बहादुर मल्ल साहित्य प्रतिष्ठानद्वारा प्रकाशित गरिएको हो र उषाका किरण गजलसङ्ग्रहका गजलहरूको अध्ययन तल प्रस्तुत गरिएको छ :

### ४.४.१ संरचना

**उषाका किरणमा** सङग्रहित ६० वटा गजलहरूमा गजलकार उषा आचार्यले पाँच सेरको प्रयोग गरेकी छन् । गजलकार आचार्यको उषाका किरणभित्रका गजलहरूमा पूर्ण तथा आंशिक दुवै अनुप्रासयुक्त काफियाको प्रयोग गरिएको छ। उनका गजलहरू मध्ये सधैँ हुने (पृ.३) बास दिने कृष्ण (पृ.६) कस्तो वलन आयो (पृ.१) जगौ जुग (पृ.४) दिनहुँ म (पृ.१०) जस्ता गजलमा बराबर अक्षसङ्ख्या भएका पूर्ण अनुप्रासयुक्त काफियाको प्रयोग छ भने अन्यमा बाराबर अक्षरसङ्ख्या नभएका काफियाको प्रयोग पाइन्छ ।

रदिफ प्रयोगका दृष्टिले उषा आचार्यका गजललाई मुरद्धफ र गौरमुरद्‍फ गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । ६० ओटा गजलहरूमध्ये भोक लाग्यो (पृ.४५) उठ अब (पृ.५७ दुई वटा गजलहरू रदिफविहिन गैरमुरद्धफ वर्गमा रहेका छन् भने अन्य सबै मुरद्धफ वर्गमा रहेका छन् । गजलकार उषा आचार्यले आफ्नो गजल सङ्ग्रहभित्र तखल्लुसको प्रयोग गरेकी  छन् ।

### ४.४.२ विषयवस्तु

उषा आचार्यको **उषाका किरण** गजलसङ्ग्रहभित्र विविध विषयमा गजलहरू सङ्ग्रहित रहेका छन् । यस सङ्ग्रहमा प्रणयोमन्मुख शृङ्गारिक भाव, मानवीय भावना सञ्चार गराउने भाव, जीवनप्रतिको सकारात्मक सोचको अभिव्यक्ति जीवनप्रतिको नकारात्मक वा निराशावादी स्वर, नेताहरूप्रति असन्तोष नारी स्वतन्त्रता र चेतनाको भाव स्थानीय प्रकृति चित्रण, राष्ट्रिय

एकताका भावहरू गरिबीको पीडाबोध, लोकतन्त्रको चाहना नेपाली संस्कृतिको चित्रण, जन्मभूमि र जन्मदिने आमाका कारण विदेशीनु पर्ने बाध्यता र जातीय विभेदप्रति असन्तुष्टि जस्ता विषयवस्तु समेटिएका छन् । तिनीहरूको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**प्रणयोन्मूख शृङ्गारिक भाव** : *टोलाएर हेरिदिने गाजलु त्यो आँखा राम्रो*
*पिरती गीत गाइदिने कोइलीको भाका राम्रो ।*

(पृ. २३)

**जीवनप्रतिको सकारात्मक सोचः** *साथ दिने कोही नशोच कैल्यै पनि जिन्दगीमा*
*कोही छैनन् आफ्नो भनी निराश कत्ति हुन्न मत ।*

(पृ. ४७)

**मानवीय भावना सञ्चार गराउने सेर :**

*बुद्ध जन्मेको ठाउँमा शान्तिको नाश हुन्छ कि ?*
*वैरीलाई मार्ने नाउँमा भाइ भाइको लाश हुन्छ कि ?*

(पृ. २०)

**नेतारूप्रतिको असन्तुष्टि व्यक्त गरिएको सेर-**

*नेता पनि कुर्सी पाए हेर्दैनन है गाउँतर्फ*
*निर्दोष जनताले चोट पाको धेरै भयो ।*

(पृ. ८)

**नारी अधिकार सम्बन्धी सेर :**

*छोरा भन्दा छोरीलाई समाजले हेप्छ*
*समान हुन पाउनुपर्छ हैन र आमा ।*

(पृ. २)

**शहीदको सम्मान गरिएको सेर**

*देश बनाउन बाचा कसम गर्नेलाई सलाम*
*देशको लागि शहीद बनी मर्नेलाई सलाम ।*

(पृ.१६)

**धनी र गरिबको असमानताको सेर**

*भोक लाग्यो भन्थ्यौ भाइ खायौ कि खाएन*
*धनीलाई दसैं आयौ गरिबलाई आएन ।*

(पृ. ४५)

**लोकतन्त्रको चाहना व्यक्त भएको सेर**

*रोइरहेको नेपालमा लोकतन्त्र आए हुन्थ्यो*
*अब त नेपालीले शान्तिको गीत गाए हुन्थ्यो ।*

(पृ. २७)

**जातीय विभेदलाई देखाइएको सेर**

*मान्छे मान्छे एकै त हो पानी नचल्ने हो ।*
*देवताको मन्दिरमा दियो नजल्ने हो ।*

(पृ.४२)

**जन्मभूमिप्रति माया व्यक्त भएको सेर**

*जन्मभूमि आफ्नै ठाउँ लाग्छ मलाई किन प्यारो*
*मोहनीले छोपिदिने मेरै गाउँ पाखा राम्रो ।*

(पृ. २३)

यसरी **उषाका किरण** गजल सङ्ग्रहभित्रका गजलमा शृङ्गारिक, मानवीयता, नारी असमानता राष्ट्रियकता गरिबीको अवस्था र लोकतन्त्रको चाहना आदि जस्ता गजलहरू समावेश रहेका छन् ।

**४.४.३ लय**

लय प्रयोगका दृष्टिले उषा आचार्यको **उषाका किरण** पनि पूर्ण सचेत छैनन् । यिनका गजलहरूमा आक्षरिक लयमा आबद्ध छन् भने कोहीमा लयभङ्गको स्थिति पनि देखिन्छ । उनका गजलमा नेपाली लोकलयलाई नै प्रयोग गरेकी छन् ।

५+२+५+ ४ को यति व्यवस्था भएको १६ अक्षर नेपाली लोकलय

*कस्तो चलन आयो मान्छे मारेर धर्म गर्ने*
*सधैं आफन्तलाई एक्लै पारेर धर्म गर्ने ।*

(पृ.१)

५+५+४+५ को यति व्यवस्था भएको १९ अक्षर नेपाली लोकलय -

*संविधानको चुनाव आयो भोट हाल्न पाउनुपर्छ*
*सत्यलाई जिताएर देशमा शान्ति छाड्नुपर्छ ।*

(पृ.११)

५+४+३+३ को यति व्यवस्था भएको १५ अक्षर नेपाली लोकलय -

*लहरासँगै रमाउँदै आयो कि वसन्त*
*सुमधुर गीत गाउँदै आयो कि वसन्त ।*

(पृ.५६)

४+४ को व्यवस्था भएको सेर-

*बास दिने कृष्ण नै हुन*
*आस दिने कृष्ण नै हुन ।*

(पृ.६)

### ४.४.४ विम्ब र प्रतीक र अलङ्कार

उषा आचार्यको **उषाका किरणमा** सङग्रहित केही गजलहरूमा विभिन्न खाले विम्ब प्रतीक तथा अलङ्कारको प्रयोग पाइन्छ । तिनको चर्चा तल प्रस्तुत गरिएको छ ।

**विम्ब प्रयोग**

उषा आचार्यले **उषाका किरण**मा आफ्ना गजलहरूमा विभिन्न विम्बको प्रयोग गरी भावहरूलाई सघन तुल्याएकी छन् । यस सङ्ग्रहको अध्ययन गर्दा दृश्यसम्बन्धी विम्ब, श्रव्यसम्बन्धी विम्ब गति सम्बन्धी विम्ब, स्वादसम्बन्धी विम्ब र गन्ध सम्बन्धी विम्बहरूको प्रयोग गरिएको पाइन्छ । तिनका केही उदाहरण तल प्रस्तुत गरिएका छन् ।

**दृश्यसम्बन्धी विम्ब** : *एक दिनको कुरा म बाख्रा हेर्न गाको थिएँ*
*चउरको घाँसदेखि अचेत नै भाको थिए ।*
(पृ.२५)

**श्रव्यसम्बन्धी विम्ब** : *नेपालमा शान्तिको गीत गाउनेलाई बिर्सिएन*
*यो देशसँग चोखो प्रीति लाउनेलाई बिर्सिएन ।*
(पृ.१४)

**गतिसम्बन्धी विम्ब :** *आफू मात्रै पुग्ने यहाँ लक्ष्य माथि तर*
*अरुलाई सधैँ तल झारेर धर्म गर्ने ।*
(पृ.१)

**स्वादसम्बन्धी विम्ब** : *मिठो खाने, राम्रो बन्ने सबैलाई हुन्छ रहर*
*झुत्रे अनि झाम्रे लुगा मैले लाछु आज भोलि*
(पृ.२९)

**गन्धसम्बन्धी विम्ब :** *मनोकाँक्षा झर्छ यहाँ आवाज गर्नु व्यर्थ हुन्छ*
*मन्द सुगन्ध बतास सरी झुलेको कहाँ हो र ?*
(पृ.३८)

**प्रतीक प्रयोग**

उषा आचार्यले **उषाका किरणमा** सङ्ग्रहित आफ्ना केही गजलहरूमा भाव पक्षलाई सघन तुल्याएर प्रतीकको प्रयोग गरेकी छन् । यहाँ प्रयोग भएका प्रतीकका केही उदाहरण तल प्रस्तुत गरिएको छ ।

*उठ अब कति निदाउँछौ कुम्भकर्ण बनी*
*लाग उन्नति विषे उठ नेपाली नारी पनि ।*
(पृ.५७)

*पिञ्जडाको चरी बनी बाच्नु परे पनि यहाँ*
*आउनेछु यो देशमा नौलो माला बुन्न म त ।*

(पृ.४७)

*कलमको सहारा यो नलिएर आजदेखि*
*जीवनमा आँसु आँसुर पिइन्छ मौका परे ।*

(पृ.७)

यहाँ प्रयोग भएका प्रतीकहरूमा कुम्भकर्णले सुताहा, कलमले चेतनालाई बझाएका छन् ।

**अलङ्कार**

**उषाका किरणमा** सङ्ग्रहित गजलहरूमा विभिन्न अलङ्कारको पनि प्रयोग पाइन्छ । यहाँ यस सङ्ग्रहमा सङ्ग्रहित गजलहरूमा पाइने अलङ्कारहरू मध्ये केही तलका बुँदामा प्रस्तुत गरिएको छ :

**अनुप्रास अलङ्कार**

**उषाका किरणमा** सङ्ग्रहित गजलहरूमा अनुप्रास अलङ्कारअन्तर्गत आद्यानुप्रास मध्यानुप्रास, अन्त्यानुप्रास आन्तरिक अनुप्रासको प्रयोग पाइन्छ ।

**अनुप्रास अलङ्कार**

**आद्यनुप्रास** : *बास दिने कृष्ण नै हुन्*
*आस दिने कृष्ण नै हुन ।*

(पृ.६)

**मध्यानुप्रास** : *देशमा शान्ति छाउनुपर्छ हैन र आमा*
*लोकतन्त्र आउनुपर्छ हैन र आमा ।*

(पृ.२)

**अन्त्यानुप्रास** : *देश बनाउन वाचा कसम गर्नलाई सलाम*
*देशको लागि शहीद बनी मर्नेलाई सलाम ।*

(पृ.१६)

**अर्थालङ्कार**

**प्रश्नालङ्कार** : *नेपाली बीच भेदभाव गर्दछौ किन ?*
*आनन्दले बाँच आफू मर्दछौ किन ?*

(पृ.४८)

**उपमा अलङ्कार :** *रातजस्तै बन्यौ दिन आँधीवेरी आयो फेरि*
*देश ढल्दा अझै साइनो गास्नु अब कति ?*

(पृ.२४)

यस प्रकार थप सङ्ग्रहभित्रका विविध विम्ब, प्रतीक तथा अलङ्कारले गजलहरूलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याएका छन् ।

### ४.४.५ भाषाशैली

उषा आचार्यले **उषाका किरणमा** विभिन्न खाले तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरेका छन् । जसको चर्चा तल गरिएको छ ।

**शब्दप्रयोग**

**उषाका किरण**मा सङग्रहित गजलहरूमा विषयवस्तुको अनुकूल तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग भएका छन् । तत्सम शब्द प्रयोग गर्ने क्रममा पचाइसकेका संस्कृत शब्द चयन गरेकी छन् । उदाहरणका लागि षडयन्त्र (पृ.३), शोषण (पृ.७), सन्ध्याकालीन (पृ.१७), शान्ति पृ.१९ लोकन्त्र (पृ.१५) तृष्णा (३९) जन्मभूमि (पृ.४१) वाणि (पृ.४७) । धर्म (पृ.१) व आदि जस्ता शब्दहरूलाई लिन सकिन्छ । आगो (पृ.५६) मिथो (पृ.४३) पात (पृ.५२) रगत (पृ.५२) आदि तद्भव शब्द तथा स्कुल (पृ.१७) खुसी (पृ.३७) दुष्मन (४४) , सयर (पृ.५२) पार्टी (पृ.५९) आदि आगन्तुक शब्दको प्रयोग गरिएको पाइन्छ ।

### ४.४.७ निष्कर्ष

उषा आचार्यको प्रस्तुत उषाका किरणहरूभित्र ६० वटा गजलहरू सङ्ग्रहित छन् । सम्पूर्ण गजलहरू ५ सेरमा संरचित छन् । यस सङ्ग्रहभित्र प्रणयोन्मुख शृङ्गारिक भाव, मानवीय भावना, जीवनप्रतिको सकारात्मक सोच नेताहरूप्रति वितृष्णा, नारी समानता, प्रकृति चित्रण आदि विषयवस्तु समेटिएको छ । यस सङ्ग्रहको गजलकारको नामबाटै गजलकृतिको शीर्षकको नाम जुराइएको छ । मुरद्धफ र गैरमुरद्धफ दुवै वर्गका गजल रहेका छन् । दृश्य, श्रव्य, गति स्वाद र गन्ध सम्बन्धी विम्ब तथा अनुप्रास अलङ्कारको समुचित प्रयोग गरिएको भए तापनि आक्षरिक लय सबै गजलमा मिलेकौ छैन । सरल नेपाली शब्द, तत्सम, तद्भव तथा आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । गजलहरू बोधगम्य र सम्प्रेषणीय रहेका छन् ।

### ४.५ मिलन विछोड कार्की र *प्रतीक्षित नयनहरू*मा सङग्रहीत गजलहरूको अध्ययन

**प्रतीक्षित नययनहरू** (२०६४) मिलन विछोड कार्कीको दोस्रो गजल सङ्ग्रह हो । यस सङ्ग्रमा ५४ वटा गजलहरू सङग्रहित छन् । अतः तिनै गजलहरूको विश्लेषण तल गरिएको छ ।

### ४.५.१ संरचना

**प्रतिक्षित नयन**मा सङ्ग्रहित ५४ वटै गजललहरू पाँच सेरमा संरचित रहेका छन् । यो सङ्ग्रहको ११ वटा गजलमा मतलालाई नै मकताका रूपमा पुनरावृत्ति गरिएको छ ।

मिलन विछोड कार्कीले **प्रतीक्षित नयन**हरूमा सङग्रहीत आफ्ना गजलहरूमा पूर्ण तथा आंशिक दुवै खाले अनुप्रासयुक्त काफियाको प्रयोग गरेका छन् । ५४ वटा गजलहरू म्धये परितीमा दिन (पृ. २०) तिमीले ...(पृ. २८), के आएछ ...(पृ. ३१), कटकटिया .. (पृ. ३६), दाउ लिएर ... (पृ. ३७), सङ्गिनी आशै ... (पृ.४१), तिमीसामु ... (पृ.४३), जिस्केर घोल्ने ... ( पृ.४६), तिमी मिलनपछि (पृ. ४८), नत वारी (पृ.४९), देशमा हेर .. (पृ.५१) र सिस्नोसरी ...

(पृ.५३) जस्ता चौध वटा गजल आंशिक काफियायुक्त छन् भने बाँकी ४० वटा गजलहरू पूर्ण काफियायुक्त रहेका छन् ।

रदिफ प्रयोगका दृष्टिले यस सङग्रंहका अधिकांश गजल मुरद्दफ वर्गमा पर्दछन । ५४ वटा गजलहरू मध्ये ५२ वटा मुरद्धफ वर्गमा पर्दछन् भने दुईवटा प्रेमको यो सागरमा (पृ.२) , तिम्रो यादमा ... (पृ.५४) जस्ता गजलल गैरमुरद्दफ बर्गमा रहेका छन् । काफिया र रदिफको अधिकांश गजमा समुचित प्रयोग गर्नु गजलकारको सवल पक्ष हो । गजलकार मिलन विछोड कार्कीले यस सङग्रहभित्र पाँचओटा गजलमा तखल्लुसको प्रयोग गरेका छन् । तखल्लुषको रूपमा नाम 'मिलन ' र साहित्यिक उपनाम 'विछोड' लाई प्रयोग गरेका छन् ।

**४.५.२ विषयवस्तु**

प्रस्तुत गजल सङग्रहमा गजलकार मिलन विछोड कार्कीले शृङगारिकताका अलवा अन्य रस तथा भावहरू समेटिएको छ । विकृति, विसङगति, शोषण, दमन, अन्याय अत्याचार को उछितो काढने पक्षमा पनि गजलको प्रयोजन खोज्न थालिएको छ । प्रेम मानवजीवनको अभेद्य पाटो हो, त्यसलाई अस्वभाविक मान्नु गलत हुन्छ कार्कीका गजलहरू अक्सर शृङगारिकतामै केन्द्रित छन् (घताने, २०६४ भुमिका )

शृङगारिक भावयुक्त गजलको एक सेर उदाहरणको रूपमा-

*प्रेमको सागरमा निर्धक्क भै तरिदेऊ न*
*सगै जिउने सँगै मर्ने बाचा तिमी गरिदेऊ न ।*

(पृ. २)

गजलकार कार्कीका गजलहरूमा प्रेमवाहेक जीवनका सुख दुःख पनि विषयवस्तु बनेर आएका छन् । गरिबी, साहुको दमन र विदेसिनु पर्ने बाध्यता नेपाली समाजका गरिवीका कथा चाडवालमा पनि राम्रो लगाउन नपाउने नेपालीको वाध्यता रहेको एउटा सेर उदाहरणको रूपमा प्रस्तुत गरिएको छ ।

*दशै आयो घरको चुहिने पाली छायौ कि छाइनौ प्रिया*
*दुःखै थियो घरमा पनि मिठो खाना खायौ कि खाइनौ प्रिया ।*

(पृ.४५)

**देशभक्तिपूर्ण भाव भएको सेरको उदाहरण**

*हामी हामी देशको लागि पर्नेलाई पो मान्छे भन्नु*
*शान्ति सन्देश देशभरि छर्नेलाई पो मान्छे भन्नु ।* (पृ. ३२)

**सत्ताप्राप्तीको खेलसम्बन्धीको एक सेर :** *कुर्ची तानातान गर्छन विकाश छाडी दलहरू आज*
*ठिक्कै पार्छन मुखले व्यवहारमा केही आएन प्यारी ।*

(पृ.५१)

**गणतन्त्रलाई बचाउ गरिएको सेर :** *एकै नारा उठाइ बोलौ गणतन्त्र जिन्दावाद*
*एकता यो जुटाइ बोलौ गणतन्त्र जिन्दावाद ।*

(पृ.१५)

**अनुरोध गरिएको सेर :** *पिरतीमा दिन रातको कुरा नगर सानु*
*धन, दौलत र जातको कुरा नगर सानु ।*

(पृ. २०)

**वियोग शृङ्गार सम्बन्धी एक सेर :** *पिरतीले जिउँदो लास बनाएर छाड्यो*
*अति गऱ्यौ समातभरि गनाएर छाड्यो ।*

(पृ.२२)

यसरी यस सङग्रहमा अधिकांश गजलहरू प्रेम प्रणयमूलक रहेका छन् भने केही सेरहरू देशमा रहेको विद्यमान गरिबी राजनीतिक खिचातानी सत्ता प्रंप्तिको होडवाजी साथै गणतन्त्रलाई संस्थागत गर्नुपर्ने प्रेमलाई धनसँग तुलना गर्ने नमिल्ने आदि भावहरू रहेका छन् । यसका अतिरिक्त समाज र देशको अखण्डतालाई पनि जोगाई राख्नु पर्ने बोके साहित्यकारको विगविगी रहेको भावहरू पनि गजलकारको विषयवस्तु बनेर आएका छन् । विशेषगरी प्रेम प्रणयमूलकता, मिलन, विछोड,घात-प्रतिघात आदि भावहरू बढी मात्रामा रहेका छन् ।

**४.५.३ लय**

मिलन विछोड कार्कीले यस सङ्ग्रहमा नेपाली लोकलयलाई जोड दिएका छन् । उनले कतिपय गजलमा अक्षर अक्षरको समानतामा आधारित आक्षरिक लयलाई पनि अँगालेका छन् । लोकलय तथा आक्षरिक लयको प्रयोगले गजलहरू गेयात्मक बनेका छन् । गजलकार यस सङ्ग्रहमा लय प्रयोगमा सचेत रहेका छन् ।

यस सङग्रहमा विभिन्न संरचनामा आधारित आक्षरिक लयप्रयोगमा अवस्था यस्तो रहेको छ । ५+३+४+४=१६ अक्षरको लय व्यवस्था

*उजाड मेरो जिन्दगी कमिलाको बाटो भयो*
*आशाहरू टुटिएर आफ्नै मुटु फाटो भयो ।*

(पृ. ३)

४+४+३ =११ अक्षरको लय व्यवस्था

*रहर नै रहर छ बाँच्नमा*
*सून्दर त्यो सहर छ बाँच्नुमा ।*

(पृ.५)

४+२+३ = ८ अक्षरको लयवस्था

*सम्झिएर रुन्न भन्छिन्*
*जवानीले छुन्न भन्छिन् ।*

(पृ.७)

**तापसम्बन्धी बिम्ब** : *आगोले जल्ने हिउँ जस्तै गल्ने नबनौ नेपाली*
*राजतन्त्र भुटाइ बोलौ गणतन्त्र जिन्दावाद ।*

(पृ.१५)

**गन्धसम्बन्धी बिम्ब** *: बासना भन्दा अझै मिठो फूललाई नै ठान्यौ सानु*
*आत्मियता छोडी जाने निष्ठूरीको याद आयो।*

(पृ. २६)

**स्वादसम्बन्धी बिम्ब :** *आफ्नै मानो खानु छ आफ्नै बाटो हिडनु छ*
*गफैगफले सागर पुग्न आउछौ किन पाजीहरू ।*

(पृ.५०)

**प्रतीक प्रयोग**

यहाँ प्रयोग भएका प्रतीकहरू मिलन गजलकारलाई, काँडाहरूले बाधा अड्चनलाई र कुर्चीले पदलाई बुझाएका छन् ।

प्रतीक प्रयोग मिलन विछोड कार्कीले प्रतीक्षित नयन हरू मा आफ्ना केही गजलहरूमा भावपक्षलाई प्रवल बनाउन विभिन्न प्रतीकहरूको प्रयोग गरेका छन् । तखल्लुषको रूपमा आएको 'मिलन' शब्दले प्रतीकात्मक अर्थ बहन गरेको छ । यस प्रयोग भएका प्रतीकहरूको केही उदाहरूण तल प्रस्तुत गरिएको छ ।

*पराई बनि गए नि सम्झिदिनु कहिलेकाँही*
*कालिकाको सामुन्नेमा मिलन मेरो पनि थियो।*

(पृ.२७)

*काँडाहरू पन्छाएर*
*कुरीतिलाई तोड मैयाँ।*

(पृ.१६)

*कुर्ची तानातान गर्छन विकास छाडी दलहरूआज*
*ठिक्कै पार्छन मुखले व्यवहारमा केही आएन प्यारी।*

(पृ.५१)

**४.५.४ विम्ब, प्रतीक र अलङ्कारको प्रयोग**

**प्रतीक्षित नयनहरू**मा सङ्ग्रहित गजलहरूमा प्रयुक्त पूर्व उल्लिखित बिम्ब तथा प्रतीकहरूले विभिन्न अलङ्कार सिर्जना गरेका छन् । यहाँ थप सङ्ग्रहमा रहेका अलङ्कार केही उदाहरण प्रस्तुत गरिएको छ ।

**शब्दालङ्कार**

**अनुप्रास अलङ्कार**

**प्रतिक्षित नयनहरू**मा सङ्ग्रहित गजलहरूमा अनुप्रास अलङ्कार अन्तर्गत अन्त्यानुप्रास मध्यानुप्रास आद्यानुप्रास छेकानुप्रास आदिको प्रयोग पाइन्छ ।

**अन्त्यानुप्रांस** : *ढोग्नै परे ढोग्छु बरु खोखो माया लाइदेउ प्रिया*
*उदास यो जिन्दगीमा बहार तिम्ले छाइदेऊ प्रिया ।*
(पृ.१)

**मध्यानुप्रास :** *अब म भाव बोलु कि नबोलु गजलमा*
*विगतका हाम्रा कुरा खोलु कि नखोलु गजलमा ।*
(पृ.८)

**छेकानुप्रास** : *केही गर्न नजाने त के गरेर खाने हो खै*
*हित्तचित्त मिलाउन तिम्रो छेउमा सर्दिन भो ।*
(पृ.९)

**आवृत्ति अनुप्रास** : *तिल जत्रो कुरा पत्थर जत्रो बनाएर।*
(पृ.३९)

**शब्दालङ्कार**

**उपमा अलङ्कार :** *जिस्केर बोल्ने तिम्रो त्यो बानीमा परे*
*मृगरूपी आँखाको नानीमा परे ।*
(पृ.४४)

**अतिशयोक्ति अलङ्कार :** *च्याती हेर छाती यो तिमी आफै प्रतीक्षा*
*तिम्रै यदले मिलनलाई झनाएर छाड्यो ।*
(पृ.२२)

**प्रश्नालङ्कार :** *अर्को महिना लागेपछि हिन्दीमिन्दी गरौला नि हुन्न र ?*
*चुनौतिका भेलहरू रुज्दै भिज्दै तरौला नि हुन्न र ?*
(पृ.२४)

यसरी मिलन विछोड कार्कीको प्रतिक्षित नयन हरूमा सङ्ग्रहीत केही गजलहरूमा विम्ब तथा प्रतीकको प्रयोग पाइन्छ अलङ्कारहरूले ती गजलहरूलाई कलात्मक बनाएका छन् ।

**४.५.५ भाषा**

मिलन विछोड कार्कीले **प्रतीक्षित नयनहरूमा** तत्सम शब्दहरूको प्रयोग गरेका छन् । उदाहरणका लागि इच्छा मातृभूमि भ्रष्टाचार लोकतन्त्र, घात, शोषक हृदय, शान्ति (पृ.३८) आदि । आगन्तुक शब्दहरूमा स्कुल, लोडसेडिङ्ग, सहर, दिल (पृ.४५) आदिको प्रयोग पाइन्छ । यसप्रकार प्रस्तुत गजलको भाषा सरल सहज र सम्प्रेषणीय रहेको छ ।

**४.५.६ निष्कर्ष**

मिलन विछोड कार्कीको **प्रतिक्षित नयनहरू** सङग्रंहमा ५४ वटा गजलहरू सङग्रहीत रहेका छन । यस सङग्रहको सम्पूर्ण गजलहरू पाँच सेरमा संरचित छन् । यो सङ्ग्रहको एघार वटा गजलहरूमा मतलालाई नै मकताका रूपमा प्रयोग गरिएको छ । पूर्ण काफियाको प्रयोग धेरै गजलमा छ भने कम गजलमा मात्र आंशिक काफियाको प्रयोग गरिएको छ । यस सङग्रहमा

दुई वटा गजलमात्र गैरमुरद्धफ वर्गमा रहेका छन् भने अन्य सबै गजलहरू मुरद्दहफ वर्गमा पर्दछन् तखल्लुसको रूपमा गजलकारले आफ्नो नाम मिलन र उपनाम विछोड दुवैलाई प्रयोग गरेका छन् । विषयगत रुपमा विविधता रहेको छ । दृश्य श्रव्य स्पर्श ताप गति गन्ध र स्वादसम्बन्धी विम्बहरूको प्रयोग केही गजलहरूमा गरिएको छ । प्रतीक प्रयोग पनि केही गजलहरूमा गरिएको छ । यसका अतिरिक्त शब्दालङ्कार र अर्थालाङकारको प्रयोगले गजलहरू सुन्दर बनेका छन् । तत्सम, आगन्तुक शब्दका साथै नेपाली मौलिक शब्दहरूको प्रयोगले गजलहरू आर्कषक बनेका छन् ।

**४.६ इन्द्रमान खत्री र उनको *मनको तृष्णामा* सङग्रहीत गजलहरूको अध्ययन**

वि.स.२०२२ माघ १६ गते पर्वत जिल्लाको तिलाहार गा.वि.स ९ थामर्जुङ्ग पर्वतमा जन्मिएका खत्री हाल शिवालय ४ कुश्मा पर्वतमा बसोवास गरिरहनु भएको छ । यहाँ पर्वत साहित्य सङ्गम कुश्मापर्वत, नमुना आवासीय मा.वि. कुश्मा पर्वत र प्रेस चौतारी, पर्वतका संलग्नता रहेको छ । इन्द्रमान खत्रीको २०६७ सालमा पहिलो पटक **मनको तृष्णा** गजलसङ्ग्रह प्रकाशित भएको छ ।

इन्द्रमान खत्रीको **मनको तृष्णा** उनको पहिलो गजलसङग्रह हो । वि.स. २०६७ सालमा पहिलो पटक प्रकाशन भएको यस सङग्रहभित्र नब्बेओटा गजलहरू रहेका छन् । अतः यिनै गजलहरूको अध्ययन तल प्रस्तुत गरिएको छ ।

**४.६.१ संरचना**

मनको तृष्णामा सङग्रहित नब्बेओटा गजलहरूमध्ये पृ.३३, ८९,३७ र पृ.४६ तथा पृ.४८ पृ.८९ पनि चार सेरका ,पृ.८१ देखि ८७ सम्मका सबै गजलहरू सात सेरका र यस बाहेक पृ १३८पृ.८० का पनि सात सेरका, पृ.१ देखि १२ सम्मको पाँच सेरका तथा पृ.१३ देखि २१सम्मको पाँच सेरका, पृ. २३ देखि ३२ सम्म पनि पाँच सेरका, पृ.३४ देखि ३६ सम्म पनि ५ सेरका , पृ.३८ देखि ४५ पनि पाँचसर र पृ.४७ देखि ७९ सम्म पनि पाँच सेर पृ. ८८ पृ. ८० पनि पाँच सेरमा र पृ. २२ चाहि एकमात्र गजल छ सेरमा संरचित रहेका छन् ।

इन्द्रमान खत्रीले **मनको तृष्णा**मा सङग्रहित आफ्ना गजलहरूमा पूर्ण तथा आंशिक दुवै अनुप्रासयुक्त आधारित काफिया प्रयोग गरेका छन । उनका गजलहरूमध्ये कति याद आउने रैछ ... (पृ. २) साथीहरू कति जाति (पृ.३) हिजो भेट्दा (पृ.२) साथीहरू कति जाती ... (पृ.४) कति कुरा सुनाउँछ्यौ (पृ.५) आयो दशै आगनीमा ... (पृ.४) कति कुरा सुनाउँछ्यौ (पृ.५) आयो दशै आगनीमा (पृ.७) निधारमा लेखिएको (पृ. ८) आज रात भोलि दिन (पृ. ९) उनीलाई भेटे मैले (पृ.११), देश विकास गर्ने पार्टी (पृ.१२) इतिहासको पाना एउटा ...(पृ.१३) इतिहासको पाना पृ.१४ सग्र छ अग्लो भन्छन् ... १५ , अलि कतिउफी हेर ..पृ.१७ के छ खवर माया .. पृ.१८ आमा तिमी रुन्छयौ पृ.१५) देश मेरो नेपाल यो ...पृ.२०, फुर्सद मलाई छैन ..पृ.२१ तिम्रै भर शिरोपर पृ. २२, गाउँ घुम्यो देश पृ. २१ पृ. २३ मानिस हुँ म संसारको ..पृ.२७ मरो माया चोरी ... पृ.२८ सङलो रात काटे पृ.२९ तिम्रै याद पृ.३० गजल भन्ने पृ. ३१ किन काँडा ...(प.३२)

कस्तो साथी तिमी ... (पृ.३५) तिम्रो कथा मेरो -पृ.३६) कस्तो रिस तिम्रो ... (पृ. ३७) कति राम्रो धरती ...(पृ.३८) छोरा साना छोरी पृ. ३९ , तीज आयो दिदी, पृ.४०, तिम्रै काखमा प. ४१, हिँउ पऱ्यो हिमालयमा पृ.४२, कल्पनाको संसारमा पृ. ४३ , छेपाराको आहान पृ. ४४, ढुङ्गा पनि पुज्ने पृ. ४५ , आयो दसै पृ. ४६ , पाप कति पाली पृ. ४७ , लेखिएन मनको पृ. ४८ , सोचेको थिएँ पृ. ५१, आफ्नो भन्नेले पृ. ५२ , मेरो मन रुँदा पृ. ५१ , आफ्नो भन्नेले पृ. ५२ , मेरो मन रुँदा पृ. ५३ , तिमीसँगै हास्ँछु पृ. ५४ , रुन मैले जानेकै पृ. ५५ , किन किन पृ. ५६ यसै बस्न मन पृ. ५७ , पीर परेर पृ. ५८ , फत्तिएर फुल्ने पृ. ५९ , कता गयौ पउ. ६० , लाउँ माया पृ. ६१ सास छउञ्जेल प. ६२ , मीठो मीठा बोल्न पृ.६३, जनता जागी पृ. ६५, तिम्रो ाम्रो पृ. ६६ पीर नि कति पृ. ६७ , गुलाब जस्तै : पृ. ६९ माया गरे पृ. ७० म त रुन्छ पृ. ७१, घुम्न आउने जाने बेला पृ. ७२, हिमालको छायाँ मुनी पृ. ७३ , फूल रोपे आँगनीमा पृ. ७५, देश खोज्दै हिँड्नेहरू पृ. ७६, पल्टाइ मन पढेर पृ. ७७, घरैघरले किचिएर पृ.७८, चिने चिने जस्तो पृ. ७९, छैन नै माया पृ. ८०, देखेजस्तो लाग्छ पृ पृ. ८१, मान्छेहरू पृ. ८२ , मानिसको लास सस्तो पृ. ८३, फूल भई वास्ना पृ. ८४, कति राम्ररी रैछ्यौ पृ. ८५ , न पारि देख्छु न वारि पृ. ८६, कमिलाको जत्रो पृ. ८७, कापी कलम पृ. ८८, सुललुलु बग्छे काली पृ. ८९, राख्नु पर्छ सजाई पृ.९० जस्ता छहत्तरवटा गजलमा बराबर अक्षर संख्या भएका पूर्ण अनुप्रासयुक्त काफियाको प्रयोग पाइन्छ भने बाँकी गजलहरूमा आंशिक काफियाको प्रयोग पाइन्छ ।

रदिफ प्रयोगका दृष्टिले इन्द्रमान खत्रीका गजलहरूलाई मुरद्धफ र गैरमुरदफ गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । मनको तृष्णा भित्र सङग्रहित नब्बेवटा गजलमध्ये चौरासी वटा गजलमा रदीफ प्रयोग पाइन्छ ।  उनका भाले बास्यो बिहान (पृ.६) छोराहरू (पृ.४९), सोचेको थिए (पृ.५१) कति राम्रो देश भन्छन (पृ.६४) माया गरे (पृ.७० नपारी देख्छु न वारि (पृ.८६ जस्ता ६ वटा गजल भने गैरमुरद्धफ वर्गमा पर्दछन् ।

गजलकार इन्द्रमान खत्रीले आफ्ना गजलमा तखल्लुसका रूपमा आफ्नो नाम इन्द्र लाई नै प्रयोग गरेका छन् । उनका नब्बेवटा गजलहरूमध्ये चौबिसवटा गजलमा इन्द्र नामलाई नै तखल्लुसका रूपमा प्रयोग गरेका छन् ।

**४.६.२ विषयवस्तु**

गजलकार इन्द्रमान खत्रीले **मनको तृष्णामा** देश अनि समाजमा हुने विकृति विसङ्गति जस्तो कि नेताहरूको गुटबन्दी नातावाद, कृपावाद यसरी व्यङ्गय गरेका छन् ।

*देश विकास गर्ने पार्टी नेताजीको गुट भयो*
*विकास गर्ने सुखी बन्ने आशा सबै भ्रूट भयो ।*

(पृ.१२)

उनी प्रेम र तृष्णाका गजलकार हुन् । उनले आफ्ना गजलहरूमा प्रेमका कुरा गरेका छन्, समाजका कुरा गरेका छन् र देशका कुरा गरेका भछन् ।

(भूमिका सरुभक्त)

*कति राम्रो देश भन्छन् घुम्न आउने दाजुभाइ*
*फेरि दुःख पीर लाग्ने नराम्रो भ्रै हामीलाई ।*

(पृ.३)

नेपालको इतिहास छलपकपटपूर्ण दाउपेचपूर्ण रहेको हुनाले गजलकारले नेपालको इतिहास पढ्नु बेकार छ भन्दै व्यङ्य यसरी गरेका छन् ।

*इतिहासको पाना एउटा नपढ्नु कैले पनि*
*छलकपट जाल भ्रेल हुनेरैछ जैले पनि ।*

(पृ.१४)

धर्म, संस्कृति भनेको नेपालको धरोहर हो । यसको संरक्षण, सम्बर्द्धन गर्नुपर्छ भन्ने भाव र विषयवस्तु भएको गजलका सेर यस्तो रहेका छैन । धर्म कर्म गर्न आग्रह गरेका छन् ।

*मान्नुपर्छ धर्मकर्म संस्कृतिलाई सुधारेर*
*मीठो खान सिकौं मिली बरु सालका पात जोडी ।*

देशमा भएको विद्रोहको नाममा हत्या हिंसा तथा काटमार नगर्ने गजलकारको आग्रह यस्तो रहेको छ ।

*दाजुभाइको काटमार ढिकुटी सब रित्याइसके*
*गोलाबाद रुद विसाएर सबै मिली आएहुन्थ्यो ।*

(पृ.२०)

नेपालीहरूले धेरै समय फाल्तु गफ गरेर अरुलाई गिज्याएर बिताउने गरेको तर अब यसरी समय खेर नफाली सिर्जनशील काममा लाग्नु पर्ने र मात्र देशको विकास हुने कुरा यसरी व्यक्त गरेका छन् ।

*फुर्सद मलाई छैन हजुर गफ चुटी बस्ने अब*
*लागे म त सिर्जनामा घुँडा मैले धस्ने अब ।*

(पृ.२१)

नेपाली महिलाहरूको महान चाड तीजको विषयवस्तु बनाएर गजलकारले तीजमा दाजुभाइ दिदीबहिनी माइतीमा गएर दुःख सुख साटासाट गरी हास्नुपर्ने , नाच्नुपर्ने , मिठा खाद्यन्नहरू खाने रातो सारी लाउने कुरालाई यसरी व्यक्त गरेका छन् ।

*तीज आयो दिदी बहिनी रातो सारी दिन्यौ होला*
*माइतिबाट लिन आए दाजुभाइलाई चिन्यौ होला ।*

(पृ.४०)

हिन्दूहरूको मान चाड दसै आउँदा तर त्यस चाडलाई गजलकारले मितव्ययीता साथ समपन्न गनुपर्ने आग्रह यसरी गरेका छन् ।

*आयो दसैं राम्रो गरी रमाएर मान्नु होला*
*फजुल खर्च नगरकैकै राम्रो हुन्छ जान्नु होला ।*

(पृ.४६)

गजलकारले गुलाब जस्तै बास्ना हर्न नबिर्सने र प्रेम भर्न नबिर्सिने आग्रह यसरी गरेका छन् ।

*गुलाब जस्तै फक्रियौ बास्ना छर्न नबिर्स है*
*मोहनीले माया लायौ प्रेम भर्न नबिर्स है ।*

(पृ.६९)

यसरी गजलकार इन्द्रमान खत्रीले समाजमा देखिने सामाजिक, राजनीतिक, सांस्कृतिक, धार्मिक आर्थिक, प्रेम भ्रष्टाचार आदि विषयवस्तुलाई उजागर गरेका छन् ।

**४.६.३ लय**

लय प्रयोगका दृष्टिले गजलकार इन्द्रमान खत्री त्यति सचेत देखिदैनन् । **मनको तृष्णा**मा सङ्ग्रहित उनका केही गजलहरूमा मात्र आक्षरिक लयको प्रयोग पाइन्छ भने अधिकांश गजलहरूका कुने कुनै एक दुई सेरमा लय मिलेको भेटिएता पनि सबै गजलमा कतै पनि लयको प्रयोग उचित रूपमा हुन सकेको छैन ।

*आयो दशैं आगनीमा स्वागत गरौं हातजोडी*
*बनौं खुसी मिलीजुली सुख दुखडा माथ जोडी ।*

(पृ.७)

*दुखी गरुवि भएपनि वर्ष दिनमा एक दिनमा*
*दुखपीर फ्याडी दिऊ दाजुभाइका लात जोडी ।*

*(पृ.६)*

*जान्छौ किन बिदेशमा खोज शीला स्वदेशमा*
*बाँझा गट्टा खन जोत फूल्ने झुल्ने आफ्ने भाइ ।*

(पृ.६)

माथिका उदाहरणमध्ये पहिलो उदाहरणमा ४+४+५+४=१७ अक्षरको लय देखिन्छ भने दोस्रो सेरमा मिसरा एउटामा ५+४+५+४ =१८ सेरमा ४+४++५+४ =१७ अक्षेर लय देखिनु लयभङ्गको अवस्था हो । अत इन्द्रमान खत्रीमा गजलहरूमा एक चौथाइमा लय मिलेका छन् भने अन्य सबै गजलहरू कतै न कतै लय नमिलेको देखिन्छ ।

**४.६.४ बिम्ब प्रतीक तथा अलङ्कार**

इन्द्रमान खत्रीको **मनको तृष्णा**मा सङ्ग्रहित गजलहरूमा आयोजित तथा स्व निर्मित रूपमा विभिन्न बिम्ब, प्रतीक तथा अलङ्कार प्रयोग गरिएको छन् तीनको चर्चा तल प्रस्तुत गरिएको छ । विम्ब प्रयोग इन्द्रमान खत्रीले मनका तृष्णामा सङ्ग्रहित आफ्ना गजलहरूमा विभिन्न विम्बको प्रयोग गरी भावपक्षलाई सबल तुल्याएका छन् । यस सङ्ग्रमा स्वादसम्बन्धी

तापसम्बन्धी, श्रव्यसम्बन्धी, गन्धसम्बबन्धी, स्वादसम्बन्धी, तापसम्बन्धी र गतिसम्बन्धी विम्बहरूको प्रयोग गरिएको पाइन्छ तिनका केही उदाहरणहरू तल प्रस्तुत गरिएको छ :

**दृश्यसम्बन्धी बिम्ब** : *कति राम्रो रैछयौ नानी नाम भन्न सक्छयौ*
*कसकी छोरी कहाँ घर गाम भन्न सक्छ्यौ ।*
(पृ.८५)

**गन्धसम्बन्धी विम्ब** : *फूल भई बास्ना छर्ने खोज्ने गर्छ मान्छे*
*जन्मे पछि एकछिन मनै पर्छ मान्छे ।*
(पृ.८४)

**स्वादसम्बन्धी विम्ब** *:नखाउँ भन्दा भन्दै अलिकति पिए आज मैले*
*अलिकति दिएपछि पचाएछु लाज मैले ।*
(पृ.३४)

**तापसम्बन्धी बिम्ब** : *कापी कलम थन्काउँदै छु*
*मन आगोमा दन्काउँदै छु ।*
(पृ.८८)

**गतिसम्बन्धी बिम्ब** : *सुलुलु बग्छे काली कल्कलाउदै सधैं*
*तिर्सैनाका बीजहरू सल्वलाउदै सधैं ।*
(पृ.८९)

**श्रव्यसम्बन्धी बिम्ब** : *भाले बास्यो विहान भो उठ जाथ दाजुभाइ*
*उठ छिटो कर्म गर भन्छ सधैं हामीलाई ।*
(पृ.६)

**प्रतीक प्रयोग**

इन्द्रमान खत्रीले **मनको तृष्णा**मा सङ्ग्रहीत आफ्ना केही गजलहरूमा अर्थको विशिष्टीकरणका लागि विभिन्न प्रतीकहरूको प्रयोग गरेका छन् । इन्द्रमान खत्रीका गजलहरूमा तखल्लुको रूपमा प्रयुक्त इन्द्र शब्दले समेत प्रतीकात्मक अर्थ प्रस्तुत गरेका छन् । यहाँ प्रयोग भएका प्रतीकको केही उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

*जति इच्छा पुऱ्याए नि जस मैले पाइन केले*
*कति दास बन्ने इन्द साङ्लो खोजी बान्छु अब ।*
(पृ२२)

*यौबनमा तड्पाएर दियौ दुःख 'इन्द्र'लाई*
*मोहनीका नजरले अचानुमा सेछ्यौ मलाई ।*
(पृ.३७)

*कति राम्रो धरती यो फूलै फूल फुल्ने रैछन्*
*जन्मिएर मान्छेहरू रमाई खेली भुल्ने रैछन् ।*

(पृ.३८)

यहाँ प्रयोग भएका प्रतीकहरूमा साङलोले निरङकुश्ता, इन्द्रले गजलकारलाई , फुलले स्त्रीलाई बुझाएका छन् ।

**अलङ्कार प्रयोग**

**मनको तृष्णा**मा सङ्ग्रहीत गजलहरूमा प्रयुक्त पूर्वचर्चित बिम्ब तथा प्रतीकहरूको प्रयोगले विभिन्न अलङ्कार सिर्जना गरेका छन् । यहाँ यस सङ्ग्रहीत गजलहरूमा आयोजित तथा स्वत निर्मित रूपमा पाइने अलङ्कारहरू मध्ये केही तलका बुँदामा प्रस्तुत गरिएको छ ।

**अनुप्रास अलङ्कार**

**मनको तृष्णा**मा सङग्रहीत गजलहरूमा अनुप्रास अलङ्कार अन्तर्गतका आद्यानुप्रास मध्यानुप्रास, आन्तरिक अनुप्रास, अन्त्यानुप्रास, वृत्यानुप्रास आदिको प्रयोग पाइन्छ ।

**अन्त्यानुप्रासः** *भाले बास्यो विहान यो उठ जाग दाजभाई*
*उठ छिटो कर्म गर भन्छ सधैं हामीलाई।*

(पृ.६)

**आन्तरिक अनुप्रास :** *छुच्चो भएँ दुखी भएँ हेपिएको चारैतिर।*

(पृ.५)

**मध्यानुप्रास :** *यसै बस्न मनछैन उडी जान सकिएन*
*छोडी जान मन छैन तानी लान सकिएन ।*

(पृ.५७)

**वृत्यानुप्रास :** *न पारी देख्छु न वारी भेटछु दोमान भेटिन्न*
*त हुन्छ भेट न पाउँछु चिठ्ठी ति सना मेटिन्न ।*

(पृ. ८६)

**४.६.५ भाषा**

इन्द्रमान खत्रीले **मनको तृष्णा**मा समकलीन नेपाली कथ्य भाषाको नजिक रही विभिन्न तत्सम ,तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । तिनको चर्चा तल गरिएको छ ।

**शब्द प्रयोग**

इन्द्रमान खत्रीले मनको तृष्णामा सङ्ग्रहीत आफ्ना गजलहरूमा विषयवस्तुको अनुकुल तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । तत्सम शब्दप्रयोग गर्ने क्रममा गजलकारले आफ्ना गजलहरूमा नेपाली जनजिब्रोले प्रयोग र प्रचलनमा पचाइ सकेका संस्कृत शब्द चयन गरेका छन् । उदाहरणको लागि तृष्णा, प्रेमा सागर (पृ.१) घर्ती प्रकृति संसार भोगी जीवनजीव (पृ.३८ ) पाप हृदय पुजी बाचा कपटी (पृ.४७) जस्ता शब्दहरूलाई लिन सकिन्छ ।

यसै गरी इन्द्रमान खत्रीका गजलहरूमा विभिन्न स्रोतको आगन्तुक शब्दहरू पनि पाउन सकिन्छ । उदाहरणका लागि जहर (पृ.६६)

### ४.६.६ निष्कर्ष

नब्बेओटा गजलहरू सङ्ग्रहित इन्द्रमान खत्री को प्रस्तुत **मनको तृष्णा** बृहत् आकारमा संरचित छ । संरचनाका तहमा एकदुई गजलमा लय प्रयोगमा कमजोरी देखिए पनि समग्र कृतिलाई हेर्दा सफल देखिन्छ । विषयगत विविधता पनि त्यत्तिकै देखिन्छ । यसमा सामाजिक राजनीतिक विकृतिप्रति व्यङ्ग्य गर्दै देशमा व्याप्त अशान्तिबाट भुक्ति खोजिएको छ । साथै देशप्रतिको माया मानवतावादी दृष्टिकोण निरङकुशताको विरोधका साथै नयाँ युगप्रति आशावादी स्वरजस्ता विविध विषयवस्तुको सबल प्रस्तुती हुँदाहुदै लय प्रयोगमा पूर्णरूपमा सफल देखिदैनन् । बिम्ब तथा अलङ्कारको प्रयोग पनि केही मात्रामा देखिन्छ भने प्रतीक प्रयोग तर्फ सचेत देखिन्छन । भाषाको प्रयोगमा केही आगन्तुक शब्दहरूको प्रयोग भए पनि सहजै बुझ्न सकिने खालको भाषामा उनको दखलता रहेको छ ।

## ४.७ डिआर शर्मा र उनको *पहाडको झरना*मा सङ्ग्रहीत गजलहरूको अध्ययन

पिता भवानीप्रसाद शर्मा र माता रञ्जनादेवी शर्माका कोखबाट वि.स. २०२३ साल माघ १९ गते आरथर डाँडाखर्क ९ काउले पर्वतमा जन्मिएका गजलकार डिआर शर्मा पर्वत साहित्य सङ्गगम र संरक्षण कविता आन्दोलन नामक संख्यामा सलग्न रहेका छन् । पहाडको झरना गजलल सङ्ग्रह २०६७ असोजमा प्रकाशित भएको हो । धौलागिरी अंञ्चल स्तरीय कविता प्रतियोगिता २०६६ मा प्रथम भएका थिए ।

उनको **पहाडको झरना** पहिलो गजलसङ्ग्रह हो । उनको यस गजलसङ्ग्रह भित्र ९१ ओटा गजलहरू सङ्ग्रहित छन् । अतः उनका गजलहरूको निम्नअनुसार विश्लेषण गरिएको छ ।

### ४.७.१ संरचना

**पहाडको झरना**मा सङ्ग्रहीत डिआर शर्माका ९१ ओटा गजलहरू मध्ये ८६ ओटा ५ सेर का र बाँकी ५ओटा ६ सेरमा संरचित रहेका छन् । काफिया प्रयोगका दृष्टिले डिआर शर्माका गजलहरूमा पूर्ण तथा आंशिक दुवै अनुप्रासयुक्त काफियाको प्रयोग गरिएको छ । उनका ९१ ओटा गजलहरू मध्ये पहाडको झरना ....(पृ.१) , फलको आसा हराई ...(पृ.३), राम्रो हुन्न ...(पृ.७) अरुलाई ...(पृ.८) गुमाउने देश... (पृ.९) कोइला बीच ... (पृ.१०) तिम्रो हाम्रो ... (पृ.११) आगो हातमा ... (पृ.१२) भइगो अरु ... (पृ.१४) विमार थिए... (पृ.१९) वेरोजगार भई ...(पृ.२१) युगौयुग ...(पृ.२३) आँखा लाग्ने ... (पृ.२४) दिल खोलेर ...(पृ.२५), आफ्नै मान्छे ... (पृ.२६), हात समाइ ... (पृ.२७) सल्लाघारी बनमा ... (पृ.२८), नभन्नु है ... (पृ.३१) बालन नपाइ ... (पृ.३२) डाँडामाथी ... (पृ.३३) मक्किएर ... (पृ.३६) बुझिसके ...(पृ.३७) नभन्नु है ... (पृ.४१) छुटेको त्यो जीवन ... (पृ.४२) मनमा पैरो गयो .. (पृ.४३) विछोड भयो ... (पृ.४४) कस्तुरी ...(पृ.४५) लेखनत ...(पृ.४७) छोराछोरी... (पृ.४९), दिन दिन ... (पृ.५०) , आधा पिर ... (पृ. ५१) खराव सोच... (पृ. ५२), शुख तिम्रो... (पृ.५४), लुकीछिपी ...(पृ.५५), मुर्ती बन ...

(पृ.५६), लुटुने लाक्ससेन्स ... (पृ.५७), मर्छु भन्ने ... (पृ.५८), सुनसान छ ... (पृ.५९), केहि गरी छाड्छु... (पृ.६०), पासाङ बनी ... (पृ.६१), मेरो नाम... (पृ.६३), मन मेरो ... (पृ.६४), विग्रे पछि ... (पृ.६५), शरीरको .... (पृ.६६), राष्टियता ...(पृ.६७), सहिदका ...(पृ.६८), माया लाउने ...(पृ.६९), सुन नम्मरी...(पृ.७०), जीवन हाम्रो ... (पृ.७१), आसु नै ... (पृ.७४), सुनिदैन ... (पृ.७५), का साथै -पृ.७६) देखी एउटै गाठो, जोडी ढुकुर, विहान मिरमिरेमा, असारमा, स्वार्थसिद्ध , धेरै बग्यो, तिमी मेरो, जन्म दिनका, उत्सव जस्तै, दुई दिन भेट, जीवनलाई हार, लेखुँलेखु लाग्छ, विहानीलाई , ऐना जस्तो, ऋमश (पृ.८९) सम्म र प्राण... (पृ.९१) जस्ता ६७ ओटा गजलहरू पूर्ण अनुप्रास युक्त काफियाको प्रयोग छ भने अन्यमा आँशिक काफियाको प्रयोग पाइन्छ ।

यस सङ्ग्रह भित्र समावेश ९१ ओटा गजल मध्ये ७२ ओटा गजलमा रदिफको प्रयोग गरिएको छ । त्यसैले यिनीहरू मुरद्दफ वर्गमा पर्छन् । मुरद्दफ वर्गमा पर्ने यी गजलहरूमा झैं है जस्ता एकाक्षरीहरू थिए , देऊ जस्ता एकल शब्द युक्त, पालो तिम्रो जस्ता दुई ओटा शब्द युक्त रदिफ धेरै प्रयोग गरिएको छ तर पहाडको झर्ना बीच (पृ..१, १५, १६, १७, ३३, ३५, ३८, ४०, ४७, ५६, ६५, ७०, ७२, ७९, ८२, ८४, ८६, ८९, ९०) जस्ता १९ ओटा गजल गैर मुरद्दफ वर्गमा पर्दछन ।

तखल्लुसका रूपमा डिआर शर्माले आफ्नो नामलाई कतै पनि गजलहरूमा प्रयोग गरेका छैनन्

**४.७.२ विषयवस्तु**

गजलकार डी.आर. शर्माले आफ्नो गजल सङ्ग्रहभित्र विविध विषयवस्तुको प्रस्तुति गरेका छन् । यस सङ्ग्रहभित्र केही प्रणयभावका र श्रृगारिक चेतनाका गजलहरू रहेका छन् । मुलतः प्रणयजन्य अनुभूतिहरू यस्ता गजलसङ्ग्रहमा बढि मात्रामा रहेका छन् । केही सेरहरूमा प्रेमीकासँग मिलनको चाहाना, गुनासो विछोड नहोस भन्ने चाहाना जस्ता भावहरू रहेका छन् । प्रेमीकाबाट धोका पाएका पीडा र निराशाहरू पनि छन् । यस्तै भावका एक सेर -

*सल्लाघारी बनमा बसी माया लाको याद आयो*
*देउरालीको मन्दिरमा कसम खाको याद आयो ।*

गजलकारले आफ्ना गजलका सेरहरूका माध्यमबाट सङ्घीयता प्रति असन्तुष्टि विगतमा भारत सरकारसँग भएका कोशी, गण्डकी र महाकाली सन्धी प्रति आक्रोश व्यक्त गरेका छन् । राष्ट्रियता र राष्ट्रिय सार्वभौमीकता तथा स्वाभिमान प्रति गजलकारको प्रतिवद्ध स्वर यस अन्तर्गतका गजलका कतिपय सेरहरूमा प्रतिध्वनीत भएको देखिन्छ । केही यस्ता गजल छन् जसमा नेपाली प्राकृतिक सौन्दर्यको चित्रण भएको छ । नेपाली प्रकृतिको सुन्दरता प्रति गजलकारले गर्भ गरेका छन् । नेपाली कला र संस्कृतिको जगेर्ना हुनुपर्छ भन्ने आग्रह भएका सेरहरूको उपस्थिति पनि यस सङ्ग्रहमा भइरहेको छ । यस्तै कथ्य भइरहेका केही सेरको उदाहरण तल देखाइएको छ ।

*अनेक राज्य बनाइकन भागबन्डा गर्ने अरे*
*हामी सबै नेपाली हौँ भन्ने नारा लुक्यो आज।*

(पृ.११)

गजलकारका अनुभूतिजन्य विभिन्न मनोभावहरूको प्रस्तुति त्यस सङ्ग्रहभित्रका गजलहरूमा भएको छ । नेताहरूको नग्न चरित्र र स्वार्थी प्रवृतिमाथि व्यग्यात्मक प्रहार छ । कतै सामाजिक विकृति र विसङगतिको चित्रण छ । कतै गणतन्त्र आए पनि परिवर्तनको आभाष पाइदैन । कतै आन्तरिक चाहना त कतै मनोभावहरूको व्याप्ति यी गजलमा प्रकट भएको पाइन्छ । परिवर्तनको अपेक्षा महङ्गी, असुरक्षा, र भ्रष्टाचार प्रति चिन्ता, एकताको भावना , तथा सन्देश जस्ता कुराहरू पनि यस सङ्ग्रह भित्र परेका छन् ।

**४.७.३ लय**

लय प्रयोगका दृष्टिले पहाडको झरना मा सङ्ग्रहीत गजलहरूमा डिआर शर्मा सचेत देखिदैनन । उनका केही गजलका सेरहरूमा लोकछन्दको प्रयोग पाइए पनि अधिकांश गजलहरूमा लय कमजोर रेहेका छ उदाहरणका लागि केही सेरहरू तल प्रस्तुत गरिएको छ ।

*विश्वासघाती वेइमानी अनेक आरोप लायौ आखिर*
*म भन्दिन मन मिल्दो जोडी सायद पायौ आखिर।*

(पृ.२)

*दिनदिन देशको हालत अझै तल झरेको छ*
*गरिबको बाँच्ने आशा वरवर सरेको छ।*

(पृ.५०)

माथिका मध्ये पहिलो पंक्ति ५+४+६+५=२० अक्षरको लय छ भने दोस्रो पंक्तिमा ४+४+५+५ =१८ अक्षरको लय प्रयोग भएको छ ।

दोस्रो सेरको पहिलो पंक्तिमा ४+६+४+४=१८ अक्षर छ भने दोस्रो पक्तिमा ४+४+४+४ =१६ अक्षरको लय प्रयोग भएको छ । यसरी शर्मामा अधिकांश गजलहरूमा लय प्रयोगको स्थिति कमजोर रहेको छ ।

**४.७.४ बिम्ब, प्रतिक तथा अलङ्कार**

डिआर शर्माको पहाडको झरनामा सङ्ग्रहीत गजलहरूमा केही आयोजित तथा स्वत निर्मित रूपमा विभिन्न बिम्ब , प्रतीक तथा अलङ्कार प्रयोग गरिएका छन् । तिनको चर्चा तल गरिएको छ ।

**बिम्बप्रयोग**

डिआर शर्मा पहाडको झरना सङ्ग्रहीत आफ्ना गजलहरूमा विभिन्न विम्बको प्रयोग गरी भावपक्षलाई सघन तुल्याएका छन् । यस सङगहको अध्ययन गर्दा श्रव्यसम्बन्धी बिम्ब, गतिसम्बन्धी विम्ब दृश्यसम्बन्धी विम्ब तापसम्बन्धी विम्बहरूको प्रयोग गरिएको पाइन्छ । तिनका केही उदाहरण तल प्रस्तुत गरिएको छ ।

**गतिसम्बन्धी विम्ब :** *सजिलो नै हुदो रैछ शिखर चढन पनि छ*
*हात समाई छाडी दिदा खुट्टा तान्ने बानी ।*
(पृ. ७)

**तापसम्बन्धी बिम्ब** : *आगो हातमा परेपछि मैन पग्लिएछ*
*एक्लै रातमा परेपछि मैन पग्लिएछ ।*
(पृ.१३)

**श्रव्यसम्बन्धी बिम्ब** : *विहान मिमिरेमा हिमाल हाँसेको राम्रो*
*हिमालमुनि लेकमाम डाँफे नाचेको राम्रो ।*
(पृ. ७८)

**प्रतीक प्रयोग**

डिआर शर्माले **पहाडको झरनामा** सङ्ग्रहीत आफ्ना केही गजलहरूमा अर्थको विशिष्टीकरणका लागि विभिन्न प्रतीकहरूको प्रयोग गरेका छन् । यहाँ प्रयोग भएका प्रतीकको केही उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

*पासाङ बनी जिन्दगीका पाइला तिमी चाल्न सिक*
*बुद्ध बनी मनको मैलो रिसराग फाल्न सिक ।*
(पृ.६१)

*कोरिएको लक्ष्मण रेखा मेटौ मेटिएन*
*रावण बनी तिमीलाई हर्न सकिएन ।*
(पृ. ५८)

*कस्ले रोक्छ फक्रिय र बसन्तको कोपिलालाई*
*उदाउँदो सूर्य कतै हत्केलाले छेकिएला ।*
(पृ.५६)

यहाँ प्रयोग भएका प्रतीकहरूमा पासाङले साहासी , बुद्धले शान्ति, रावणले राक्षसी प्रवृती र सूर्यले जागरणलाई बुझाएका छन् ।

**अलङ्कार प्रयोग**

पहाडको झरनामा सङ्ग्रहीत गजलहरूमा प्रयुक्त बिम्ब तथा प्रतीकहरूको प्रयोगले विभिन्न अलङ्कार सिर्जना गरेका छन् । यहाँ यस सङग्रहमा सङग्रहीत गजलहरूमा आयोजित तथा स्वतनिर्मित रूपमा पाइने अलङ्कारहरू मध्य केही तलका बुदाँमा प्रस्तुत गरिएको छ ।

**पहाडको अनुप्रास अलङ्कार :**

पहाडको झरनामा सङग्रहित गजलहरूमा अनुप्रास अलङ्कारअन्तर्गतका मध्यानुप्रास अन्यानुप्रास, वृत्यानुप्रास आदिको प्रयोग पाइन्छ ।

**शब्दालङ्कार**

**आधानुप्रास** : *मर्छु भन्ने मनको धोको मर्न सकिएन*
*भर्छु भन्थे रित्तो दिल भर्न सकिएन ।*
(पृ.५८)

**वृत्यानुप्रास** : *न दिन सके ओत नै न बन्न सके छहारी*
*भइसकेछ जिन्दगी झरिसकेको पात झै।*
(पृ.५९)

**मध्यानुप्रास** : *विभार थिएँ जतिवेला जुस लिएर आयौ तिमी*
*निको भएँ हृदयमा तुस लिएर आयौ तिमी।*
(पृ.१९)

**अन्यानुप्रास** : *भो बैगुनी अव मलाई विसिदिए हुन्छ*
*गल्ली छाडी सोझो चौडा बाटो लिए हुन्छ।*
(पृ.५)

**अर्थालङ्कार**

**लोकोक्ति अलङ्कार** : *मुखमा भने रामराम बगलीमा छुरा*
*यति वर्ष मनमा कति कुरा कुहाएको।*
(पृ.१)

**प्रश्नालङ्कार** : *जोडी ढुकुर बनी तिमी बाँच्ने मन छैन किन ?*
*बसन्तको आकाशजस्तो हाँस्ने मन छैन किन ?*
*(पृ. २१)*

**उपमा अलङ्कार** : *पोखराका अवलाझै चञ्चल रूपा तालका माछा*
*जता हेर्‍यो प्रकृतिको छटा त बबाल रहेछ।*
(पृ.१८)

### ४.७.४ भाषा

डिआर शर्मा पहाडी झरनामा विभिन्न खाले तत्सम तदभव र आगन्तुक शब्दको प्रयोग छन् । तिनलाई तल चर्चा गरिएको छ । शब्दप्रयोग पहाडको झरनामा सङ्ग्रहित गजलहरूमा विषयवस्तुको अनुकूल तत्सम, तदभव र आगन्तुक शब्दहरूको प्रयोग भएका छन् । तत्सम शब्दको प्रयोग भएका छन् । तत्सम् शब्दको प्रयोग गर्ने क्रममा गजलकारले आफ्ना गजलहरूमा नेपाली जनजिब्रोले प्रयोग गर्ने क्रममा पचाइसकेका संस्कृत शब्द चयन गरेका छन् । उदाहरण लागि हत्या, आतङ्क, तारा, हृदय, भगवान आदि जस्ता शब्दहरूलाई लिन सकिन्छ । यसैगरी पहाडको झरनामा सङ्ग्रहीत गजलहरूमा विभिन्न स्रोतका आगन्तुक शब्दहरूको पनि प्रयोग पाइन्छ । उदाहरणका लागि पयर, इमान फाइल, सहर आदि जस्ता शब्दहरूलाई लिन, सकिन्छ । यसरी डिआर शर्माले पहाडको झरनामा सङ्ग्रहित गजलहलरुमा विभिन्न आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । तापनि ती मध्ये अधिकाश नेपाली जनविब्रोमा सामान्य रूपमा प्रयोग र प्रचलनमा आइसकेका शब्दहरू नै पाइन्छन ।

### ४.७.६ निष्कर्ष

डिआर शर्मा प्रस्तुत पहाडको झरना भित्र एकानब्बे ओटा गजलहरू समावेश गरिएका छन् संख्यात्मक रूपमा बाक्लो देखिने गजलहरूमा विषयवस्तुको पनि बाक्लो उपस्थिति देखिन्छ उनका गजलहरूमा विम्ब तथा अलङ्कारहरू को प्रयोग पनि पाइन्छ भने प्रतीक प्रयोग पनि सचेतना देखिन्छ । समग्रमा उनका गजलहरू सरल र सहज रहेका छन् ।

# पाँचौ परिच्छेद
# उपसंहार

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत धवलागिरी अञ्चलमा पर्ने पर्वत जिल्ला एक सानो जिल्ला हो । यो जिल्लाको पूर्वमा काश्की र स्याङजा दक्षिणमा स्याङजा र गुल्मी, पश्चिममा गुल्मी र बागलुङ र म्याग्दी उत्तरमा म्याग्दी जिल्ला पर्दछ । २८$^{0}$' १९$^{0}$ देखि २८$^{0}$ २३$^{0}$ ४९$^{0}$ असाम र ८३$^{0}$३३$^{0}$४$^{0}$ 'देखि ८३$^{0}$ ४९$^{0}$३०$^{0}$ देशान्तर मा रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल ५३६.८३ वर्ग कि.मी. रहेको छ । विभिन्न खोलानाला ताल तलाउ बन जङगल भएको पर्वत जिल्लामा विश्रित जलवायु पाइन्छ । सामाजिक सांस्कृतिक र धार्मिक तथा साहित्यिक दृष्टिले पर्वत जिल्ला उल्लेखनीय देखिन्छ ।

पर्वत जिल्लाको लिखित साहित्यक इतिहास खोतल्दा आधुनिक कालमा आएर 'शारदा' (१९९२) को प्रकाशन पछि गोमादेवी उपाध्याय वि.स. १९९४ मा 'जलन' शीर्षकको कविता प्रकाशन गरेर पहिलो साहित्यकार भएकी छन् । पर्वतजिल्लाको लेख्य साहित्य परम्परालाई अघि बढाउनेक्रममा कृष्ण बम मल्ल मोहनबहादुर मल्ल, कालीभक्त पन्त, भवानी शंकर उपाध्याय नारायणप्रसाद उपाध्याय, यज्ञप्रसाद सुवेदी टीकाराम उपाध्याय अर्याल, दण्डपानी शर्मा शान्तिनारायण श्रेष्ठ, श्यामानन्द पौडेल, चन्द्र मल्ल, दयाराम रिजाल, अविनाश श्रेष्ठ हिरामणी शर्मा पौड्याल, बलाराम उपाध्याय रेग्मी, रत्नराज पाण्डे, खडकराज गिरी, इन्द्रकुमार विकल्प हरिहर पोखरेल, लक्ष्मीराज शर्मा पौडेल, टुकनाथ रेग्मी कशुमाकर न्यौपाने, नारायणप्रसाद जोशी प नारायणप्रासद पौडेल, हरिकृष्ण आचार्य, मुरलीधर शर्मा, पूर्ण बहादुर कार्की, सदानन्द अभागी, कृष्णादेवी शर्मा, भरत विवश, शङ्ककर लामिछाने, मञ्जु गुरुङ्ग, विष्णु अदिप्त, झलक गुरुङ, थानेश्वर गौडेल, मदन सापकोटा, छवि सुवेदी, केदारनाथ रेग्मी, रामप्रसाद आचार्य, विक्रम विवश, कृष्णप्रसाद पारजुली, अर्जुन उजाड, षडानन्द पौडेल, शोभाकान्त गौडेल, सरस्वती शर्मा 'जिज्ञासु', दयाराम पौडेल, गोपाल प्रसाद भुषाल, बैकुण्ठ भुषाल आदि साहित्यकारहरको योगदान महत्त्वपूर्ण रहेको छ ।

पर्वत जिल्लामा वि.स. २०५४ सालमा जन्मिएको गजलले इन्द्रकुमार विकल्प शान्तिनारायण श्रेष्ठ, साधना प्रतीक्षा विक्रम विवश आदिका गजलहरू मार्फत पत्रपत्रिका मा बामेसर्न सिक्यो र २०६० मा शान्तिनारायण श्रेष्ठको **'अनुभुती**सँगै यस परम्पराले प्रकाशनका तहमा पनि गति लिन थालेको पाइन्छ । यसपछि प्रकाशित सङ्ग्रहमा इन्द्रकुमार विकल्पको **लालीगुराँस** फुल्ने मन रेणुका जि.सीको **ज्वलनका अभिव्यक्तिहरू**, सरस्वती शर्मा 'जिज्ञासु'को **हुस्सुभित्रको घाम** मिलन विछोड कार्किको **विछोडका चोटहरू** र **प्रतिक्षित नयनहरू** कृष्ण देवी शर्माको **निर्झरिणी** विक्रम विवशको **जेल जिन्दगी** शान्तिनारायण श्रेष्ठको **अजम्मरीमाया**, उषा

आचार्यको **उषाका किरण** डीआर शर्माको **पहाडको झरना** इन्द्रमान खत्रीको **मनको तृष्णा** गरि बाह्र वटा गजल सङ्ग्रह हाल सम्म भेटिएका छन् ।

यस शोधपत्रमा यिनै गजल सङ्ग्रहमा सङ्ग्रहीत गजलहरूको अध्ययन एवम् विश्लेषण गरिएको छ । यस क्रममा पर्वतेली गजलहरूमध्ये केही राम्रा गजलकारका रूपमा देखिन्छन भने केही सिकारु अवस्थामै रहेको पाइन्छ । यस शोधपत्रमा गजलहरूको विश्लेषण संरचना, विषयवस्तु लय, बिम्ब प्रतीक अलङ्कार र भाषाशैलीका आधारमा गरिएको छ । संरचनाका आधारमा केही गजलकारहरूमा काफिया प्रयोगमा सामान्य कमजोरी रहे पनि अन्य सन्दर्भमा सबै सचेत सामान्य रहेको पाइन्छ भने विषयवस्तुको प्रयोगमा समकालीन नेपाली परिवेशमा चलिरहेको युद्ध र त्यसबाट नेपाली जनताले भोग्नु परेको पीडातर्फ अधिकांश गजलकारको ध्यान गएको पाइन्छ साथै राजनीतिक विकृति र विसङगति प्रतिको व्यङ्गय शृङ्गारिकता, गरिबी, भष्टाचार, नातावाद, कृपाबाद र मायाप्रेमा पर्वतेली गजलकारहरूको मुख्य विषयवस्तुगत प्रवृति बनेको छ ।

विषयवस्तुगत प्रस्तुतिमा आधारमा हेर्दा शान्तिनारायण श्रेष्ठ, इन्द्रकुमार विकल्प, विक्रम विवश, कृष्णादेवी शर्मा, इन्द्रमान खत्री, डिआर शर्मा जस्ता गजलकारहरू अब्बल दर्जामा रहेका छन् । लय प्रयोगका दृष्टिले अधिकांश गजलकारहरू पूर्णरूपमा सचेत छैनन् । बिम्ब ,प्रतीक तथाअलङ्कार प्रयोगमा सबै गजलकारहरू सचेत र सफल छन् । भाषा प्रयोगमा तत्सम तद्भव तथा आगन्तुक शब्दहरूको उचित प्रयोग भएको पाइन्छ भने कतै कतै भाषिक विचलन रहेको छ तापनी पर्वतेली गजलकारहरूको भाषा सरल र सहज बोधगम्य रहेको छ ।

यी बाहेक सङ्ग्रह प्रकाशन नगरेका र पत्रपत्रिकामा निरन्तर गजल प्रकाशन गरेर पर्वतेली गजल परम्परालाई अघि बढाउन मद्दत गरिरहेको फुटकर गजलकारहरू साधना प्रतिक्षा ,लीलानाथ असन्तोषी, शङ्कर लामिछाने कविभाइ गोपाल भुषाल, मुरलीधर शर्मा, सुदिप क्षेत्री 'निर्दोष', षडानन्द पौडेल, आर. के. अदीप्त गिरी, सङ्गीत श्रोता, प्रकाश चञ्चल, किशोर सापकोटा, भरत विवश, गणेश जिसीं राजन लामिछाने, हेमा कार्की वैवभदीप श्रेष्ठ , राजु वि.क. मनोहर पौडेल, गोपालप्रसाद आचार्य, विनिशा क्षेत्री, अनुमौनता, प्रनिश गिरी, अन्जान बाबु, निर्मला रेग्मी लक्ष्मण शर्मा 'खडेरी', नवराज शर्मा 'आजाद', स्पन्दन रिमाल, कृष्णप्रसाद गाजल, सुमन ढकाल आगो रुद्र सापकोटा, रमेश तिवारी, निरु के.सी.'अश्रु', सन्तोष वियोगी, सुजीना के.सीं, प्रवेश सुवेदी, सरस्वती भण्डारी विन्दु, पूर्णिमा के.सी., जयन्ती गौडेल, जगन्ननाथ पौडेल सागरबाबु सुत्रप्रसाद पौडेल, शङ्कर उद्वेग, उचित पन्त, मानदेव क्षी लक्ष्मी गौडेल, प्रदीप आँसु, राजैन्द्र पहाडी, गोविन्द पहाडी, रामचन्द्र रोदन, श्रीकृष्ण घायल, कृष्णप्रसाद पराजुली, शिशु, अर्जुन उजाड, नवराज रिदम, आदि गजलकारहरूको भूमिका पनि महत्त्वपूर्ण रहेको छ ।

नेपालमा वि.स. १९४० तिरबाट मोतीराम भट्टले भित्रयाएको गजल पर्वत जिल्लामा २०५४) देखि फुटकररूपमा देखापरेर २०६० पछि सङग्रहित हुँदै अघि बढिरहेको छ । यस अवधिमापर्वतमा थुप्रै गजल सर्जकहरू जन्मिएका छन् र तिनका गजलसङग्रहहरू प्रकाशित हुने

क्रम पनि बढ्दो रहेकोछ । छोटो समयमै पर्वत जिल्लामा एक दर्जनमा बढी गजल सङ्ग्रहहरू प्रकाशन भएका छन् भने फुट्कर रूपमा पनि सयौ गजलकारहरूका गजल रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेका छन् भने एफ्.एम्. रेडियो मार्फत प्रसारण पनि भइरहेको पाइन्छन । यसै परिप्रेक्ष्यमा हेर्दा नेपाली गजल परम्पराको विकाशमा पर्वतेली गजलकारहरूको योगदान पनि उलेख्यनीय रहेको छ ।

# सन्दर्भसामग्री


अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्री विशाल, **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन, २०६१ ।

आचार्य, उषा, **उषाका किरणहरु**, मोहनबहादुर मल्ल साहित्य प्रतिष्ठान, मल्लाज, पर्वत,२०६३ ।

अनाममण्डली, **नेपाली गजल विगत र वर्तमान**, काठमाडौँ : अनाममण्डली, २०६४ ।

उदासी, टीकाराम, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास,** नेपाल : अतिरिक्त प्रकाशन, २०५९ ।

…………………, "नेपाली गजल", **भूत , वर्तमान र भविष्य सम्प्रेषण** ४:४, २०६४, पृ.५-६ ।

…………………, "गजल संरचनाको एक चर्चा" **नयाँ युगबोध** १०:२८, २०६५ पृ. ३-५ ।

ऐटम, नेत्र "गजल", **इन्द्रेणी**, ४ : ८, २०५४, मंसिर, पृ. ३ ।

कार्की मिलन विछोड, **विछोडका चोटहरु**, मोहनबहादुर मल्ल साहित्य प्रतिष्ठान, मल्लाज, पर्वत,२०६३ ।

……………., **प्रतिक्षित नयनहरू**, मोहनबहादुर मल्ल साहित्य प्रतिष्ठान, मल्लाज, पर्वत,२०६४ ।

के.सी., विक्रम विवश, **जेल जिन्दगी**, मोहनबहादुर मल्ल साहित्य प्रतिष्ठान, मल्लाज, पर्वत, २०६४ ।

खत्री, इन्द्रमान, **मनको तृष्णा**, पर्वत साहित्य सङ्गम, २०६७ ।

जि.सी. रेणुका, **ज्वलनाका अभिव्यक्तिहरु** मोहनबहादुर मल्ल साहित्य प्रतिष्ठान, मल्लाज, पर्वत, २०६३ ।

जोशी, इन्द्रकुमार, **धौलागिरि स्पन्दन** पर्वत साहित्य सङ्गम, ३:४, २०५९, पृ.८-९

न्यौपाने , घनश्याम 'गजल शैली शिल्प : रचना विधान ' **अनुराग** (वर्ष १ अङ्क ४,२०६१) ।

पराजुली, ठाकुर 'धौलागिरिका केही साहित्यिक गोष्टिहरू र सङ्केत" **धौलागिरिसन्दश** (१.१.२०५२), पृ. २३-२४ ।

प्रेम छोटा "धौलागिरि अञ्चलका साहित्यिक कृतिहरू" **मधुपर्क** (२९:६ २०५३), पृ. २२-२३

बराल ,कृष्णहरि, **गजल सिद्धान्त र परम्परा,** काठमाडौं : साझा प्रकाशन, २०६४ ।

………, **गजल र समकालीन गजलकारका बीचमा नेत्र एटम,** काठमाडौँ: दोभान प्रकाशन, २०६० ।

.................. **गीत : सिद्धान्त र इतिहास**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार,२०६० ।

शर्मा, कृष्णादेवी**, निर्झरिणी** , त्रिवेणी साहित्य प्रतिष्ठान, नवरपरासी, २०६३ ।

शर्मा सरस्वती, **हुस्सुभित्रको घाम**, माधुरी साहित्य प्रतिष्ठान कुश्मा पर्वत, २०६२ ।

शर्मा, डिआर , **पहाडको झरना** , पर्वतसाहित्य सङ्गम, कुश्मा पर्वत, २०६७ ।

श्रेष्ठ, शान्तिरायण, **अनुभूति**, गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्मा, पर्वत, २०६० ।

..................., **अजम्मरी माया,** रवीन्द्ररनाथ श्रेष्ठ, कुश्मा, पर्वत, २०६३ ।

श्रेष्ठ इन्द्रकुमार विकल्प, **लाली गुराँस फुल्ने मन** , हाम्रो मझेरी साहित्य प्रतिष्ठान, भरतपुर, चितवन, २०६२ ।

## परिशिष्ट

### अहिलेसम्म प्राप्त पर्वतेली प्रतिभाले रचेको पहिलो प्रकाशित गजल

*जिउने दिन बित्दै गए सकिए उत्साहका पानाहरू*
*यता हेर्छु उता हेर्छु आकाश छ छानाहरू*

*एक होइन दुई होइन अनेक छन् तानाहरू*
*एता छाम्छु उता छाम्छु प्वालै प्वाल छन् नानाहरू*

*गाउँदा गाउँदै सकिएछन् विरहका गानाहरू*
*कहाँ गएर हात पसार्नु सकिएछन् दानाहरू*

*आसै आसमा मात्र बित्यो बाँच्ने चाहानाहरू*
*के धिक्कार छन् त ? जन्म दिने बा आमाहरू*

इन्द्रकुमार 'विकल्प' को यो गजल पर्वत जिल्लाको सदरमुकाम कुश्माबाट प्रकाशित हुने **कालीको सुसेली** समसामयिक पत्रिकाको वर्ष १, अंक १,२०५४ कात्तिक २३ गतेको पृ.२ मा प्रकाशित भएको छ ।